

# शिक्षक

www.teacher.org.np

मूल्य रु ३०/-

मङ्सिर २०६६

शिक्षक-सरकार सहमति कार्यान्वयनमै शंका

विद्यार्थीसँगै विदेशिँदै छ विदेशी मुद्रा

शिक्षक लाइसेन्स खुल्यो

२५ वर्षदेखि अस्थायी शिक्षक
विश्वरञ्जन पौडेल, [illegible]

# 'राम्रा' शिक्षक कसले छान्ने ?

# अंकुर परामर्श केन्द्रका विशिष्ट सेवाहरूको एक झलक

फ्रेण्ड्स अफ निडी चिल्ड्रेन (Friend of Needy Children -FNC) को मनोसामाजिक परामर्श कार्यक्रमअन्तर्गतको अंकुर परामर्श केन्द्र (Ankur Counseling Center -ACC) विगत तीन वर्षदेखि बालबालिका तथा युवायुवतीहरूलाई विभिन्न समस्या तथा अप्ठ्याराहरूका साथीको रूपमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै आइरहेको छ । यसले बालबालिका, युवा, शिक्षक, अभिभावक, परामर्शदाता तथा विद्यार्थीहरूलाई ध्यानमा राखी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ । यदि कुनै संघसंस्था, विद्यालय तथा व्यक्तिहरू हाम्रा सेवा चाहनुहुन्छ भने सम्पर्क ठेगानाः एकान्तकुना, जावलाखेल, ललितपुर, फोनः ५००००७०, ५५४३२५७, इमेलः info@fncnepal.org, laxmic@fncnepal.org, anubha@fncnepal.org, वेबसाइटः www.fncnepal.org

| | सेवा विवरण | विशेष आर्कषण |
|---|---|---|
|  | परामर्श सेवा<br>Counseling Service | बालबालिका तथा युवाहरूको लागि<br>व्यक्तिगत तथा अन्य परामर्श सेवा |
|  | तालिमहरू<br>Training | 1) Basic Counseling Training<br>2) Cognitive Behavior Therapy(CBT)<br>3) Child parent relationship Therapy(CPRT)<br>4) Positive Discipline<br>5) Effective Communication skills and<br>6) so on........ |
|  | अभिमुखिकरण कार्यक्रमहरू<br>Orientations | 1) Stress Management(Creative Movement Therapy-CMT)<br>2) Grief Management<br>3) Positive Discipline<br>4) Mothers Capacity Building Training<br>5) Sex and Sexuality<br>6) How to identity psychological problems among children<br>7) Effective parenting<br>8) Self esteem improvement<br>9) Life skills<br>10) Adjustment<br>11) Need Based(on demand) packages |
|  | विद्यालयहरूको लागि कार्यक्रम | 1) Observation project for children (Behavioral, Emotional, physical and psychosocial aspects)<br>2) How to identify psychological problems as a teacher and staff<br>3) Dealing/or teacher students interpersonal relationship specially children with different challenges<br>4) Stress management program for Teachers and support staff |

## सेवार्थीहरूका केही भनाइहरू

- 'यहाँबाट मैले सकारात्मक सोचको विकास गर्न सकें ।'
- 'द्वन्द्व विचार स्पष्ट भयो ।'
- 'यस्तो संस्था हामी जस्तो बाहिरी (सामुदायिक) सेवार्थीको लागि एकदम आवश्यक छ र यो सेवा अझ बढाउनुपर्छ ।'
- 'मेरो डर यहाँ आएर हरायो ।'
- 'मैले मलाई पाएँ ।'
- 'तपाईंसँग मनको पीर राख्न पाउँदा मन हलुका भयो ।'
- 'मैले ध्यान केन्द्रित गर्न सकें ।'
- 'मेरो डिप्रेशन कम भयो ।'
- 'मैले मेरो जीवनको लक्ष्य निर्धारण गर्न र निर्णय लिनलाई परामर्शले सक्षम बनायो ।'
- 'यहाँ मलाई रमाइलो र आनन्द लाग्छ ।'
- 'मेरो पालो कहिले आउँछ ? मलाई कहिले बोलाउने ?'

# शिक्षक मासिक

जिप्रका लपु दर्ता नं ५३/०६५/०६६

वर्ष २ पूर्णाङ्क २०


मङ्सिर २०६६
Nov-Dec 2009


## शिक्षक छनोट

# योग्यभन्दा 'आफन्त'लाई प्राथमिकता

पृष्ठ २४-३०

प्रमोद आयाम



## कि स्थायी गर कि हटाऊ !

२०४१ सालदेखि लमजुङका विभिन्न स्कूलमा अस्थायी शिक्षक रहँदै आएका **विश्वरञ्जन पौडेल** आफू जस्ता अस्थायी शिक्षकलाई स्वतः स्थायी गरिनुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएका छन् । सरकारले शिक्षक नियुक्ति प्रक्रियालाई व्यवस्थित गरेको भए पौडेल अहिलेसम्म अस्थायी शिक्षक रहने थिएनन् ।

*आवरण तस्विरः मारियन मिलर*

## शिक्षक-सरकार सहमति

# कार्यान्वयनमै शङ्का

रिपोर्ट १०

बाबुराम विश्वकर्मा





गतिविधिः शिक्षक लाइसेन्सको जाँच मङ्सिरमा ■ दैलेख स्कूल परियोजना चालु ■ माओवादी शिक्षकहरू आन्दोलनमा ■ शिक्षकको रिटमा कारण देखाउ आदेश ■ सरकारी स्कूलमा इन्टरनेट ■ चुनावबाट शिक्षक नियुक्ति पृष्ठ ७-९

| | | |
|---|---|---|
| विद्यार्थीसँगै विदेशिँदो छ पैसा | प्रमोद आयाम | १८ |
| राजविराज डायरीः चिन्ता- चिट र चन्दाको | बाबुराम विश्वकर्मा | २२ |
| संवादः केन्द्रबाट लाइसेन्स, स्कूलबाट नियुक्ति | | ३१ |
| विकसित देशमा शिक्षक छनोटः जिम्मा निजी कम्पनीलाई | राजकुमार बराल | ३७ |
| अनुभवः आयोग नै उत्तम | चोलेन्द्रकुमार पण्डित | ४० |
| विचारः जसरी पनि राम्रा शिक्षक | भोला दाहाल | ४२ |
| विचारः भावी संविधान र गुणस्तरीय शिक्षाका शर्त | केशव भट्टराई | ४४ |
| नेपाल अध्ययनः जीव प्रजातिहरूको नाम 'नेपाल' | डा. तीर्थबहादुर श्रेष्ठ | ४६ |
| कक्षा कोठाः कागजबाटै गणित शिक्षा | हरिनारायण उपाध्याय | ४८ |
| कक्षा कोठाः गणितमा सृजनशीलता | टीकाराम पोखेल | ५४ |
| Give a task, let the students speak | Prem Phyak | ५६ |


### स्तम्भ


विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, सुझाव र प्रतिक्रिया ४, फुर्सद ५९, जम्काभेट ६४



हिमाल एसोसिएसनका लागि **वसन्त थापा** द्वारा प्रकाशित, **सम्पादकः** राजेन्द्र दाहाल
**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **विशेष संवाददाताः** बाबुराम विश्वकर्मा

**कार्यालयः** *शिक्षक* **मासिक,** पाटनढोका, ललितपुर, **पो.ब.नं. १६६, ललितपुर,** फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६
फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# ‘हाम्रा’ होइन ‘राम्रा’ शिक्षक

करिब दुई वर्षअघिको कुरा हो, चर्चित र लोकप्रिय भारतीय टेलिभिजन कार्यक्रम इन्डियन आइडलमा दर्शकहरूको मतबाट कलाकार छानिने क्रम चलिरहेको थियो। एकपटक एकदमै राम्रो गायकी भएकी एउटी कलाकार दर्शक मतका आधारमा बाहिरिइन्। त्यस दिन निर्णायकको कुर्सीमा बसेका कवि-लेखक जावेद अख्तरले दर्शकहरूसित साह्रै चित्त दुखाएर भने, “भारतीय लोकतन्त्रको बेहाल किन र कसरी भइरहेको छ भन्ने कुरा तपाईंहरूको मतदानको ढाँचाबाट देखिएको छ। तपाईंहरू गुण र क्षमता हेर्नु हुन्न। तपाईंहरू कुनै पनि व्यक्तिलाई नाता-सम्बन्ध, आफूसितको निकटता, उसले बोल्ने भाषा, उसको धर्म जस्ता कुराबाट मूल्याङ्कन गर्नुहुन्छ र उसलाई पद वा पुरस्कार दिलाउनुहुन्छ। यसो गर्दा तपाईंलाई ठूलो बहादुरी गरेँ भन्ने लाग्दो हो। तर, यसको मूल्य तपाईंका सन्ततिले चुकाउनुपर्नेछ।”

मान्छे छान्ने यो प्रवृत्तिले हाम्रो देशमा पनि नराम्रोसँग जरा गाड्न थालेको देखिन्छ। निर्वाचन गरेर जनप्रतिनिधि पठाउँदा होस् वा कुनै पुरस्कारका लागि मान्छे छान्दा- हामी राम्रा मान्छे भन्दा हाम्रा मान्छेलाई च्याप्न थालेका छौँ। अहिले यसको सबैभन्दा ठूलो समस्या जागिरको सन्दर्भमा देखिएको छ। जागिर दिने बेलामा राम्रो मान्छे हेर्ने चलन हराइसक्यो भन्दा हुन्छ, सबैलाई हाम्रा (आफ्ना) भए पुग्ने भएको छ।

> **जागिर दिने बेलामा राम्रो मान्छे हेर्ने चलन हराइसक्यो भन्दा हुन्छ, सबैलाई हाम्रा (आफ्ना) भए पुग्ने भएको छ।**

यहाँ हाम्रो सन्दर्भ सधैँ झैँ शिक्षा र शिक्षक नै हो। समाजमा शिक्षकको ठूलो मर्यादा छ किनभने उनीहरू अरूको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने पेसाकर्मी हुन्, शिक्षक सबै पेसाको जननी हो। एउटा असल शिक्षकले समाजलाई बाटो देखाउन सक्छ र मुलुकलाई योग्य नागरिकहरू दिन सक्छ। तर, एउटा स्कूलमा एउटा मात्र शिक्षक पनि अयोग्य र प्रतिबद्धतारहित नियुक्त भयो भने त्यसले एउटा राम्रो शिक्षकको ठाउँ मात्र ओगट्ने होइन, उसले खराब प्रवृत्ति र कुसंस्कारको थालनी पनि गर्छ।

यो कुरा सबैलाई थाहा छ, तर अधिकांश मानिसहरू मौका पर्नासाथ ‘हाम्रो मान्छे’को मोहमा परेको देखिन्छ। विडम्बना के छ भने, सरकारले वा प्रतिपक्षीले कतै आफ्नो मान्छे नियुक्त गऱ्यो भनेर एकदमै आक्रोशित हुनेहरू नै मौका पर्नासाथ ‘हाम्रोवादी’ हुन पुग्छन्। अहिले शिक्षक नियुक्तिमा देखिएको हाम्रोपनको ताण्डवमा सरकारलाई दोष दिने ठाउँ थोरै छ (भए पनि त्यो असल नियम कानून बनाउन नसकेकोमा मात्र सीमित हुन्छ) र त्यो दोषमा म आफू कति भागिदार छु भन्ने कुरामा हामी सबैले ध्यान दिन आवश्यक छ।

यसमा दुईवटा पक्ष जिम्मेवार देखिएका छन्: पहिलो वर्गमा पर्छन्, स्कूलहरूमा आफ्ना मान्छे घुसाउन खोज्नेहरू। सामान्यतया यसमा राजनीतिक दलहरू अगाडि देखिन्छन्। तर, भुक्तभोगी प्रधानाध्यापकहरूको भनाइअनुसार जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरू पनि मान्छे घुसाउनमा कम छैनन्। उनीहरू आफ्नो आर्थिक, राजनीतिक वा व्यक्तिगत स्वार्थसिद्ध गर्नकै लागि निमुखा जनताका चिचिला छोराछोरीको भविष्य निर्माण गर्ने ठाउँमा कच्चा मिस्त्रीहरू पठाउँछन् भन्ने कुरा कसैबाट छिपेको छैन।

तर, सबै दोष राजनीति गर्ने वा शैक्षिक प्रशासनको डाडुपन्यूँ लिएकाहरूको हो भनेर (त्यो पनि नसुन्ने गरी मात्र भनेर) उम्किन खोज्ने अर्को वर्ग पनि यसका लागि कम जिम्मेवार छैन। त्यो हो- शिक्षकवर्ग। आफूले पढाउने स्कूलमा अयोग्य व्यक्तिहरू नियुक्त भएर आउँदा सम्पूर्ण स्कूलको इज्जत, प्रतिष्ठा, शैक्षिक वातावरण र संस्कार बिग्रिन्छ भन्ने जान्दाजान्दै पनि बलमिच्याइँ सहने शिक्षकहरूले पनि अर्कातिर मात्र औँला देखाएर उम्किन पाउँदैनन्। प्रधानाध्यापक र अन्य शिक्षकहरूमा आफ्नो स्कूलमा गलत मान्छेलाई स्वीकार नगर्ने प्रतिबद्धता भएमा हस्तक्षेपकारीहरू स्वत: हतोत्साहित हुन्छन्। बिर्सनु नहुने कुरा के छ भने, अहिले शिक्षकको जागिर कानूनत: दह्रो छ र उनीहरूले असत्य र अनाचारका विरुद्धमा अडान राखेर नै त्यो दह्रोपनको सबभन्दा राम्रो सदुपयोग गर्न सक्छन्।

स्कूलहरूमा अयोग्य (वा कमयोग्य) शिक्षकहरू भित्रिनु भनेको उसले योग्य व्यक्तिको भाग खायो भन्ने कुरा मात्र होइन। मुलुकले अर्बौं रुपैयाँ खर्चेका सरकारी/सामुदायिक स्कूलहरू राष्ट्रिय सम्पत्ति हुन् र त्यहाँ अयोग्य व्यक्तिहरू घुसाउनु भनेको राष्ट्रघात पनि हो। धेरैजसो शिक्षकका छोराछोरी पनि त्यहीं पढ्छन्। कतिपय स्थानीय नेता कार्यकर्ता पनि आफ्ना छोराछोरीलाई ‘बोर्डिङ’मा पठाउने हैसियतमा पुगिसकेका छैनन्। निर्णय हाम्रो हो, पढाउने नाममा आफ्ना छोराछोरीलाई अयोग्य शिक्षकका हातमा दिने कि गलत तरिकाले शिक्षक नियुक्त गर्ने परिपाटीको प्रतिवाद/प्रतिकार गर्ने ?

मानौं हाम्रा छोराछोरी सरकारी/सामुदायिक स्कूलमा पढ्दैनन् त्यसैले स्कूलमा जो आए पनि हामीलाई व्यक्तिगत रूपमा फरक पर्दैन। त्यसैले हामी स्कूलमा गलत मान्छे पसेको जान्दाजान्दै पनि प्रतिवाद गर्दैनौँ। यदि हामी यो विचारबाट चल्दैछौँ भने ठूलो गल्ती गर्दैछौँ। यसबाट हाम्रो नैतिक बलमा ठूलो क्षय हुन्छ। हामी राज्यले वा अरूले गरेको गलत काम वा गलत नियुक्तिको विरोध गर्न नैतिक अधिकारबाट समेत वञ्चित हुन्छौँ।

## 'मैले पढाउन जानिनँ'

एकादेशमा चारुदत्त नामका एकजना नामी ज्ञानी र गुणी गुरु थिए। उनी मानिसहरूलाई अर्ति-बुद्धिदेखि ओखतीमूलोसम्म दिन्थे। त्यसैले मानिसहरू धेरै कुरामा उनीसित सल्लाह माग्थे। धेरै मानिसहरूमा हरेक बिहान गुरुकहाँ जाने र उनीबाट ज्ञानगुनका कुरा सुन्ने बानी नै परिसकेको थियो।

यसरी कति त चारुदत्त गुरुका भक्त नै भइसकेका थिए। उनीहरूलाई पनि गुरुसित सोधेर मात्र निर्णय गर्ने बानी परिसकेको थियो। चक्रपाल त्यस्तै एकजना व्यक्ति थिए, जो गुरुको अनुपस्थितिमा पनि 'गुरुले यसो भन्नुभएको छ' भनेर उल्लेख गरिरहन्थे।

एकदिन बिहान झिसमिसेमै नदीमा नुहाएर फर्कँदै गर्दा परबाट गाउँलेहरूले एउटा मत्ता जङ्गली हात्ती सुँड ठाडो पारेर आफूतिर आउँदै गरेको देखे। सौभाग्यवश त्यो हुलमा राजाको हात्तीसारमा काम गरेका अनुभवी माउते पनि थिए र उनले हात्तीको चालढाल देखेर खतरा अनुभव गरी सबैलाई भाग्ने सल्लाह दिए। सबैले उनको कुरा तुरुन्तै माने र घरतिर भागे। तर, चक्रपालले भने 'गुरुले त सबै प्राणीहरूमा ईश्वरको बास छ भन्नुभएको छ' भन्दै गुरुबाट सिकेको गीताको श्लोक भन्न थाले-

गाई, हात्ती र चाण्डाल कुत्ता सर्वज्ञ ब्राह्मण
ज्ञानीका दृष्टिमा एकै ठहर्छन् बुझ अर्जुन !

उनले त्यति भनी नसक्दै हात्ती हान्निएर उनका छेउमा आइपुग्यो र सुँडले बेरेर फ्याँकिदियो।

अरू सबै भागे र अलिपर गएर एउटा सुरक्षित ठाउँमा बसे। एकछिनपछि हात्ती अलिपर पुगेको देखेपछि उनीहरू चक्रपाललाई खोज्न गए। उनीहरूले चक्रपाललाई झाडीमा अचेत र अधमरो भएर लडिरहेको भेटे र बोकेर गुरुकहाँ पुऱ्याए। धेरै उपचारपछि चक्रपाल बोल्ने भए।

बोल्ने भएपछि उनलाई सबैले किन हामीसित नभागेको भनेर सोधे। चक्रपालको जवाफ उही थियो- "यसै पनि गुरुले सबै प्राणीहरूमा ईश्वरको बास छ भन्नुहुन्छ, त्यसमाथि हात्ती त देउताका रूपमा पुज्ने गरेको प्राणी, त्यसैले नभागेको" जवाफ दिए।

गुरु र गुरुले सिकाएका कुराप्रतिको उनको अन्धभक्ति देखेर सबै हाँसे। तर, गुरुले भने, "तिमीहरू चक्रपालको मूर्खताप्रति नहाँस। चक्रपाल भन्दा मूर्ख त म हुँ जो उसको मप्रतिको विश्वास र भक्तिसित नै दङ्ग परिरहेँ र उसले मैले भनेका कुरा बुझेको छ कि छैन भन्ने कुरामा कहिल्यै ध्यान पुऱ्याइनँ।"

कथासार: आफूले सिकाएको कुरा विद्यार्थीले कसरी बुझेको छ भन्ने कुरामा बेलाबेलामा ध्यान पुऱ्याउने शिक्षकले मात्र असल शिक्षक भएकोमा गर्व गर्न सक्छ।

*www.trivia-library.com बाट साभार*


*शिक्षक* मा

**शिक्षकका संस्मरण !**

तपाईंका रोचक संस्मरण अरूका लागि प्रेरक बन्न सक्छन्!

**त्यसैले,** १२०० शब्दको वरिपरि रहेर तपाईं किन र कसरी शिक्षक बन्नुभयो, शिक्षक जीवन र शिक्षण कार्यका घतलाग्दा घटना, प्रसङ्ग र अनुभव आदि समेटेर संस्मरण पठाउनुहोस्।

२०६६ मङ्सिर १० गतेभित्र हामीकहाँ आइपुग्नुपर्नेछ।
हामीलाई राम्रो लागेको संस्मरणलाई रू.५,००० पुरस्कार दिइनेछ।

*शिक्षक* मासिक, पाटनढोका, ललितपुर, पो.ब.नं. १६६, ललितपुर
फोन: ५५४३२५२, फ्याक्स: ५५४११९६, इमेल: mail@teacher.org.np

# प्रतिक्रिया र सुझाव




## धन्यवादसहित सुझाव

*शिक्षक* मासिकको १९औँ अङ्क (कात्तिक २०६६) मा प्रकाशित 'स्कूल सुधार्ने नयाँ उपक्रम' शीर्षकअन्तर्गत विश्लेषणमूलक सामग्रीहरू शिक्षाका नीति-निर्माता र बौद्धिक व्यक्तिहरूले अध्ययन गर्नै पर्ने लाग्यो। त्यस्तै लक्ष्मीप्रसाद देवकोटाको जन्म महिना कात्तिक भएकोले देवकोटासँग सम्बन्धित उनकै 'शिक्षा' निबन्ध र 'महाकविको नेपाल' विषयमा डा. तीर्थबहादुर श्रेष्ठको लेख पनि सान्दर्भिक छन्।

'महाकविको नेपाल' विषयक लेखमा ' नैरक्षिक मुलुक', 'नैरक्षिक प्रदेश (Tropocal zone)' जस्ता शब्दहरूको बारम्बार प्रयोग भएको पाइयो। देवकोटाको 'के नेपाल सानो छ?' भन्ने निबन्धमा पनि नैरक्षिक मुलुकहरू भन्ने शब्द प्रयोग भएको छ। तर, नैरक्षिक शब्दको अर्थ शब्दकोशमा भेटिन्न। त्यसैले यो शब्द नयाँ आगन्तुक वा प्राविधिक कुन शब्द हो? या भुलवश यस्तो भएको हो कि? यसबारेमा स्पष्ट पारिदिनुहोला।

**रामप्रसाद पाण्डेय (नेपाली)**
**श्री भगवती नमुना उमावि, मिर्मीदाव, स्याङ्जा**

***(टिप्पणीः 'नैरक्षिक प्रदेश' हामीले पनि हाल उपलब्ध शब्दकोशहरूमा फेला पार्न सकेनौँ। तर, संस्कृतमा 'निरक्षः' को अर्थ भूमध्यरेखा हुन्छ र भूमध्यरेखा उत्तर वा दक्षिणका रातदिन बराबर रहने मुलुकहरूलाई निरक्षदेशः भनिन्छ। देवकोटाले निरक्षबाट नै नैरक्षिक बनाएका हुन् भन्ने हाम्रो बुझाइ हो। मूल शब्द संस्कृत भएको र 'इक' प्रत्यय लाग्दा पहिलो अक्षरको इकार ऐकार हुने संस्कृतको सामान्य नियम अनुसार (उदाः विकल्प=वैकल्पिक) बनाइएको हुनाले वैयाकरणीय दृष्टिबाट पनि यो शब्द स्वाभाविक लाग्छ।)***

## शब्दखेलमा अझै ध्यान पुगेन

कात्तिक महिनाको *शिक्षक* अङ्क समयमै हात पर्‍यो, खुसी लाग्यो। सबै सामग्री पठनीय र सङ्ग्रहणीय रहेछन्। तर पनि फुर्सदअन्तर्गतको शब्दखेलमा भएका गल्ती- ठाडो ८ मा सङ्कट वा दुःखद् अवस्थामा उद्धार गर्ने काम। बचाउको रक्षा हुन्छ, तेर्सो १३ मा नुनिलो पदार्थ नुन वा लवण हुन्छ। यदि ठाडो ८ को रक्षा भए तेर्सो १३ मा क्षार राख्नुपर्ने हुन्छ। तर, क्षारको स्वाद नुनिलो नभई टर्रो हुन्छ। नुनिलो पदार्थ कि नुन कि लवण हुनुपर्ने।

साथै *शिक्षक* मासिक बढी राजधानी र सदरमुकामकेन्द्रित भए जस्तो लाग्यो। आक्कलझुक्कल बाहेक बाहिरि जिल्ला र गाउँका रिपोर्टहरू प्रकाशित हुँदैनन्। करिब एक वर्षसम्म मैले शिक्षक मासिक नियमित रूपले पढ्ने मौका पाएँ। तर, तनहुँ जिल्लामा शिक्षक ले राम्रा/खराब शिक्षक/विद्यालय भेटेको पाइनँ।

**चन्द्रमणि अर्याल**
**श्री मङ्लोदय मावि, भानुमती-३, तनहुँ**

## राम्रो लाग्यो

*शिक्षक* मासिकको २०६६ असोज (१८औं) अङ्कमा समाविष्ट सम्पूर्ण लेख, रचना सर्वोत्कृष्ट एवम् रोचक र उपयोगी लागे। रेडियो नाटक 'देशलाई चाहिएका उत्तम सर' शीर्षकको सामग्री मार्मिक लाग्यो।

यो नाटक शृङ्खलामार्फत सम्पूर्ण शिक्षकहरूमा जिम्मेवारी र कर्तव्यबोधको सन्देश पुगोस्।

**करनसिंह सुतार 'विवश', बी.एड. दोस्रो वर्ष**
**सुदूरपश्चिमाञ्चल क्याम्पस, धनगढी, कैलाली**

## हुलाकमार्फत पुरस्कार पठाइयोस्

२०६६ असोज अङ्कका सबै सामग्रीहरू स्तरीय छन्। विशेषगरी जयप्रकाश श्रीवास्तवको 'दश कक्षाको विज्ञान : सञ्चालन र मूल्याङ्कन कसरी गर्ने?' पठनीय लाग्यो। आउँदा अङ्कमा क्रमशः 'नौ कक्षाको विज्ञान', 'आठ कक्षाको विज्ञान' गर्दै प्रकाशित गर्न सकिएला? यसो भएमा विज्ञान शिक्षण गर्न आउने नयाँ पुस्ताका शिक्षकलाई सहयोग मिल्नेथियो। फुर्सद, सुडोकु तथा अन्य स्तम्भमा सहभागी हुँदा पठनीय सामग्री नकाटिने व्यवस्था गर्नु भएकोमा धन्यवाद। साथै; शिक्षकप्रति केही गुनासाहरू व्यक्त गर्न चाहन्छु। आशा छ, यसप्रति सुनुवाई हुनेछ।

- 'फुर्सद'का विजेतालाई पुरस्कार हुलाक मार्फत पठाउने व्यवस्था हुन सक्छ कि सक्दैन? रु.१००० लिन काठमाडौं आउँदा मेची वा महाकालीतिरका पाठकका करिब चार/पाँच हजार रुपैयाँ खर्च हुन्छ भने पाइन्छ जम्मा रु.७५० कर कटाउँदा।
- 'फुर्सद'को कुपन काटेर पठाउँदा पठनीय र सङ्ग्रहणीय सामग्री काटिने हुनाले इच्छा हुँदाहुँदै पनि सहभागी हुन पाइँदैन।

**चन्द्रमणि अर्याल,**
**दुलेगौंडा-८, तनहुँ**

***(टिप्पणीः परिचय, माध्यम र ठेगाना भरपर्दो लागेमा पुरस्कार पठाउन सकिन्छ। -सम्पादक)***

## समानताको अभ्यास

समानताको अभ्यास (सबैको तलब बराबर) २०६६ असोज अङ्कको समचारले साह्रै खुसी गरायो। धन्यवाद प्रभात मावि परिवारलाई। उक्त विद्यालयले सुरु गरेको समानताको अभ्यासको अनुकरण अन्य विद्यालय एवं अरु निजी विद्यालयले गर्न सके कस्तो हुन्थ्यो होला?

**सुरेश पौडेल**
**खिदिम-६, हरिबोट, अर्घाखाँची**

## तलबमान मिलेन

सरकारले हालै कर्मचारी तथा शिक्षकहरूको तलब वृद्धि गरेको छ। खरिदार (प्रावि तृतीय) को तलब ८,९०० र नायव सुब्बा (निमावि तृतीय वा प्रावि द्वितीय) को तलब १०,५६० कायम गरिएको छ। तलब वृद्धि कर्मचारीका हितका दृष्टिले हेर्दा अत्यन्त सकारात्मक कुरा हो। तर, रकम वृद्धि भए पनि मर्यादाका हिसाबले यो तलब वृद्धिले प्रावि तृतीय श्रेणीबाट बढुवा भएर द्वितीय श्रेणीमा पुगेका शिक्षकहरूलाई अन्याय गरेको देखिएको छ। २०४८ सालमा स्थायी हुने शिक्षकहरूमध्ये एकजना २०६२ सालमा बढुवा भई प्रावि द्वितीय श्रेणी हुने र अर्को जना साविक प्रावि तृतीय श्रेणीमा कार्यरत भएको अवस्थामा अहिलेको तलब वृद्धिले चार वर्षअघि बढुवा हुनेको भन्दा बढुवा नभई तल्लो तहमा रहेको शिक्षकको तलब बढी हुने देखियो। यो तथ्यलाई निम्न उदाहरणबाट स्पष्ट पार्न सकिन्छ।

## यो खाडल पुर्ने कसले हो ?

| सरकारी विद्यालयका शिक्षक | निजी विद्यालयका शिक्षक |
|---|---|
| सरकारी तलब र भत्ता | सबैभन्दा कम तलब |
| स्थायी भए सञ्चय कोष, पेन्सन र अस्थायी भए स्थायी हुने आशा | आज छ भोलिको टुङ्गो छैन, बिदामा पारिश्रमिक कट्टी |
| पेस्की, भत्ता, ग्रेड, काज, बिदा आदि | प्रिन्सिपल, सञ्चालकको डर, धम्की, गाँसै बन्द हुने हो कि भन्ने त्रास |
| सक्षम, राम्रो नातागोता र साथीभाइ सफल | उत्पत्ति नभएको, गरिबको छ ोरो, अन्त जागिर नभेट्टाएर आएको आदि । |
| सरकारी विद्यालयका विद्यार्थी | निजी विद्यालयका विद्यार्थी |
| नेपाली पढ्ने, टाइ बाँध्न नजान्ने | अङ्ग्रेजी बोल्ने, सर्ट-पाइन्ट-टाई-जुत्तामा स्कूल जाने, बोल्न सक्ने |
| गरिबको सन्तान, मैलोधैलो स्कूल जाने, दुइटा किताब बोके हुने | धनीको सन्तान, सफाचट पर्ने, झेलाभरी कापी, किताब र टिफिन बोक्ने |
| घरमा पढ्नु नपर्ने, गृहकार्य गर्नु नपर्ने | गृहकार्य गर्ने |

**सुरेश पौडेल, खिदिम-६, अर्घाखाँची, हालः बुटवल**

**शिक्षक 'क'**
स्थायी नियुक्ति मितिः २०४८ पुस
बढुवा मितिः २०६२/३/३०, हाल प्रावि द्वितीय श्रेणी, तलब स्केलः १०,५६० ग्रेडः ६००, जम्मा तलबः ११,१६०

**शिक्षक 'ख'**
स्थायी नियुक्ति मितिः २०४८ पुस
हाल प्रावि तृतीय श्रेणी, तलब स्केलः ८,९०० ग्रेडः १३५८, (नयाँ ११००, पुरानो २५८) जम्मा तलब ११,२५८

सामान्यतया एउटा तहबाट अर्को तहमा १० ग्रेड नपुगुन्जेल भेट्न हुँदैन भन्ने मान्यता पाइन्छ । तर, खरिदार (प्रावि तृतीय) र नासु (प्रावि द्वितीय वा निमावि तृतीय) मा भने ५ ग्रेडले नै भेट्ने देखिन्छ । ५ पटक बढुवा हुने पियनले पनि खरिदारलाई भेट्न नहुने भन्ने गत वर्ष कुरा उठेको थियो । एउटै मितिमा नियुक्ति हुनेमा बढुवा भएर माथिल्लो तहमा पुगेको व्यक्तिको भन्दा बढुवा नभएर तल्लो तहमा रहेको व्यक्तिको तलब बढी हुन्छ भने योभन्दा हास्यास्पद कुरा अरू कुनै हुन सक्ला ? यस विषयमा अर्थमन्त्री तथा सम्बद्ध निकायको ध्यानाकर्षण गराउन चाहन्छु । यो गल्ती नजानेर भएको हो ? वा यस्तै बनाउन खोजिएको हो ? यसलाई सच्याउन आवश्यक छ वा छैन यो विषयमा *शिक्षक* मासिकमार्फत सम्बन्धित निकायबाट जवाफ पाउने आशा गर्दछु ।

**जीतबहादुर कटुवाल**
**दुर्गा मावि, इटहरा, मोरङ**

## हामी शिक्षकः थरीथरीका

शिक्षक परिवर्तनकामी बन्नुपर्छ । आफू निरन्तर हरियाली, उर्वर, मलिलो भइरहँदा मात्र विद्यार्थीलाई विषयगत सन्तुष्टि दिन सकिन्छ । आफैं जब्बर बाँझो, रुखो, सुक्खा, ओभानो, प्रदूषित भएमा व्यक्तित्व अधोगतितिर जानु त छँदैछ; विद्यार्थी, विद्यालय तथा समुदायबाट तिरस्कृत हुन के बेर ! एउटा शिक्षक, शिक्षककै व्यक्तित्वबाट चिनिनुपर्छ; अन्य कामबाट होइन । मैले मेरा विद्यार्थीलाई सन्तुष्टि दिन सकें/सकिनँ, कुन विधिबाट क्रियाकलाप गर्दा विशिष्ट उद्देश्य प्राप्त हुन्छन् ? कसरी विद्यार्थीलाई सक्षम बनाउन सक्छु ? कठिनभन्दा कठिन विषयलाई कार्यमूलक अनुसन्धानद्वारा समाधान गर्छु भन्ने सोच जारी राख्नुपर्छ । एउटा शिक्षकको प्रमाणपत्र पाइसकेपछि दर्बिलो बनेर कार्य गर्नुपर्छ ।

शिक्षक साथीभाइहरूलाई मैले चाहिँ यसरी वर्गीकरण गरेको छुः

**निष्ठावान् शिक्षकः** आफ्नो पेसाप्रति पूर्ण बफादार रहने, शैक्षणिक कमजोरी पत्ता लगाई सुधार गर्ने, कार्यकुशलतामा विश्वस्त, चोर प्रवृत्ति धारण नगर्ने, अभिभावकसँग भेटघाट तथा परामर्श लिने/दिने, विषयवस्तुप्रति उच्च योग्यता तथा कौशल भएको शिक्षक हुनुको नाताले विविध शैक्षिक गुणले सम्पन्नशाली सामाजिक व्यक्तित्व जो आधुनिककाल अर्थात् वर्तमान राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा उत्पन्न ज्ञान/सीपसँग परिचित हुने, उपल्लोस्तरको पाठक बन्ने विषय विशेषज्ञद्वारा प्रकाशित पुस्तक अध्ययन गर्ने, आफ्नो व्यक्तित्वलाई सुनौलो बनाइराख्ने, पुरातन सोचको अन्त्य गर्ने, विद्यालयमा नवीन संस्कृति निर्माण गर्ने ।

**दलीय शिक्षकः** परिवर्तनका लागि राजनीति अँगाल्नु, पाठ्यक्रम निर्माणमा सङ्घर्ष गर्नु उचित होला । कुनै दलका पछाडि गाँसिएर पेसा बिर्सने नहोला भन्न सकिन्नँ । राजनीतिसँग नगाँसिएको त वस्तु हुँदैन तर दलसँग साइनो लगाउनु शिक्षणमा नसुहाउने हुनसक्छ । केसम्म भेटिए भने, शिक्षण कार्यलाई त्यागेर फलानो दलको फलानो व्यक्तिले चुनावमा नजितेसम्म दाह्री-जुँगा नकाट्ने, माइक तथा झोला बोकेर हिँड्ने, समुदायमा धमिलो असर पुऱ्याउने, मेरो अन्नदाता यही दल हो भन्ने सोच्ने ।

**व्यापारी शिक्षकः** शिक्षण प्रमुख कि व्यापार प्रमुख हो भनी नठम्याउने, यस्ता कार्यमा लाग्नु दलीय राजनीतिको उपहार पनि हो । वस्तु किनबेच गर्ने र नाफाघाटाको हिसाब गर्ने । व्यापारकेन्द्रित शिक्षक शिक्षणकेन्द्रित कम हुन्छ ।

**चाप्लुसी शिक्षकः** व्यक्तित्व आफैंले निर्माण गर्नुपर्छ । यसलाई फिका तथा गाढा बनाउने जिम्मा आफ्नै हो । कसको सरकार, को मन्त्री, कुन शक्तिमा छ त्यसको कक्ष वरिपरि घुम्ने, जिशिअ, विनि, स्रोतव्यक्ति, विव्यससँग कुटिल तालमेल गर्ने प्रवृत्ति ।

**घरप्रेमी शिक्षकः** नेपाल सरकार, शिक्षा मन्त्रालयको नीति शिक्षकलाई घरपायकको व्यवस्था गर्ने रहेको छ । यसप्रति कुनै आपत्ति छैन । कतिपय घरपायक शिक्षकको सम्पूर्ण लगानी विद्यालयमा छ । तर, कतिपयको ध्यान भने शिक्षणतर्फ भन्दा आज मकै छर्नु छ, घाँस काट्नु छ, बाली सोहोर्नु छ, दाउरा काट्नु छ जस्ता विषयतर्फ बढी केन्द्रित देखिन्छ ।

**जाँड शिक्षकः** मादक पदार्थ नभई नहुने, कर्तव्य पतन गराउने, सेवा क्षेत्र वरपरका त्यस्ता व्यक्तिका प्रेरणा बन्ने, प्रतिष्ठा गुमेको याद नगर्ने ।

**पुरातन शिक्षकः** सोचाइ, चिन्तन, आत्मामा नै नवीन प्रवेश निषेध गराउने, समाज/देश/विश्वमा कायापलट भएको होस नपाउने, यस्तै हो चल्दै जान्छ, मैले गरेर केही हुनेवाला छैन भन्ने मनसाय बोकेको ।

**मेजबहादुर बुढा**
**सरस्वती मावि, जैर, हुम्ला**

## शिसेआका गतिविधि समेटियोस्

म *शिक्षक* मासिकको नियमित पाठक हुँ ।

# प्रतिक्रिया र सुझाव



यसभित्र हामी जस्ता कर्मठ शिक्षकहरूको लागि अत्यन्त उपयोगी सामग्रीहरू प्रस्तुत हुने गरेका छन्। यस्तै जीवनोपयोगी र बालसामग्रीहरूका साथै शिक्षकहरूका केही लेख-रचनाहरूले पनि स्थान पाऊन्; जसले गर्दा अन्य शिक्षकहरूलाई अरू लगनशील र कर्मठ बन्न प्रेरणा मिलोस्। यस पत्रिकामा शिक्षक सेवा आयोगका गतिविधिहरू समेत प्रकाशित गर्न पाए अरू उपयोगी हुनेथियो कि !

**सन्तोष लामिछाने, शिक्षक**
**श्री लेकाली बसिफाँट मावि, नामटार, मकवानपुर**

## निजी स्कूलमा शिक्षकको शोषण

निजी स्कूलहरू सहरदेखि गाउँसम्म धमाधम खुलिरहेका छन्। यस्ता स्कूलहरूको व्यवस्थापन, शिक्षण र सिकाइ स्तरीय देखिन्छ। विद्यार्थीहरूको स्तर पनि राम्रो छ। तर, यस्ता स्कूलहरूमा शिक्षण गर्दै आएका शिक्षकहरूको परिश्रम र जिम्मेवारी ज्यादै ठूलो छ। तर, परिश्रमबापत विद्यालयले धेरै न्यून पारिश्रमिक दिने गरेका छन्।

निजी स्कूलमा कार्यरत शिक्षकहरूको तलबमान, सुविधा कम्तीमा पनि सरकारी सरह हुनैपर्ने हो। जबकि परिश्रमको आधारमा हेर्दा सरकारीभन्दा बढी हुनुपर्दछ। यसको लागि निजी स्कूलहरूमा कार्यरत शिक्षकहरूको सङ्गठन र अन्य शिक्षक संघले हेर्नुपर्छ कि पर्दैन? देशभरिका निजी स्कूलमा कार्यरत शिक्षकहरूको भविष्य पनि छैन, वर्तमान पनि छैन। तर, परिश्रम ज्यादै गर्नुपर्छ। उनीहरूलाई उपेक्षा गरिएको छ। यो कहाँसम्मको मिल्दो कुरा हो? या त नेपाल सरकारले निजी स्कूल बन्द गरोस्, होइन भने त्यहाँतिर पनि नजर लगाओस्। सरकारी शिक्षकहरूको तलबमान, सेवा-सुविधा उल्लेख्य रूपमा विगतको भन्दा सान्दर्भिक र निकै सुधारात्मक छ। तर, सरकारी विद्यालयको पढाइको स्तरमा भने सुधार हुनसकेको छैन। सार्वजनिक विद्यालयका प्रत्येक शिक्षकहरूले गहिरोसित चिन्तन गर्नुपर्ने कुरा हो यो।

हो, हाम्रा सार्वजनिक स्कूलहरूमा प्रशस्तै समस्या छन्। तर, एउटा शिक्षकलाई राम्रोसित पढाउन कसैले रोकेको छैन। आफ्नो तर्फबाट सक्ने जति काम नगरेर अन्ततिर समस्या देखाउने प्रवृत्ति हावी हुन गएकोले यस्तो भएको हो। यो शिक्षकको नैतिक समस्या हो।

निजी स्कूलहरूमा विद्यार्थी चाप बढिरहेको छ र सरकारी स्कूलहरू रित्तिँदैछन्। निजी स्कूलहरूको पढाइस्तर राम्रो भएकै कारण यस्तो भएको हो। सरकारी स्कूलका शिक्षकहरूलाई सरकारले व्यर्थमा पालिरहेको छ। वास्तवमा खराब शिक्षकहरूलाई सेवाबाट मुक्त गराउने विशेष कार्यनीति तय गरिनु जरुरी छ।

*शिक्षक* मासिकमा पनि निजी विद्यालय, निजी शिक्षकहरूसम्बन्धी कुनै पनि लेख, रचना, बहस, चिन्तन तथा रिपोर्टहरू नआउनु विडम्बना हो।

**रमेशप्रसाद जोशी**
**चौलानी निमावि, गोकुलेश्वर, दार्चुला**

## सही उत्तर मिलाउनेको नाम आओस्

*शिक्षक* मासिक पत्रिकामा विविध विषयमाथि स्पष्ट चर्चा र शैक्षिक क्षेत्रका विविध मुद्दा, चुनौती, समाधान एवम् शिक्षण क्रियाकलाप सिकाइ क्रियाकलाप सम्बन्धमा पढ्न पाउनु हाम्रो भाग्य सम्झन्छु। त्यसमा राखिएका अन्ताक्षरी, शब्दखेलमार्फत धेरै शब्दको जानकारी पाउने अवसर मिल्दा नियमित पत्रिकाको ग्राहक बनी समस्या समधान गर्ने प्रयत्न गर्दै आएको छु। विजेता घोषणा गर्दा गोलाप्रथा पनि असल पद्धति नै लाग्यो। तर, कम्तीमा सही उत्तर मिलाउनेहरूको नाम, ठेगाना पत्रिकामा उल्लेख गरिए सहभागी प्रतियोगीहरूमा ठूलो जोश जाँगर आउने थियो। यसमा विशेष ध्यान दिँदा कसो होला?

**घनश्याम आचार्य**
**श्री कालिका मा.वि., बाकार्चल-५, खोटाङ**

## 'जालीलाई राजनीतिक अपुताली'

दसौं अङ्कदेखि नियमित रूपमा मेरो मस्तिष्क र हेराइको साथी बन्न सफल यस *शिक्षक* मासिकले हामी जस्ता शिक्षा क्षेत्रमा काम गर्नेहरूलाई मात्र नभएर देशमा रहेका सम्पूर्ण जनताहरूलाई शैक्षिक विश्लेषणको खबर प्रदान गरेकोमा मुरी-मुरी धन्यवाद टक्र्याउँदै आगामी अङ्कहरूको निरन्तर विकास र सम्मृद्धिको उत्तरोत्तर प्रगतिको कामना गर्दछु। *शिक्षक* मासिकका हरेक अङ्कहरू पठनीय र रोचक छन्। जाली प्रमाणपत्र धारी शिक्षकहरूको संरक्षण गर्न राजनीतिक दलको प्रभाव प्रत्यक्ष रूपमा देशभर व्याप्त छ। सोचेभन्दा बढी सङ्ख्यामा रहेका जाली शिक्षकबाट उत्पादित उत्पादनले भविष्यमा जालभित्रको महाजाल बुन्न कति बेर लाग्ला र? दलीय राजनीतिले संरक्षित ती शिक्षक देशको शैक्षिक विकासका पक्कै बाधक पात्र हुन्। शिक्षा क्षेत्रलाई समेत राजनीतिक छविले घेरेपछि सच्चा प्रमाणपत्रधारी शिक्षकको मेहनतलाई कुल्चने र दोषी बनाई पाखा लगाउने गरेकोमा सम्पूर्ण राजनीतिक दललाई यो प्रश्न गर्न सकिन्न र? जालीलाई अझै कति दिइरहने राजनीतिक अपुताली?

**केदारप्रसाद पौडेल, राहत शिक्षक,**
**अमर्खु निमावि, भूमेस्थान-३, धादिङ**

## निजी स्कूलका शिक्षकलाई पनि समेटियोस्

*शिक्षक* मासिक प्रकाशित भएदेखि हरेक महिना नबिराई पढ्दै आएको छु। शिक्षकहरूका लागि मुलुकभित्रबाट प्रकाशित एक मात्र भएका कारण यसले विशिष्ट पहिचान कायम गर्न सफल भएको छ। यसखाले स्तुत्य कार्यका निम्ति *शिक्षक* मासिक परिवारलाई साधुवाद।

शिक्षकहरूको पनि शिक्षक बनेर उदाएको यो पत्रिकाका पाठक सरकारी विद्यालयमा मात्रै नभई संस्थागत विद्यालयमा पढाउनेहरू पनि रहेका छन्। तसर्थ, निजी विद्यालयका शिक्षकका समस्या, विचार, अनुभव, लेख, रचना आदिलाई पनि पत्रिकाले समेटोस् भन्ने हाम्रो हार्दिक आग्रह छ।

साथै, शिक्षकहरूका लागि अतिरिक्त क्रियाकलाप सञ्चालनमा टेवा पुग्ने सामग्री प्रकाशित गरिएमा आभारी हुनेथियौं।

**माधव अधिकारी**
**इन्टरनेसनल पब्लिक स्कूल,**
**महेन्द्रनगर, कञ्चनपुर**

# शिक्षण लाइसेन्सको जाँच मङ्सिरमा

**सरकारले** ११ कात्तिक २०६६ मा शिक्षकका विभिन्न सङ्गठनका प्रतिनिधिहरूसँग गरेको लिखित सहमति कार्यान्वयन गर्ने क्रममा शिक्षक सेवा आयोग नियमावली संशोधन गरेर अध्ययन अनुमतिपत्र (लाइसेन्स) परीक्षाको ढोका खोलेको छ। नयाँ व्यवस्था अनुसार कार्यरत सबै शिक्षक लाइसेन्स परीक्षामा सहभागी हुन पाउने छन्। यसबाट ५ मङ्सिर २०६३ अघि नियुक्ति लिई हालसम्म कार्यरत रहेका शिक्षकलाई अस्थायी अध्यापन अनुमतिपत्र दिन शिक्षक सेवा आयोगलाई बाटो खुलेको सहसचिव अशोककुमार अर्यालले *शिक्षक* लाई बताएका छन्।

आयोगले २७ कात्तिक २०६६ मा गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरी कार्यरत शिक्षकहरूलाई अस्थायी अध्यापन अनुमतिपत्रको परीक्षामा बस्नका लागि दरखास्त पनि आह्वान गरिसकेको छ। अब न्यूनतम शैक्षिक योग्यता पूरा गरी सरकारी, निजी तथा धार्मिक स्कूल (मदरसा, गुम्बा र गुरुकुल) मा कार्यरत तर १० महिने शिक्षक तालिम नलिएका र शिक्षाशास्त्र नपढेका शिक्षकहरूले समेत अस्थायी अध्यापन अनुमतिपत्रको परीक्षामा भाग लिन पाउने छन्। उक्त मापदण्डभित्र पर्ने शिक्षकहरूले आफूले ५ मङ्सिर २०६३ अघि लिएको नियुक्तिपत्र तथा अहिलेसम्म कार्यरत रहेको स्कूलको सिफारिस र शैक्षिक योग्यताको प्रमाणपत्रसहित आयोगमा आवेदन दिनुपर्ने छ। तर, नयाँ व्यवस्था अनुसार अस्थायी अध्यापन अनुमतिपत्र पाउने शिक्षकले २२ कात्तिक २०६८ सम्ममा १० महिने शिक्षक तालिम पूरा गर्नुपर्नेछ। त्यसो नगरेमा उनीहरूको लाइसेन्स स्वतः रद्द हुने छ। प्रावि, निमावि र माविमा कार्यरत शिक्षकका निम्ति अध्यापन अनुमतिपत्रको लिखित परीक्षा ८, ९ र १० माघ २०६६ मा सबै जिल्ला सदरमुकाममा गरिने कार्यतालिका सार्वजनिक गरिएको छ।

आयोगले स्थायी अध्यापन अनुमतिपत्रको स्थगित परीक्षा पनि सञ्चालन गर्न लागेको छ। जसअनुसार, प्रावि र माविको परीक्षा २७ मङ्सिर तथा निमाविको २६ मङ्सिर २०६६ मा हुनेछ। उक्त परीक्षाका लागि देशभरिमा एक लाख २० हजारले आवेदन दिएको आयोगले जनाएको छ।

यसअघि स्थायी अध्यापन अनुमतिपत्रको निम्ति आवेदन दिन छुटाएकाहरूका निम्ति चाहिँ ५ पुस २०६६ सम्म आवेदन दिन पाउने गरी नयाँ सूचना जारी गरिएको छ। नयाँ आवेदकमध्ये प्राविको ८, निमाविको ९ र माविको २० माघ २०६६ मा लिखित परीक्षा गरिने जनाइएको छ।

# दैलेख स्कूल परियोजना चालु

**रातो** बङ्गला फाउण्डेसनले २४ कात्तिक २०६६ मा दैलेखमा आफूले सुरु गरेको *दैलेख स्कूल परियोजना* को औपचारिक सुरुआत गरेको छ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालले रातो बङ्गला फाउण्डेसनको सरकारी स्कूल सुधारको प्रयासमा सरकारको पूर्ण सहयोग र समन्वय रहने बताए। उनले रातो बङ्गलाको प्रयासलाई देशका अरू जिल्लामा पनि विस्तार गर्नुपर्नेमा जोड दिएका थिए। त्यस्तै शिक्षा विभागका सहसचिव खगराज बरालले दैलेख स्कूल परियोजना सार्वजनिक निजी साझेदारीको उपयुक्त नमुना भएकाले उल्लेख गर्दै यसबाट सबैभन्दा बढी शिक्षक लाभान्वित हुने बताए। रातो बङ्गला जस्ता अरू ७४ ओटा निजी विद्यालयले बाँकी ७४ जिल्लामा यस्तो काम काम गरे देशभरिकै सार्वजनिक स्कूलको भविष्य चम्किने बरालको कथन थियो। उक्त कार्यक्रममा परियोजनाका निर्देशक डा. शान्ता दीक्षितले पाँच जिल्लामा हासिल गरिएको अनुभवका आधारमा दैलेख स्कूल परियोजनाको शुरु गरिएकाले यसबाट उक्त जिल्लाका सरकारी स्कूलका क्षमता अभिवृद्धि हुने उल्लेख गरिन्।



कार्यक्रममा क्षेत्रीय शिक्षा निर्देशक विष्णु नेपाल, एनेकपा माओवादीका कर्ण बस्नेतलगायतले परियोजना सफलताको शुभकामना व्यक्त गरेका थिए। यो परियोजनाअन्तर्गत अहिलेसम्म दैलेखका ४४४ सार्वजनिक स्कूलका ८८८ जना प्रअ र व्यवस्थापन समितिका अध्यक्षहरूको निम्ति तीनदिने अगुवा गोष्ठी सम्पन्न गरिएको छ भने ३४ जना प्रावि शिक्षकलाई दुईमहिने सीप विकास तालिम दिइएको छ। परियोजना सफल बनाउन दैलेखका सबै गाविस र नगरपालिकाले चालु आर्थिक वर्षमा ५० हजारका दरले साझेदारी रकम विनियोजन गरिसकेको जनाइएको छ। फाउण्डेसनका अनुसार दैलेखका ४५० प्रावि स्कूलका १ हजार ९०० शिक्षकहरूका निम्ति २९ कात्तिकदेखि शिक्षक तालिम आयोजना गरिएको छ।

# माओवादी शिक्षक आन्दोलनमा



मारियन मिलर

सहमतिको विरोधमा शिक्षा मन्त्रालयमा धर्नामा बसेका माओवादी समर्थित शिक्षकहरू ।

**माओवादीनिकट** अखिल नेपाल शिक्षक सङ्गठनले विद्यालय क्षेत्र सुधार कार्यक्रमको विरुद्धमा आन्दोलन गर्ने जनाउ दिएको छ । १२ कात्तिक २०६६ मा सम्पन्न सङ्गठनको केन्द्रीय समितिको बैठकपछि सो सङ्गठनद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "२०२८ सालको शिक्षा ऐन, विद्यालय क्षेत्र सुधार कार्यक्रम, शिक्षामा कम्पनी ऐन, शिक्षामा वैदेशिक हस्तक्षेप जस्ता शिक्षक, विद्यार्थी र अभिभावकका भावना र चाहना विपरीतका नीति तथा कार्यक्रमको विरोधमा आन्दोलन गरिने छ ।"

शिक्षक-सरकारबीचको वार्तामा नेपाल शिक्षक युनियनले पूर्व सहमति विपरीतको कार्य गरेको भन्दै सङ्गठनले युनियनसँग सहकार्य नगर्ने निर्णय समेत गरेको छ । युनियन र मञ्चले शिक्षकका पेसागत समस्या र तिनको समाधान गर्नका लागि ५ कात्तिक २०६५ मा तत्कालीन प्रधानमन्त्री प्रचण्डलाई संयुक्त रूपमा साझा सुझाव पेस गरेका थिए । शिक्षा क्षेत्रका समस्या समाधान गर्न तत्कालीन शिक्षामन्त्री रेणुकुमारी यादवले गठन गरेको जनार्दन कार्यदलमा पनि मञ्च र युनियनको प्रतिनिधित्व थियो । पछिल्लो पटकको शिक्षक-सरकार वार्तामा पनि दुवै संस्था सहभागी थिए ।

सङ्गठनको बैठकले सङ्गठन खोलेको निहुँमा निजी स्कूलका शिक्षकलाई निकाल्ने क्रम बढ्दै गएको प्रति चिन्ता जाहेर गर्दै त्यसरी निष्काशित शिक्षकलाई सम्मान पुनर्स्थापना गर्न आग्रह गरेको छ । शिक्षकलाई जथाभावी निष्काशन गर्ने क्रम नरोकिए सम्बन्धित संस्थामाथि कडा कारबाही गर्ने चेतावनी पनि दिएको छ । त्यस्तै माओवादीद्वारा गठित संयुक्त राष्ट्रिय जनआन्दोलन समितिले सञ्चालन गर्ने आन्दोलनका कार्यक्रममा सक्रिय सहभागी हुने पनि सङ्गठनले जनाएको छ ।

सङ्गठनको बैठकले सरकारी स्कूलको सुधारमा आफ्नो सङ्गठनमा आबद्ध शिक्षकलाई परिचालन गर्ने निर्णय समेत गरेको जनाइएको छ । अध्यक्ष गुणराज लोहनीले भने, "मौजुदा भौतिक शैक्षिक पूर्वाधारबाटै पनि शिक्षकको प्रयासबाट स्कूल सुधिन्छन् भन्ने सावित गर्न सङ्गठनमा आबद्ध शिक्षकलाई निर्देशन दिइएको छ ।" त्यसो त सङ्गठनले यसअघि आफ्ना सङ्गठनमा आबद्ध शिक्षकका लागि तयार गरेको शिक्षकले पालन गर्नुपर्ने आचारसंहिता पनि बैठकले अनुमोदन गरेको छ । १९ बुँदे उक्त आचार संहितामा आफूले पढाउने विषयमा सम्पूर्ण छात्रछात्रालाई उत्तीर्ण गराउने उद्देश्यका साथ शैक्षिक गुणस्तर बढाउनका लागि क्रियाशील हुने बुँदा राखिएको छ । शिक्षकले पूर्ण तयारीका साथ कक्षामा जाने, स्कूललाई नमुना बनाउन कोसिस गर्ने, आफ्ना छोराछोरीलाई आफ्नै स्कूलमा पढाउने, पूर्व जानकारी गराएर मात्र बिदामा बस्ने, विद्यार्थी र अभिभावकसँग नम्र भएर प्रस्तुत हुनेलगायतको व्यवस्था पनि आचारसंहितामा गरिएको छ ।

# शिक्षकको रिटमा कारण देखाऊ आदेश

**तलब** समायोजनमा सरकारले आफूहरूमाथि विभेद गरेको भन्दै झापाका ४३ जना प्रावि द्वितीय श्रेणीका शिक्षकहरूले २८ असोजमा दायर गरेको रिटमा सर्वोच्च अदालतले २९ असोज २०६६ मा सरकारको नाममा कारण देखाऊ आदेश जारी गरेको छ । लिखित जवाफ परेपछि सो रिटलाई अग्राधिकार दिएर अन्तिम सुनुवाईका लागि पेस गर्न समेत अदालतले आदेश दिएको छ ।

४ साउन २०६६ मा मन्त्रिपरिषद्ले गरेको तलब-भत्ता समायोजनको निर्णयमा प्रावि तृतीयको भन्दा द्वितीय श्रेणीका शिक्षकको तलब कम भएको दाबी गर्दै उनीहरू त्यसविरुद्ध सर्वोच्च पुगेका थिए । रिटमा कानुन विपरीत द्वितीय श्रेणीको तलब तृतीय श्रेणीको भन्दा कम भएको दाबी गर्दै त्यसलाई बदर गर्न माग गरिएको छ । रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयलाई विपक्षी बनाइएको छ । २०६६ असार मसान्तसम्म द्वितीय श्रेणीको तलब तृतीयको तुलनामा ४६० रुपैयाँ बढी भए पनि नयाँ समायोजनमा तृतीयको भन्दा २०० रुपैयाँ कम भएको शिक्षकहरूले उल्लेख गरेका छन् ।

# सरकारी स्कूलमा इन्टरनेट



प्रमोद आयाम

**काभ्रेस्थित श्रीखण्डपुर उमाविका कक्षा ८ का छात्रछात्रा इन्टरनेट चलाउँदै।**

**कास्की** र काभ्रेका तीन वटा सरकारी स्कूलमा वायरलेस इन्टरनेट जडान गरिएका छन्। रुम टु रिडले ती स्कूलमा कम्प्युटर ल्याब बनाएर नेपाल टेलिकम र थ्री जी इन्टरनेट प्रदायक कम्पनी क्वालकमको साझेदारीमा इन्टरनेट जडान गरेको हो।

इन्टरनेट सेवा पाउने स्कूलहरूमा कास्कीको लेखनाथस्थित अमरज्योति मावि र भरतपोखरीस्थित सारामोती मावि तथा काभ्रेको श्रीखण्डपुर उमावि छन्। नेपालमै पहिलोपटक 'थर्ड जेनेरेसन (थ्री जी)' इन्टरनेट सेवाको प्रयोग ती विद्यालयमा गरिएको हो। अमरज्योति र श्रीखण्डपुरमा ८ कात्तिक र सारामोती स्कूलमा २८ कात्तिकदेखि इन्टरनेट सञ्चालनमा आएको हो। ती स्कूलका कम्प्युटर प्रयोगशालामा 'भ्वाइस मेल' सेवा समेत उपलब्ध छन्। प्रयोगशालामा २० देखि २५ वटासम्म 'ब्रान्डेड' कम्प्युटरहरू छन्।

विद्यार्थीलाई कम्प्युटरको आधारभूत ज्ञानसँगै इन्टरनेटको सहज पहुँच पुऱ्याउने उद्देश्यले सहयोग गरिएको रुम टु रिडले जनाएको छ। स्कूलमै कम्प्युटर र इन्टरनेट भएपछि विद्यार्थीहरू पनि खुसी भएका छन्। श्रीखण्डपुर स्कूलमा कक्षा ८ मा पढिरहेकी छात्रा सविना गिरीले भनिन्, "कम्प्युटर सिक्न पहिलेदेखि नै रहर थियो। अहिले आफ्नै स्कूलमा आयो। एकदमै रमाइलो लागेको छ।" अर्का छात्र सनोज श्रेष्ठको प्रतिक्रिया थियो, "स्कूलमै इन्टरनेट भएपछि अब 'साइबर' जानु परेन।"



## चुनावबाट शिक्षक नियुक्ति

**मतदान** गरेर नेता चुन्ने चलन त सामान्य हो तर स्कूलका शिक्षक पनि अभिभावकको मतबाट छानिँदा चाहिँ शिक्षा नियमावलीको शिक्षक छनोटसम्बन्धी व्यवस्थाको ठाडो उल्लङ्घन भएको छ।

रुकुमको घेत्मा-४ स्थित बालकल्याण प्राविमा स्थानीय लक्ष्मण बि.सी. लाई ७ जेठ २०६६ मा अभिभावकले भोट हालेर शिक्षक बनाएका हुन्। निजी स्रोतबाट तलब खुवाउने गरी शिक्षकमा निर्वाचित बि.सी.ले ३८ मत पाएका थिए भने उनका प्रतिस्पर्धी नन्दवीर शाहीले २३ मत। स्कूलले निजी स्रोत शिक्षक नियुक्ति गर्न एक घण्टाका लागि आह्वान गरेको विज्ञापनमा दुईजनाको मात्र आवेदन परेको थियो।

उक्त स्कूलका प्रधानाध्यापक कुमार गौतमले राहत र अस्थायी दरबन्दी नभएकाले छिटोछरितो तरिका अपनाएर शिक्षक राखिएको बताए। उनले भने, "स्थानीय अभिभावकबाट उठेको चन्दाबाट तलब खाने भएकाले उनीहरूले नै मतदान गरेर शिक्षक छानेका हुन्।" रुकुमका जिशिअ बाबुराम ढुङ्गानाले चाहिँ उक्त स्कूलमा अपनाइएको शिक्षक छनोट प्रक्रिया नियम विपरीत भएकाले यस्तो प्रक्रिया कुनै पनि स्कूलले अपनाउन नहुने बताएका छन्। नेपाल शिक्षक युनियन रुकुमका अध्यक्ष नन्दराम देवकोटाले एउटा स्कूलले थालेको यस्तो कामको नकारात्मक असर अरू स्कूलमा पर्ने बताउँदै भने, "मतदानबाट शिक्षक छनोट गर्नु भनेको विद्यार्थीहरूको भविष्य चौपटमा पार्नु हो।"

**लक्ष्मण केसी, रुकुम**

रिपोर्ट



# शिक्षक–सरकार सहमति
# कार्यान्वयनमै शङ्का

**झण्डै चार महिना लामो वार्तामा सक्रिय सहभागी भएको नेपाल शैक्षिक गणतान्त्रिक मञ्चले अन्तिम घडीमा आएर दर्साएको विरोध, सहमतिमा हस्ताक्षर गरेका केही शिक्षक संस्थाले *नोटअफ डिसेन्ट* का नाममा प्रदर्शन गरेको दोहोरो चरित्र तथा स्वत: स्थायी गरिनुपर्छ भनी चलाइएको अस्थायी शिक्षकको आन्दोलनका कारण शिक्षक र सरकारबीच भएको सहमतिको कार्यान्वयन अन्योलमा परेको छ ।**

शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालले ११ कात्तिक २०६६ मा शिक्षक-सरकारबीचको सहमतिपत्रमा हस्ताक्षर गर्न नेपाल शैक्षिक गणतान्त्रिक मञ्चमा आबद्ध एनेकपा माओवादी निकट अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष गुणराज लोहनीलाई फोनबाट निमन्त्रणा गरे । प्रत्युत्तरमा लोहनीले आफूहरूले उठाएका मुद्दा सम्बोधन नगरिएका कारण सहमतिपत्रमा हस्ताक्षर नगर्ने जानकारी दिए ।

अन्तिम क्षणसम्म वार्तामा बसेर पनि शैक्षिक गणतान्त्रिक मञ्च र लोहनीको सङ्गठनले सहमतिपत्रमा हस्ताक्षर नगर्नुका पछाडि सहमतिका विषयवस्तु भन्दा बढी अहिलेको राजनीतिले प्रभाव पारेको बुझ्न कठिन छैन । माओवादीले वर्तमान सरकारको विरोधमा आन्दोलन गरिरहेको बेला सरकारका मन्त्रीसँग सम्झौता गर्नु मञ्चका लागि पेसागत कम, राजनीतिक नैतिकताको प्रश्न बढी बनेको देखिन्छ ।

तथापि, शिक्षा मन्त्रालयका अधिकारी र नेपाल शिक्षक युनियन तथा मधेशी शिक्षक संस्थाका प्रतिनिधिले ११ कात्तिक २०६६ मा १४ बुँदे सहमतिमा हस्ताक्षर गरे । हस्ताक्षरपछि केशरमहलमा आयोजित पत्रकार सम्मेलनमा सरकारी वार्ता टोलीका सदस्य संसदीय व्यवस्था तथा संस्कृति मन्त्री डा. मिनेन्द्र रिजालले धेरै पटकको वार्तापछि सहमति गरिएकाले कोही पनि असन्तुष्ट नरहेको बताएका थिए । तर, सहमतिमा हस्ताक्षर गरेका तमलोपा समर्थित लोकतान्त्रिक शिक्षक युनियनका महासचिव शशिभूषण पाण्डे र केन्द्रीय सहस्य ईश्वर पण्डित अनि मधेशी शिक्षक फोरमका महासचिव उपेन्द्र यादवले सहमतिपत्रमै आपना असहमतिका बुँदा उल्लेख गरेका छन् । उनीहरूले अध्यापन अनुमतिपत्रको व्यवस्था खारेज गरिनुपर्ने



प्रमोद आयाम

**शिक्षक-सरकार सहमतिबारे जानकारी दिन ११ कात्तिक २०६६ मा शिक्षा मन्त्रालयमा आयोजित पत्रकार सम्मेलन ।**

र स्कूललाई समुदायमा हस्तान्तरण गर्ने काम बन्द गरिनुपर्ने भन्दै नोट अफ डिसेन्ट लेखेका छन् ।

सहमतिपत्रमा हस्ताक्षर गरेका नेपाल संस्थागत विद्यालय शिक्षक युनियनका अध्यक्ष होमकुमार थापाले पनि असहमतिका बुँदा लेख्न छुटाएका छैनन् । उनको असहमति शैक्षिक गणतान्त्रिक मञ्चले उठाएका मुद्दासँग मिल्दोजुल्दो देखिन्छ । उनको फरक मतमा कम्पनी ऐनको खारेजी, संस्थागत स्कूलको राष्ट्रियकरण, अस्थायी शिक्षकहरूलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्दा शुरुदेखिकै सेवा अवधि गणना तथा राहत शिक्षकलाई दरबन्दीमा रुपान्तरण जस्ता माग उल्लेख गरिएका छन् । सामुदायिक स्कूलमा कार्यरत निजी स्रोत शिक्षक र निजी स्कूलका शिक्षकहरूका लागि शिक्षक सेवा आयोगको खुल्ला प्रतियोगितामा भाग लिन उमेरको हद नलाग्ने व्यवस्था गरिनुपर्ने पनि थापाको माग छ । नेपाल संस्थागत विद्यालय शिक्षक युनियन पनि मञ्चमा आबद्ध छ । आफूले उठाएका मुख्य मुद्दा सम्बोधन नभए पनि वार्ताका केही उपलब्धिको रक्षा गर्न हस्ताक्षर गरेको थापा बताउँछन् । उनको कथन छ, "उपलब्धिलाई जोगाउन फरकमतसहित सही गरेको हुँ ।"


## मुख्य मुद्दा अस्थायी शिक्षक

सहमतिमा हस्ताक्षर भएलगत्तै माओवादीनिकट शैक्षिक गणतान्त्रिक मञ्चमा आबद्ध अस्थायी शिक्षक आन्दोलन समिति र नेपाल विद्यालय कर्मचारी परिषद्ले शिक्षक-सरकार सहमतिको विरोधमा सडक आन्दोलन शुरु गरेका छन् । समितिका अध्यक्ष निरेन्द्र कुँवरले वार्ताबाट आफ्ना माग पूरा नभएकाले आन्दोलनमा उत्रिनु परेको दाबी गरेका छन् । मञ्चको पहलमा विभिन्न जिल्लाबाट काठमाडौं आएका करिब पाँच सय अस्थायी शिक्षक २३ कात्तिक २०६६ देखि शिक्षा मन्त्रालयमा धर्ना बस्न थालेका छन् । २०४१ सालदेखि ललितपुरका विभिन्न स्कूलमा अस्थायी शिक्षकको रूपमा अध्यापन गर्दै आएका ४६ वर्षीय विश्वरञ्जन पौडलले *शिक्षक* प्रतिनिधिसँगको भेटमा भने "अहिलेको सहमति अस्थायीलाई निकालेर नयाँलाई भित्र्याउने खेल हो, ८ मङ्सिर २०६३ को सहमति कार्यान्वयन नगरेसम्म हामी पछि हट्नेवाला छैनौं ।"

माओवादीसहित सात राजनीतिक दलका प्रतिनिधिको रोहबरमा ८ मङ्सिर २०६३ मा अस्थायी शिक्षक आन्दोलन समितिका अध्यक्ष निरेन्द्र कुँवर र तत्कालीन शिक्षा तथा खेलकुद मन्त्री डा. मङ्गलसिद्धि मानन्धरबीच १० वैशाख २०६३ सम्म कार्यरत सबै अस्थायी र लियन शिक्षकलाई प्रक्रिया पूरा गरेर स्थायी गर्ने सहमति भएको थियो ।

अहिलेको सहमतिमा २०६२ सालमा पदपूर्ति गरी बाँकी रहेका १२ हजार ९६ रिक्त दरबन्दीमा खुल्ला विज्ञापन गर्ने र त्यसमा भाग लिन चाहने अस्थायी शिक्षकलाई उमेरको हद नलाग्ने व्यवस्था गरिएको छ । *(हे. दस्तावेज पृष्ठ १६)* त्यस्तै २१ साउन २०६१ सम्म नियुक्ति पाएका अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा गराएर स्थायी गर्ने कुरा पनि सो सहमतिमा उल्लेख छ । आन्तरिक प्रतिस्पर्धामा उत्तीर्ण हुन नसक्ने शिक्षकलाई स्थायी शिक्षकसरहको सुविधा उपलब्ध गराई अवकाश दिने कुरामा वार्ताकार सहमत भएका छन् । सहसचिव नेपाल भन्छन्, "१२ हजार ९६ पदको खुल्ला प्रतिस्पर्धामा पनि अस्थायीलाई सहभागी गराउने अनि २१ मङ्सिर २०६१ सम्मका अस्थायीलाई छुट्टै

**उहिलेका कुरा खुइले ! :** **अस्थायी शिक्षकसँग सरकारले ८ मङ्सिर २०६३ मा गरेको सहमतिलाई नयाँ सहमतिले उल्टाइदिएको छ ।**



नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

सहमति पत्र



तस्बिरहरू: मायनर मिलर

**स्वतः स्थायी !: सहमतिको विरोधमा शिक्षा मन्त्रालय अगाडि धर्ना दिँदै गरेका विभिन्न जिल्लाका अस्थायी शिक्षकहरू ।**

आन्तरिक प्रतिस्पर्धा गराएर स्थायी गर्ने भनेका छौं, यसबाट अस्थायी शिक्षकले एकैपटक दुइटा अवसर पाएका छन् ।" नेपालले खुल्ला प्रतिस्पर्धा नगरी आन्तरिक प्रतिस्पर्धाका लागि विज्ञापन खुलाउन नसकिने भएकोले दुइटै व्यवस्था गर्न लागिएको बताए ।

तर अस्थायी शिक्षकहरूले आफूहरू रहेको दरबन्दीमा खुल्ला विज्ञापन गरेर सरकारले आफूलाई निकाल्न लागेको बताएका छन् । सुनसरी भालढुङ्गा माविका शिक्षक कृष्णप्रसाद भण्डारी भन्छन्, "१२ हजार ९६ दरबन्दीमा आन्तरिक प्रतिस्पर्धा गराउनुपर्छ र नयाँ दरबन्दी सृजना गरेर खुल्ला विज्ञापन गर्नुपर्छ । अहिलेको सहमतिले हामीलाई घोर अन्याय भएको छ ।" कति पदमा कति अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा गराउने तथा २१ मङ्सिर २०६१ पछि नियुक्ति पाएका अस्थायीलाई के गर्ने भन्ने स्पष्ट नभएकाले आफूहरू अस्थायी शिक्षकसम्बन्धी सरकारी दृष्टिकोणमा सहमत हुन नसकेको माओवादी शिक्षकहरूको कथन छ ।

शिक्षा विभागका अनुसार देशभरका सार्वजनिक स्कूलमा अहिलेसम्म २९ हजार ९८ अस्थायी शिक्षक कार्यरत छन् । तर, यसमा २१ साउन २०६१ सम्म नियुक्ति लिएका कति अस्थायी शिक्षक छन् भन्ने आँकडा भेटिँदैन । सरकारी अधिकारी चाहिँ आन्तरिक प्रतिस्पर्धा गराउने बेला प्रक्रिया भित्र पर्ने अस्थायी शिक्षकले स्वतः दरखास्त दिने हुँदा स्थायी गर्न र पदस्थापन गर्न समस्या नपर्ने धारणा राख्छन् । अस्थायीलाई स्थायी गर्नका लागि गरिने आन्तरिक प्रतिस्पर्धामा लियन र सट्टा शिक्षकले पनि भाग लिन पाउने सहमति गरिएको छ ।

**नयाँ सहमतिअनुसार कानुनमा व्यवस्था गरेर अध्यापन अनुमतिको व्यवस्थापन नयाँ सिर्जना गरिने शिक्षक काउन्सिलमार्फत गर्ने भनिएको छ । काउन्सिल बन्न कति समय लाग्ने र काउन्सिलले कहिलेदेखि लाइसेन्स वितरण सम्बन्धी काम थाल्ने भन्ने बारे कुनै समय सीमा तय गरिएको छैन ।**

विद्यालय कर्मचारी र राहत शिक्षकलाई दरबन्दीमा रुपान्तरण गरिनुपर्ने आफ्ना माग सरकारले पूरा नगरेकाले सहमति कार्यान्वयन नहुने अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष गुणराज लोहनीको कथन छ । उनी भन्छन्, "सरकारी वार्ता टोलीका साथीहरूले सहमति गरे पनि विश्व ब्याङ्कले राहत शिक्षकलाई दरबन्दीमा राख्न मान्दैन भनेपछि कुरा मिलेन । नेपालमा के गर्ने भन्ने कुरा विश्व ब्याङ्कको इच्छामा भर पर्नु जायज होइन भनियो ।" शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल भने विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्ने मागप्रति सरकार सकारात्मक रहेको तर बजेट अभावका कारण तत्काल दरबन्दी सृजना गर्न नसकिएको बताउँछन् ।

शिक्षक-सरकार वार्ताको एउटा मुख्य खेलाडी नेपाल शिक्षक युनियनले शिक्षक-सरकार सहमतिलाई 'ऐतिहासिक' र 'उपलब्धिमूलक' भनेको छ । युनियनका कोषाध्यक्ष पदमप्रसाद पाण्डे देश र समाज लथालिङ्ग भएको अवस्थामा पनि शिक्षकका मुख्य मागमा सरकार र मुलुकका मुख्य तीन दलका नेता सहमत हुनु ठूलो कुरा ठान्छन् । उनी भन्छन्, "देश र समाजसापेक्ष भएर सरकारसँग हामीले आश गर्ने हो, शिक्षक जतिको सचेत वर्गले यी कुरा वास्ता नगरी एकोहोरो ढिपी गरेर मात्र हुँदैन । त्यसैले हामी वार्ताको उपलब्धिको रक्षा गर्दै थप अधिकार प्राप्तिका लागि क्रियाशील हुन्छौं ।" उनका अनुसार लाइसेन्स खारेज गर्ने शिक्षामन्त्री रामचन्द्र

कुशवाहाको अडान विपरीत लाइसेन्स कायम राख्न सक्नु, शिक्षकका पेशागत माग जायज हुन र शिक्षक पनि सरकारी कर्मचारीसरह हुन् भन्ने मान्यता स्थापित हुनु वार्ताका मुख्य उपलब्धि हुन् । 'यस्तो बेला योभन्दा बढी के आशा गर्ने ?' पाण्डेको प्रश्न छ ।

युनियनले सहमति कार्यान्वयनका लागि आउँदो माघसम्म पर्खिने जनाएको छ भने शिक्षा मन्त्रालयले विरोध र असमतिका बाबजुद पनि सहमति कार्यान्वयन गर्ने तयारी गरेको छ । मन्त्रालयका सहसचिव नेपालले सहमति कार्यान्वयनका लागि टिप्पणी उठाउने काम भइसकेको बताउँदै तत्काल हुने तत्कालै गर्ने र ऐन संशोधन गरेर गरिनुपर्ने काम त्यसैअनुरुप कार्यान्वयन गरिने जानकारी दिएका छन् ।

## कार्यान्वयनका चुनौती

शिक्षक र सरकारबीचको सहमतिका महत्त्वपूर्ण बुँदाहरूको कार्यान्वयन शिक्षा ऐनको संशोधनबिना नहुने देखिन्छ । अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्न आउँदो माघसम्ममा शिक्षा ऐनको संशोधन प्रस्ताव संसद्मा पेश गर्ने सहमति गरिएको छ । तर माओवादीले लगातार अवरुद्ध गरिरहेका कारण संसद्ले समयमै ऐन संशोधन गरिदिने सम्भावना छिनो छ । त्यसमाथि आफ्नै भातृसंस्थाले विरोध गरिरहेको सहमति कार्यान्वयन गर्न माओवादीले ऐन संशोधनको प्रस्ताव पारित हुन देला भनेर आशावादी हुन कठिन छ ।

शिक्षा ऐन संशोधन नगरी खुल्ला विज्ञापन गर्न र अस्थायी शिक्षकलाई अस्थायी गर्ने बाटो खुल्दैन । २०६१/६२ को आन्तरिक प्रतिस्पर्धामा वैकल्पिक उम्मेदवारको रूपमा उत्तीर्ण शुद्ध रिक्त दरबन्दीमा रहेका शिक्षकलाई पनि कानुन संशोधनमार्फत स्थायी गरिने सहमति भएकोले कानुनको अभावमा यो सहमति पनि कार्यान्वयन नहुने निश्चित छ । शिक्षकहरूको समयबद्ध पदोन्नति गर्ने सहमति कार्यान्वयन गर्नका लागि शिक्षक सेवा आयोगको नियमावली संशोधन प्रक्रिया २०६६ माघ मसान्तसम्ममा सम्पन्न गरी त्यसलाई चालु आर्थिक वर्षबाटै कार्यान्वयन गरिने भनिएको छ । तर, संशोधन निम्ति पटकपटक मन्त्रिपरिषद्को बैठकमा पेश भएर फर्किएको आयोगको उक्त नियमावली अहिलेकै राजनीतिक समीकरण कायम रहँदासम्म सजिलै संशोधन हुने सम्भावना देखिँदैन ।

शिक्षक-सरकारबीचको सहमति अनुसार प्रावि द्वितीयलाई निमावि तृतीयमा तथा निमावि द्वितीयलाई मावि तृतीयमा समायोजन गरी त्यस्ता शिक्षकलाई सोहीअनुरुपको सेवा, सुविधा उपलब्ध गराउन 'अर्थ मन्त्रालयबाट सहमति लिने कार्य शुरु गरिहाल्ने' भनिएको छ । तर, अर्थ मन्त्रालयलाई यस्तो सहमति दिन सजिलो हुँदैन ।

शिक्षक-सरकार सहमतिको सबैभन्दा विरोधाभासपूर्ण बुँदा चाहिँ शिक्षण लाइसेन्ससँग सम्बन्धित छ । अहिलेसम्म शिक्षण लाइसेन्स शिक्षक सेवा आयोगले वितरण गर्दै आएको छ । तर, नयाँ सहमतिअनुसार

**शिक्षक र तिनका प्रतिनिधि दलीय वृत्तबाट बाहिर निक्लेर सहयोगी नभएमा सहमतिको कार्यान्वयन फेरि पनि अधुरो र अनिश्चित रहने निश्चित छ ।**

कानुनमा व्यवस्था गरेर अध्यापन अनुमतिको व्यवस्थापन नयाँ सिर्जना गरिने शिक्षक काउन्सिलमार्फत गर्ने भनिएको छ । काउन्सिल बन्न कति समय लाग्ने र काउन्सिलले कहिलेदेखि लाइसेन्स वितरण सम्बन्धी काम थाल्ने भन्ने बारे कुनै समय सीमा तय गरिएको छैन । काउन्सिल गठन नभएसम्म शिक्षक सेवा आयोगलाई दिएको अधिकार प्रयोग गरी एउटा ७ सदस्यीय अध्यापन अनुमतिपत्र व्यवस्थापन समिति गठन गर्ने र उक्त समितिले शिक्षण लाइसेन्ससम्बन्धी काम अघि बढाउने पनि भनिएको छ । समितिमा आयोगको वरिष्ठ अधिकृत, शिक्षकका पेसागत संस्थाबाट सिफारिस भएका व्यक्ति र शिक्षण पेसामा १० वर्ष बिताएका तथा शिक्षाशास्त्रमा स्नातकोत्तर गरेका व्यक्ति रहने भनिएको छ । यसबाट शिक्षक सेवा आयोगको अधिकार कटौती हुने मात्र होइन, शिक्षण लाइसेन्स प्रणालीलाई अहिलेको भन्दा खुकुलो र विवादित तुल्याउने देखिन्छ ।

## वार्ताभित्रको रमाइलो

सरकारी वार्ता टोलीका औपचारिक संयोजक शिक्षामन्त्री रामचन्द्र कुशवाहा भए पनि वार्तामा मुख्य भूमिका संसदीय व्यवस्था तथा संस्कृति मन्त्री डा. मिनेन्द्र रिजालले निर्वाह गरेका थिए । शिक्षामन्त्री कुशवाहा रिजालको अनुपस्थितिमा मात्र बोल्ने गरेको वार्ताकार शिक्षकहरू बताउँछन् । कुशवाहाको मुख्य सरोकार जसरी पनि अध्यापन अनुमतिपत्र (शिक्षक लाइसेन्स) खारेज गराउनु रहेकोले उनी शिक्षक लाइसेन्सको प्रसङ्गमा बढी बोल्ने गरेका थिए । वार्ता अवधिमा उनले 'नयाँ युगको शिक्षा वैज्ञानिक हुनुपर्ने' कुरा धेरैपटक दोहोऱ्याएका थिए । शिक्षामन्त्री कुशवाहाकै भनाइको समर्थन गर्दै मधेशी शिक्षक संस्थाहरूले पनि शिक्षक लाइसेन्स खारेज गराउने भन्दा बाहेकका विषयमा वार्ता अवधिभर धेरै तर्क नगरेको स्रोतको भनाइ छ ।

वार्तामा शान्तिमन्त्री रकम चेम्जोङको कम बोल्ने स्वभावले उनलाई वार्ताकार भन्दा बढी श्रोता बनाएको थियो । माओवादी शिक्षकहरूलाई 'हाम्रो सरकार नढाल्न तपाईंको पार्टीलाई भन्नुहोस् हामी शिक्षकका सबै माग पूरा गरिदिन्छौं' भन्दै रिजालले माओवादी शिक्षकसँग गरेको ठट्टा वार्ताकारबीच निकै चर्चामा रहेको थियो । स्रोतका अनुसार, कतिपय विषयमा माओवादी शिक्षक र मन्त्री रिजालबीच निकै लामो बहस हुने गरेको थियो ।

शिक्षक र तिनका प्रतिनिधि दलीय वृत्तबाट बाहिर निक्लेर सहयोगी नभएमा सहमतिको कार्यान्वयन फेरि पनि अधुरो र अनिश्चित रहने निश्चित छ । सहमति र विरोध सँगसँगै अघि बढ्दै गएमा विगतमा सरकार शिक्षकबीच भएको सहमति जस्तै अहिलेको सहमति पनि कार्यान्वयन हुने छैन ।

दस्तावेज

# सरकार–शिक्षक संस्थाबीचको सहमतिपत्र

**सहमतिपत्रमा सरकारी वार्ता टोलीका संयोजक शिक्षामन्त्री रामचन्द्र कुशवाहा, मन्त्रीहरू डा. मिनेन्द्र रिजाल र रकम चेम्जोङ तथा नेपाल शिक्षक युनियनका अध्यक्ष कृष्णप्रसाद ढकालगायत विभिन्न शिक्षक संस्थाका प्रतिनिधिले हस्ताक्षर गरेका छन्।**

नेपाल सरकार, मन्त्रिपरिषद्द्वारा विभिन्न माग राखी आन्दोलनमा रहेका शिक्षकहरूका मागका सम्बन्धमा अध्ययन र सम्बन्धित पक्षसँग वार्ता गरी समस्या समाधान गर्न माननीय शिक्षा मन्त्री रामचन्द्र कुशवाहाको संयोजकत्वमा माननीय संघीय मामिला, संसदीय व्यवस्था तथा संस्कृति मन्त्री डा. मिनेन्द्र रिजाल र शान्ति तथा पुनर्निर्माण मन्त्री माननीय रकम चेम्जोङ्ग सदस्य रहनुभएको वार्ता समिति र शिक्षक तथा विद्यालय कर्मचारीका पेसागत संस्थाहरू- नेपाल शिक्षक युनियन, शैक्षिक गणतान्त्रिक मञ्च, लोकतान्त्रिक शिक्षक युनियन र मधेशी शिक्षक फोरमका प्रतिनिधिहरूका बीच विभिन्न मितिहरूमा छलफल भई मिति २०६६/०७/११ मा निम्नअनुसार सहमति भयो।

### १. विद्यालय कर्मचारीको व्यवस्थापन सम्वन्धमा

- विद्यालयहरूले निर्धारित मापदण्डभित्र तोकिएको प्रक्रिया अपनाई कर्मचारीको दरबन्दी सृजना गर्ने। सो दरबन्दीमा हाल कार्यरत कर्मचारीहरूलाई सेवा अवधि गणना हुने गरी समायोजन गर्ने, कर्मचारीहरूको छनोट, नियुक्ति तथा सेवा सुविधासम्बन्धी शर्तहरू शिक्षा नियमावलीमा व्यवस्था गर्ने, सेवामा रहँदा वा अवकाश प्राप्त हुँदा सम्पूर्ण सुविधा कानुनद्वारा सुनिश्चित गरिनेछ।
- विद्यालयलाई व्यवस्थापन खर्चबापत सरकारबाट प्रदान गरिने बजेट मध्ये कर्मचारीहरूको लागि भनेर सशर्त बजेटको व्यवस्था गर्ने। चालु आर्थिक वर्षमा प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक विद्यालयलाई क्रमश: २२,०००, २७,००० र ३१,००० उपलब्ध गराउने। कक्षा १० सम्म क्रमश: नि:शुल्क गर्दै लग्दा आगामी आ.व. २०६७/६८ मा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको लागि क्रमश: ४२,०००, ५२,००० र ६२,००० तहगत रूपमा व्यवस्था गर्ने तथा आ.व. २०६८/६९ मा कर्मचारी खर्चबापतको पूर्ण रकम उपलब्ध गराउने।
- २०५५ सालयता तात्कालीन द्वन्द्व तथा अन्य कारणबाट निधन भएका वा हटाइएका र विद्यालयबाट कुनै सुविधा नपाएका विद्यालय कर्मचारीहरूलाई निजले पुऱ्याएको सेवाको कदर गर्दै केही सुविधा दिने सम्बन्धमा द्वन्द्व पीडित शिक्षकका सम्बन्धमा गठन हुने समितिलाई नै जिम्मा दिने।

### २. शिक्षकको समयबद्ध पदोन्नति सम्बन्धमा

- शिक्षकहरूको समयबद्ध पदोन्नति गर्ने विषयमा सैद्धान्तिक सहमति भयो। यस विषयमा शिक्षक सेवा आयोग नियमावलीमा संशोधनको प्रक्रिया अघि बढाउने र २०६६ माघ मसान्तभित्र नियमावलीमा संशोधन गरी यसै आर्थिक वर्षबाट कार्यान्वयनमा लैजाने।

### ३. शिक्षकको अध्यापन अनुमतिपत्र सम्बन्धमा

- हाल भएको विज्ञापनको परीक्षा तत्काल सञ्चालन गर्ने।
- २०६३ मङ्सिर ५ गतेभित्र विद्यालय शिक्षक सेवामा प्रवेश गरेका शिक्षकहरूले समेत तीन वर्षभित्र तालिम प्राप्त गर्ने शर्तमा शिक्षक अध्यापन अनुमतिपत्रको आयोगबाट हुने पहिलो विज्ञापनमा सहभागी हुन पाउने गरी व्यवस्था गर्ने।
- तालिम अप्राप्त कार्यरत शिक्षकहरूलाई समेट्ने गरी मन्त्रालयको तर्फबाट Centre Based र दूर शिक्षाको माध्यम प्रयोग गरी Condensed Training Package ल्याउने। यस्ता तालिमहरू बिहान बेलुका समेत चल्न सक्ने व्यवस्था मिलाउने।
- शिक्षक अध्यापन अनुमतिपत्रको व्यवस्थापन शिक्षक काउन्सिलमार्फत गर्ने सम्बन्धमा कानुनमा व्यवस्था गर्ने।
- शिक्षक काउन्सिलको व्यवस्था नहुञ्जेलका लागि सङ्क्रमणकालीन व्यवस्था गर्न शिक्षा ऐनबाट वर्तमान शिक्षक सेवा आयोगलाई दिइएको अधिकार प्रयोग गरी उक्त आयोगबाट शिक्षा सेवाको एकजना वरिष्ठ अधिकृतको संयोजकत्वमा शिक्षा सेवाकै एक जना अधिकृत कर्मचारी सदस्यसचिव रहने गरी शिक्षकहरूका पेसागत संस्थाहरूबाट सिफारिस भएका ७ जना विषेशज्ञ (शिक्षण पेसामा कम्तीमा १० वर्ष सेवा गरेका र शिक्षाशास्त्रमा स्नातकोत्तर गरेका) प्रतिनिधिहरू रहेको एक अध्यापन अनुमतिपत्र व्यवस्थापन समिति गठन गरी परीक्षा र अध्यापन अनुमतिपत्र वितरणको कार्य अघि बढाउने।

### ४. अस्थायी शिक्षकका समस्या सम्बन्धमा

- यसअघि शिक्षक पदमा स्थायी नियुक्तिको लागि विज्ञापन हुँदा आन्तरिक प्रतिस्पर्धा गरी बाँकी रहेको १२०९६ दरबन्दीमा शिक्षा ऐनको दफा ११ च को उपदफा १ को खण्ड १ क बमोजिम अस्थायी शिक्षकहरू समेतले सहभागी हुन पाउने गरी उमेरको हद नलाग्ने गरी खुल्ला प्रतियोगितको विज्ञापन गर्ने।
- सामुदायिक विद्यालयको शुद्ध रिक्त दरबन्दीमा २०६१ साल साउन २१ गते सम्ममा नियुक्ति भई हालसम्म कार्यरत अस्थायी शिक्षकहरू र तल्लो तहमा स्थायी भई माथिल्लो

तहमा अस्थायी नियुक्ति पाई कार्यरत शिक्षकहरूको लियन पदमा सोही मिति (२०६१/४/२१) भन्दा अघिदेखि निरन्तर रूपमा कार्यरत अस्थायी शिक्षकहरू समेतलाई उमेरको हद नलाग्ने गरी आवश्यक प्रक्रिया अपनाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी नियुक्ति गर्ने व्यवस्था मिलाउने। ऐन संशोधनको विधेयक माघ मसान्तसम्म संसद्मा पेश गर्ने।

- उपरोक्त प्रतिस्पर्धाबाट उत्तीर्ण हुन नसकी सेवाबाट अलग हुनुपर्ने शिक्षकहरूका लागि शिक्षा ऐन (संशोधनसहित) २०२८ को दफा ११ च को उपदफा १ ग बमोजिम निम्न अनुसारको सुविधा दिने व्यवस्था गर्ने:
  (क) स्थायी शिक्षकले पाउने सरहको उपदान,
  (ख) नोकरी अवधिभर पाउने औषधि उपचारको रकमलाई २० वर्षको सेवा अवधिलाई कुल सेवा अवधि मानी दामासाहीले हुन आउने रकम,
  (ग) लामो अवधिसम्म अस्थायी सेवा गरेर ढिलो स्थायी नियुक्ति भएका कारणले निवृत्तिभरण पाउने सेवा अवधि नपुगी सो सुविधाबाट वञ्चित हुने शिक्षकको लागि निजले गरेको कुल अस्थायी सेवा अवधिमा नबढ्ने गरी २० वर्षको नोकरी अवधि गणना गर्ने प्रयोजनका लागि बढीमा ७ वर्षसम्म सेवा अवधि गणना गर्न सिफारिस गर्ने।
- शिक्षक सेवा आयोगबाट लिइएको २०६१/६२ को आन्तरिक प्रतिस्पर्धात्मक (अस्थायी शिक्षकहरूको निमित्त मात्र) परीक्षामा वैकल्पिक उम्मेदवारको रूपमा उत्तीर्ण भएका र हालसम्म शुद्ध रिक्त दरबन्दीमा कार्यरत शिक्षकहरूलाई कानुनमा आवश्यक व्यवस्था गरी स्थायी नियुक्ति दिने व्यवस्था मिलाउने।

## ५. स्वेच्छिक अवकाश सम्बन्धमा

- शिक्षक सेवामा पनि स्वेच्छिक अवकाशको विषयसम्बन्धी प्रक्रियालाई सैद्धान्तिक रूपमा अघि बढाउने।
- निवृत्तिभरणको निमित्त न्यूनतम सेवा अवधि पुगी ५० वर्ष उमेर पूरा भएका स्वेच्छिक अवकाश लिन चाहने शिक्षकहरूको निमित्त नेपाल सरकारले सूचना प्रकाशित गरी निम्न सुविधा दिई स्वेच्छिक अवकाश दिने व्यवस्था गर्ने।
  (क) एक वर्ष बराबरको एकमुष्ठ तलब रकम वा
  (ख) एक तह बढुवा वा
  (ग) पाँच ग्रेड थपमध्ये कुनै एक सुविधाको छनोटको अवसर दिने व्यवस्था गर्ने।

## ६. संस्थागत विद्यालय शिक्षक कर्मचारीका सम्बन्धमा

- संस्थागत विद्यालयका शिक्षक कर्मचारीहरूको नियुक्ति र तलब तथा सुविधा, व्यवस्थापन समिति गठन, विद्यालय सञ्चालन कार्यविधि निर्माणलगायत विषयमा संस्थागत विद्यालयहरूको समस्या समाधान गर्न सशक्त अनुगमन तथा कार्यान्वयन गर्न गराउन केन्द्र र जिल्ला तहमा अधिकारसम्पन्न स्थायी प्रकृतिका संयन्त्रहरू बनाउने।
- व्यवस्थापन समितिको गठनमा शिक्षकहरूले आफूमध्येबाट छानेको प्रतिनिधि रहने व्यवस्था गर्ने।
- शिक्षक तथा कर्मचारीहरूले तलब तथा अन्य सुविधा खुलेको नियुक्ति पाएको सुनिश्चित गर्न जिल्ला शिक्षा कार्यालयहरूलाई निर्देशन दिने र त्यसको जिल्ला अनुगमन समितिबाट अनुगमन गराई प्रतिवेदन लिने र नदिने विद्यालयहरूको हकमा कारबाही गर्ने।
- शिक्षक कर्मचारी तलब भत्ताको हकमा शिक्षा नियमावलीमा व्यवस्था भएबमोजिम गर्न निर्देशन दिने।
- कुनै पनि शिक्षक कर्मचारीलाई उचित र मनासिव माफिकको कारणविना अवकाश नपाउने गरी कानुनी व्यवस्था गर्ने।

## ७. द्वन्द्वपीडित शिक्षक पुनर्वहालीका सम्बन्धमा

- द्वन्द्वको क्रममा कुनै पनि पक्षबाट मारिएका वा बेपत्ता पारिएका शिक्षकहरूमध्ये कतिपयको प्रमाणीकरणको अभावमा निजहरूले सेवा गरी सञ्चित गरेको आफ्नो कर्मचारी सञ्चय कोषलगायत सेवा निवृत्तिपछि नियमानुसार पाउनुपर्ने रकम निजका परिवारले पाउन नसकेको त्यस्ता शिक्षकहरूका सम्बन्धमा आवश्यक जाँचबुझ एवं प्रमाण सङ्कलन समेत गरी मारिएका, बेपत्ता पारिएका, अचेत अवस्थामा रहेका शिक्षक तथा कर्मचारीहरू समेतको प्रमाणीकरणको लागि जिल्लास्तरमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, सम्बन्धित विद्यालयको प्रअ, सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक, र सरोकारवाला शिक्षक/कर्मचारीसँग सम्बन्धित पेशागत संस्थाको समेत प्रतिनिधित्व रहने गरी बढीमा ८ सदस्यीय प्रमाणीकरण समिति गठन गरी यस समितिले बुझी गरेको छानबिनको निष्कर्षसहितको सिफारिसको आधारमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा रहेको अभिलेखसँग प्रमाणीकरण (Verification) गरी मृतक, बेपत्ता वा अचेत अवस्थाका शिक्षक एवं विद्यालय कर्मचारीका परिवारले नियमानुसार पाउने रकम र अन्य सुविधा छिटो पाउने व्यवस्था गर्ने।
- वि.सं. २०५२ सालदेखि हालसम्म द्वन्द्वको कारणले सेवाबाट हटाइएका शिक्षक तथा कर्मचारीको पुनर्वहाली गर्ने सम्बन्धमा छानबिन गर्न एक समिति गठन गर्ने साथै पुनर्वहाली भएका शिक्षक कर्मचारीको टुटेको सेवा अवधिको तलब भत्ता नपाउने गरी निवृत्तिभरण/उपदान प्रयोजनको लागि मात्र सेवा अवधि जोड्ने व्यवस्था गर्ने। तर निम्न अनुसारको अवस्थामा भने तलब भत्ता समेत पाउने व्यवस्था गर्नुपर्ने।
  (क) हिरासत वा जेल परेकाहरूको प्रमाण भएका।
  (ख) अदालत, जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयवाट वारेण्ट जारी भएको प्रमाण भएका।
  (ग) आतङ्ककारी घोषणा गरिएको प्रमाण भएका।
  (घ) विस्थापित हुन बाध्य पारिएको प्रमाण।
  (ङ) श्रम शिविर, अपहरणमा परेका।

(उक्त समितिको कार्य विवरण भित्र वि.सं. २०५२ पूर्व नै सेवाबाट हटेको शिक्षकहरूको हकमा तत्कालीन अवस्थामा गठन भएको वेदनिधि निराला कार्यदलको प्रतिवेदन समेतलाई

आधार मानी सुझाव दिने विषय र बेपत्ता पारिएका प्रमाण भएका शिक्षकहरूको परिवारलाई सुविधा दिने विषयलाई समेत समावेश गर्ने।

## ८. प्राथमिक द्वितीय र नि.मा. द्वितीय श्रेणीका शिक्षक पद समायोजन सम्बन्धमा

- आई.ए र आई.एड. न्यूनतम शैक्षिक योग्यतावाट नियुक्ति भएका प्राथमिक शिक्षक द्वितीय श्रेणी र बि.एड. न्यूनतम शैक्षिक योग्यताबाट नियुक्ति भएका निम्नमाध्यमिक शिक्षक द्वितीय श्रेणीलाई क्रमश: निम्न माध्यमिक शिक्षक तृतीय श्रेणी र माध्यमिक शिक्षक तृतीय श्रेणीमा समायोजन गर्न सैद्धान्तिक सहमति गरियो। यस विषयमा अर्थ मन्त्रालयबाट सहमति लिने कार्य शुरु गरिहाल्ने।

## ९. शिक्षकको बीमा सम्बन्धमा

- शिक्षकहरूको बीमाको विषयमा बीमाको लागि शिक्षकबाट कटाइएको र सरकारबाट थप भएको रकम विद्यालयबाट सञ्चयकोषकै ढाँचामा नागरिक लगानी कोषमा जम्मा गर्ने। सावधिक बीमाबापत जम्मा गरिने रकम बाहेकको बाँकी रकम शिक्षकहरूको व्यक्तिगत खातामा जम्मा गरी नागरिक लगानीकोषबाट परिचयपत्र जारी गराउन मन्त्रालयले पहल गर्न सहमति भयो।

## १०. उच्च माध्यमिक तहका शिक्षक सम्बन्धमा

- माध्यमिक र उच्च माध्यमिक तह सञ्चालन भएका विद्यालयमा एउटै एकाइको रूपमा न्यूनतम ८ जना शिक्षक राख्नुपर्ने कुरालाई सिद्धान्तत: स्वीकार गर्ने। माध्यमिक र उच्च माध्यमिक दुवै थरी कक्षाका निमित्त पढाउने गरी माध्यमिक शिक्षकको क्याडर (Cadre) लाई अगाडि बढाउने। सो प्रयोजनका लागि स्नातकोत्तर उत्तीर्ण गरी अध्यापन तालिम प्राप्त गरेका विषयगत शिक्षकलाई मात्र नियुक्ति गर्न सकिने बन्दोबस्त मिलाउने। माध्यमिक शिक्षकको रूपमा हाल कार्यरत शिक्षकहरूलाई विश्वविद्यालयसँग समन्वय गरी कार्य अनुभवसहितको स्नातकोत्तर डिग्री कार्यक्रम सञ्चालन गर्ने। विषयगत स्नातकोत्तर शिक्षक नपाइएका विषयहरूका लागि सो विषयमा स्नातक भई अन्य कुनै विषयमा स्नातकोत्तर गरेका उम्मेदवारबाट छनोट गरी शैक्षिक जनशक्ति विकास केन्द्रमार्फत तीन महिनाको अध्यापन तालिममा सहभागी गराएर मात्र अध्यापनमा संलग्न गराउने।

## ११. विद्यालयहरूका समुदायद्वारा व्यवस्थापनसम्बन्धमा

- विद्यालयको व्यवस्थापन समुदायलाई दिने सम्बन्धमा यसअघि व्यवस्थापन जिम्मा दिइएका विद्यालयहरूमा के कस्तो शैक्षिक र व्यवस्थापकीय सुधार भएको छ भन्नेबारे अध्ययन गरी शिक्षक व्यवस्थापनलाई समेत व्यवस्थापन गर्न सरकारलाई सुझाव दिन एउटा स्वतन्त्र अध्ययन गराउने। यसका लागि कार्यविवरण तयार गर्दा शिक्षकहरूका पेसागत संस्थाहरूसँग समेत समन्वय गर्ने,

## १२. राहत शिक्षकहरूको समस्याका सम्बन्धमा

- शिक्षक अनुदान (राहत)मा कार्यरत शिक्षकहरूलाई पनि अर्थ मन्त्रालयसँग समन्वय गरी प्रचलित स्केल अनुसारकै तलब भत्ता सुविधा दिने। उनीहरूको हाल कटाइदै आएको कल्याणकोषका सम्बन्धमा त्यस्ता शिक्षकको समूहसँग समेत छलफल गरी आवश्यक निर्णयमा पुग्ने। कल्याणकोषको रकमको निरन्तरता दिइएको खण्डमा सो सम्बन्धी खातामा सम्बन्धित शिक्षकहरूको हस्ताक्षर अनिवार्य रूपमा रहने गरी बैंक खाता खोल्न सक्ने व्यवस्था मिलाउने।


## १३. संस्थागत विद्यालयबाट निष्कासित शिक्षक पुनर्वहाली सम्बन्धमा

- संस्थागत विद्यालयहरूबाट हटाइएका शिक्षक कर्मचारीहरूका सम्बन्धमा छानबिन छलफल गरी समस्या समाधान गर्न त्यस्ता जिल्लाका जिल्ला शिक्षा अधिकारीको संयोजकत्वमा, प्याब्सन, एनप्याब्सन र नेपाल शैक्षिक गणतान्त्रिक मञ्च, नेपाल संस्थागत विद्यालय शिक्षक युनियन, नेपाल शिक्षक युनियन, लोकतान्त्रिक शिक्षक युनियन, मधेशी शिक्षक फोरम र अभिभावक संघ/सङ्गठनका प्रतिनिधिहरू र समस्यासँग सम्बन्धित विद्यालयका संस्थापक/प्रिन्सिपल समेत रहेको एक समस्या समाधान समिति गठन गर्न जिल्ला शिक्षा कार्यालयहरूलाई मन्त्रालयले दश दिन भित्र निर्देशन दिने।

## १४. विविध

- विद्यालय व्यवस्थापन समितिको अध्यक्ष/सदस्यको प्रतिनिधित्व विद्यार्थीका आमा वा बाबुले मात्र गर्ने व्यवस्था गर्ने।
- शिक्षकका समस्या सम्बोधन गर्नका लागि शिक्षक सेवा आयोगको संवैधानिक स्वरुपको माग आइरहेको सन्दर्भमा अन्य सेवाका आयोग जस्तै स्वतन्त्र र अधिकारसम्पन्न आयोगको व्यवस्थाका लागि मन्त्रालयले पहल गर्ने।
- शिक्षा क्षेत्रका सम्पूर्ण संयन्त्रहरू समानुपातिक समावेशी आधारमा निर्माण गर्ने व्यवस्था मिलाउने।
- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सबल नेतृत्वको लागि प्रध्यानाध्यापकको भूमिकालाई अरु सशक्त हुने कानुनी व्यवस्था गर्ने।
- विगतमा दुर्गम भत्ता पाएकामध्ये नेपाल सरकारबाट सोमा परिमार्जन हुँदा छुटेका गा.वि.स.का हकमा पुनरावलोकन गरी ती गा.वि.स.हरूमा निजामति कर्मचारीलाई दिएसरहको दुर्गम भत्ताको व्यवस्था गर्ने।


Simara
Janakpur
Tumlingtar
Jomsom
Connecting to
4 New Destinations
Kathmandu - Janakpur - Kathmandu Daily 1 flight
Kathmandu - Simara - Kathmandu Daily 1 flight
Kathmandu - Tumlingtar - Kathmandu Daily 1 flight (Except Sat)
Pokhara - Jomsom - Pokhara Daily 3 flights
Booking tickets made easy
with our hunting line
4464 878
Corporate Office: Tilganga, Kathmandu
Tel. 4465888 Fax 4465115
E-mail reservations@yetiairlines.com
Yeti Airlines
a great flying experience
www.yetiairlines.com


तपाई जहाँ हुनुहुन्छ त्यहीँ
तपाई जहाँ पुग्नुहुन्छ त्यहीँ
देशैभरि
तपाई ढुक्कले
व्यवसाय गर्नुहोस
उज्यालो 90 नेटवर्क
Broadcast System
Partner Radio Stations
National Coverage
बिहानदेखि रातिसम्म
सीधा कुरा, प्रष्ट विचार
Communication Corner Pvt. Ltd.
Kupondole, Lalitpur, Tel: 5546277
Fax: 977-1-5549357, E-mail: info@unn.com.np, URL: www.unn.com.np
Ujyaalo 90 Network
Sanepa, Lalitpur, Tel: 5551716

प्रमोद आयाम

# विद्यार्थीसँगै विदेशिंदो छ पैसा

**शिक्षा मन्त्रालयले चालू आर्थिक वर्ष २०६६/६७ को निम्ति उच्च तथा प्राविधिक शिक्षाको मूल खम्बाका रुपमा रहेको देशको सबैभन्दा ठूलो त्रिभुवन विश्वविद्यालयलाई रु.२ अर्ब ३७ करोड बजेट स्वीकृत गरेको छ। यो रकम त्रिविले सरकारसँग माग गरे (रु.३.६९ अर्ब) भन्दा रु. १.३२ अर्ब कम हो। उता, गत वर्षको आँकडालाई आधार मान्दा, विदेशका कलेज र विश्वविद्यालयमा नेपाली विद्यार्थीको फि तिर्नका लागि शिक्षा मन्त्रालयले चालू आ.ब.भित्र रु.१५ अर्बभन्दा बढीको विदेशी मुद्रा सटहीका निम्ति 'नो अब्जेसक्न लेटर' जारी गर्ने देखिएको छ। उच्च शिक्षाका निम्ति विदेशिने नेपाली विद्यार्थीहरूले त्रिविको अस्तव्यस्त अवस्थालाई विदेशिनु पर्नाको मुख्य कारण बताउने गरेका छन्। त्रिविका पदाधिकारीहरू चाहिं साधन-स्रोत अर्थात् पर्याप्त बजेट नभएकै कारण विश्वविद्यालय धराशायी बन्दै गएको बताउँछन्।**

- काठमाडौं, बूढानीलकण्ठका संजीत पौडेल बेलायत जानका लागि अङ्ग्रेजी सुधार्न आइइएलटीएसको कोर्स गर्दै छन्। उनी भन्छन्, "दशैंअघि एमबीबीएसको प्रवेश परीक्षा हुन्छ भनेर तयारी गरें। आज होला छैन, भोलि होला छैन, कति कुर्नु ? अब एमबीबीएसलाई बिर्सेर बेलायतमा आईटी पढ्ने तयारी गर्न थालेको छु।"
- झापा, गौरादहकी रोशी दाहाल चाहिँ तीन पटक प्रयास गर्दा पनि नेपालमा एमबीबीएस पढ्ने छात्रवृत्ति पाउन असफल भएपछि फार्मेसी पढ्न बेलायत जाने तरखरमा लागेकी छन्।
- काठमाडौं, सिनामङ्गलकी निकिमा बस्नेतले अष्ट्रेलिया जाने तयारी पूरा गरिसकेकी छिन्। उनले त्यहाँको जेम्स कुक युनिभर्सिटीबाट 'एप्लाइड साइन्स एण्ड नेचुरल रिसोर्स म्यानेजमेन्ट'मा एमएस्सी गर्ने योजना बनाएकी छिन्। भारतको ब्याङ्लोरबाट जीवशास्त्रमा स्नातक गरेर नेपाल फर्केकी निकिमा नेपालमा अध्ययनका लागि आफूलाई मिल्दो विषय नपाएपछि अष्ट्रेलिया जान लागेको बताउँछिन्। उनले भनिन्, "यहाँ पढ्न खोजेको विषय नै छैन। त्यसमाथि राजनीतिक अन्योलले पढ्ने वातावरण पनि छैन। अष्ट्रेलियामा एमएस्सीपछि छात्रवृत्ति पाएँ भने पीएचडी पनि उतै गर्छु।"




डलर कमाउन जाँदै...



डलर खर्च गर्न जाँदै...

डम्बरकृष्ण श्रेष्ठ

संजीत, रोशी र निकिमाले उच्चशिक्षाका लागि विदेश जाने नेपाली छात्रछात्राको प्रतिनिधित्व गर्छन्। मुलुकको अस्थिर राजनीति र विदेशी कलेजमा पढेर राम्रो 'करिअर' बनाउने चाहनामा विदेशिने नेपाली विद्यार्थीहरूको सङ्ख्या दिनानुदिन बढिरहेको छ। यसरी विदेश जानेहरू कम्तीमा ८-१० लाख रुपैयाँ खर्च गर्न सक्ने मध्यम र उच्च मध्यम परिवारका हुने गरेका छन्। विदेशको प्रमुख आकर्षण पढ्दापढ्दै काम गरेर कमाउन पाइने अवसर हो। पढाइ शुल्क भने त्यहाँ पनि तिर्नै पर्छ; त्यो पनि नेपालको भन्दा पचासौं गुणा बढी। उच्चशिक्षा हासिल गर्ने नाममा युरोप-अमेरिका जाने सबैले अध्ययन नै गर्छन् भन्ने पनि छैन। विदेश जानेमध्ये अधिकांशले पढाइभन्दा बढी कमाइतिर चासो राख्ने गरेको पाइन्छ। नेपाली विद्यार्थी बेलायत पठाउने व्यवसाय गरिरहेका पुतलीसडकस्थित ब्रिटेन इन्टरनेशनल एकेडेमीका सिजर श्रेष्ठ भन्छन्, "सबै जना पढ्छु मात्रै भन्दैनन्। 'रिएल सेन्स'मा पढ्छु भन्ने त मुस्किलले पाँच प्रतिशत होलान्।"

शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखाको तथ्याङ्कअनुसार, आर्थिक वर्ष २०६५/०६६ मा २४ हजार ८२४ जनाले मन्त्रालयबाट विदेश पढ्न जाने अनुमतिपत्र (नो अब्जेक्सन लेटर) लिएका थिए। जबकि त्यसको पाँच वर्षअघि अर्थात् २०६१/६२ मा यो सङ्ख्या ५ हजार २६२ मात्र थियो *(हे. तालिका १)*। आर्थिक वर्ष २०६६/०६७ को सुरुका तीन महिनामा मात्रै १३ हजार ३६१ जनाले यस्तो पत्र लिइसकेका छन्। यसमा, भारत जाने बीसौं विद्यार्थीहरू पर्दैनन्।

हुन त कति विद्यार्थी विदेश गए भन्ने यकिन तथ्याङ्क सरकारसँग पनि छैन। तथापि 'नो अब्जेक्सन लेटर' लिनेमध्ये ८० देखि ९० प्रतिशत विद्यार्थीहरू विदेश जाने गरेको बताइन्छ। दी नेक्स्ट एजुकेसनल कन्सल्टेन्सीका योगेश भण्डारी भन्छन्, "मेरो अनुमानमा नो अब्जेक्सन लेटरवालामध्ये करिब ९० प्रतिशतभन्दा बढी विदेशिन्छन्।"

विदेश अध्ययन गर्न जानेहरूको पहिलो रोजाइमा व्यवस्थापन सङ्कायअन्तर्गत हस्पिटालिटी, बिजनेस, होटल, टुरिजम म्यानेजमेन्ट जस्ता विषय पर्ने गरेका छन्। विदेशमा एकाउन्टिङ, बिजनेस एडमिनिस्ट्रेसन र आइटी पढ्न चाहनेको सङ्ख्या पनि त्यतिकै रहेको देखिन्छ।

## मुख्य गन्तव्य बेलायत

दुईवर्षअघिसम्म नेपाली विद्यार्थीहरूको विदेश अध्ययनको पहिलो गन्तव्यमा अमेरिका र अष्ट्रेलिया पर्ने गरेका थिए। त्यतिबेला ती मुलुकको भिसा आवेदन प्रक्रिया सरल तथा अष्ट्रेलियाको लागि 'ब्याङ्क लोन' देखाउन सजिलो थियो। अहिले अष्ट्रेलियाले नेपाल एसबीआई र नबिल ब्याङ्कको 'ब्याङ्क स्टेटमेन्ट' मात्रै मान्य हुने नयाँ नियम लागू गरेर कडाइ गरेको छ। बागबजारस्थित गेटवे कन्सल्टेन्सीका देवकुमार श्रेष्ठका अनुसार अहिले अष्ट्रेलियाको 'ब्याङ्क लोन' प्रक्रियामै तीन महिना बित्छ। त्यसैले अहिले विद्यार्थीहरू अष्ट्रेलिया जान त्यति उत्सुक छैनन्। त्यस्तै अमेरिकाले पनि यता आएर राम्रो अङ्क ल्याउने, दरिलो आयस्रोत भएका तथा टोफेल, आइइएलटीएस, स्याट, जीआरइमा राम्रो 'स्कोर' ल्याएका विद्यार्थीलाई मात्रै भिसा दिन थालेको छ।

अमेरिका र अष्ट्रेलिया जाने प्रक्रिया जटिल बन्दै गएको बेला गत अप्रिलदेखि बेलायतले लागू गरेको 'टायर फोर सिस्टम' ले नेपाली विद्यार्थीलाई आकर्षित गरेको छ। यसअन्तर्गत बेलायतको बोर्डर एजेन्सीबाट लाइसेन्स लिएका कलेज तथा विश्वविद्यालयहरूले आफ्नो क्षमताका आधारमा विद्यार्थीहरू लैजान सक्छन्। विद्यार्थीले ती कलेजको स्वीकृतिपत्र (भिसा लेटर) र कम्तीमा एक वर्षको पढाइ खर्च पुग्ने 'ब्याङ्क ब्यालेन्स' देखाएपछि काठमाडौंस्थित दूतावासले भिसा दिन्छ। अहिले बेलायत जान चाहनेले उतै गएर पनि आइइएलटीएस कोर्स गर्न सक्ने नयाँ नियम लागू गरिएकोले पनि छात्रछात्राको लर्को लण्डनतिर बढी ओइरिएको हो। वर्षको साउन, भदौ र असोज महिनामा 'नो अब्जेक्सन लेटर' लिनेहरूमध्ये बेलायतका लागि मात्रै ११ हजार २११ अर्थात् ८५ प्रतिशत रहेका छन्। यो अवधिमा अमेरिका र अष्ट्रेलियाका लागि लेटर लिने विद्यार्थीको सङ्ख्या क्रमश: ४१५ र २६४ मात्र छ।


प्रमोद आयाम

तालिका १

### शिक्षा मन्त्रालयबाट 'नो अब्जेक्सन लेटर' लिने विद्यार्थी सङ्ख्या

| मुलुक | २०६१/२०६२ | २०६२/२०६३ | २०६३/२०६४ | २०६४/२०६५ | २०६५/२०६६ |
|---|---|---|---|---|---|
| अमेरिका | २,४२२ | २,२२२ | ३,१४८ | २,८१३ | २,९३४ |
| अष्ट्रेलिया | ९०१ | २,९७० | ५,८८८ | ९,७७६ | १०,१२१ |
| बेलायत | २८३ | ४४२ | ७२६ | १,९३९ | ६,६२७ |
| चीन | ५१४ | २९२ | ३०५ | २५९ | २६५ |
| जापान | २२४ | - | ३०९ | ६९६ | ८०५ |
| साइप्रस | - | - | - | १,१३८ | १,१६२ |
| अन्य | ९१८ | १,२६७ | १,२१४ | ८६६ | २,९१० |
| जम्मा | ५,२६२ | ७,१९३ | ११,५९० | १७,४८७ | २४,८२४ |

*स्रोत: शिक्षा मन्त्रालय*

अहिले बेलायतको लागि आवेदन दिनेमध्ये झण्डै ९५ प्रतिशत विद्यार्थीको भिसा लागेको दाबी कन्सल्टेन्सी सञ्चालकहरूको छ। होटल म्यानेजमेन्ट पढ्न बेलायत जान लागेकी काठमाडौं, लाजिम्पाटकी मनिका विष्ट भन्छिन्, "भिसा लिन सजिलो भएकोले बेलायत रोजेकी हुँ।" बेलायत जाने होडमा बढी जसो 'प्लस टु' पास गरेका युवायुवतीहरू छन्। तीन महिनामा 'नो अब्जेक्सन लेटर' लिएका ११ हजार विद्यार्थीमध्ये ६ हजार ५०० भन्दा बढीले स्नातक पढ्न 'अफर लेटर' पाएका छन्।

## टिक्न कठिन

कन्सल्टेन्सी सञ्चालकहरूका अनुसार, एकजना विद्यार्थी औसत आठ लाख रुपैयाँ खर्च गरेर बेलायत पुगेका हुन्छन्। उनीहरूले आइइएलटीएस र परामर्श शुल्कबापत कन्सल्टेन्सीलाई करिब

# विदेशमा उच्च शिक्षा

**तालिका २**

**विद्यार्थीसँगै विदेशिएको विदेशी मुद्रा**

| | |
|---|---|
| आ.व. २०६२/०६३ | रू. ३ अर्ब ४४ करोड ५६ लाख |
| आ.व. २०६३/०६४ | रू. ६ अर्ब ३३ करोड ६६ लाख |
| आ.व. २०६४/०६५ | रू. ७ अर्ब ३७ करोड ३० लाख |
| आ.व. २०६५/०६६ | रू. १२ अर्ब १२ करोड ६० लाख |

स्रोत: नेपाल राष्ट्र ब्याङ्क

उच्च शिक्षा अध्ययनका लागि विदेशिने नेपाली विद्यार्थीको सङ्ख्या जति बढ्दो छ, त्यही अनुपातमा अर्बौं रुपैयाँ बराबरको विदेशी मुद्रा पनि बाहिर जान थालेको छ। नेपाल राष्ट्र ब्याङ्कको आँकडा अनुसार, आर्थिक वर्ष २०६५/०६६ मा विद्यार्थीसँगै १२ अर्ब १२ करोड ६० लाख रुपैयाँ बाहिर गएको छ। यो रकम विद्यार्थीले कलेज-विश्व-विद्यालयको शिक्षण शुल्क तिर्नका लागि पाएका हुन्। यसमा विद्यार्थी बाहिरिँदाको हवाई टिकट र 'पासपोर्ट खर्च' शीर्षकमा लैजान पाउने दुई हजार अमेरिकी डलर जोडिएको हुँदैन। त्यो पनि जोड्ने हो भने विद्यार्थीहरूमार्फत् अघिल्लो आर्थिक वर्ष मात्रै रु.१७ अर्ब भन्दा बढीको विदेशी मुद्रा विदेशिएको देखिन्छ।

साथै, भारत पढ्न गएकामध्ये 'नो अब्जेक्सन लेटर'मार्फत साटिएको रकम मात्र ब्याङ्कको तथ्याङ्कमा जोडिएको हुन्छ। भारत जाने विद्यार्थीलाई यस्तो अनुमति-पत्र अनिवार्य हुँदैन र सबै विद्यार्थीले यो लिएका पनि हुँदैनन्।



**विदेश जानका लागि पुतलीसडकस्थित अर्बिट इन्टरनेसनल कन्सल्टेन्सीमा 'आइइएलटीएस'को तयारी गर्दै विद्यार्थी।**

२० हजार रुपैयाँ बुझाउँछन्। 'नो अब्जेक्सन लेटर'का लागि दुई हजार, भिसा शुल्क १८ हजार र हवाई भाडामा ६० हजार रुपैयाँ खर्च हुन्छ। कलेजको वार्षिक अध्ययन शुल्कका लागि औसत ४ हजार ५०० पाउण्ड (करिब ५ लाख ५० हजार रुपैयाँ) चाहिन्छ भने खान र बस्नका लागि महिनाको कम्तीमा चारसय पाउण्ड आवश्यक पर्छ।

बेलायत जाने विद्यार्थीले कलेजलाई एक वर्षको शुल्क जानुअघि नै बुझाउनुपर्छ। धेरैजसो विद्यार्थीले निजी खर्चका लागि करिब एक हजार पाउण्ड साथमा लैजाने गरेका छन्। दोस्रो वर्षको कलेज शुल्क र अन्य खर्च 'पार्ट टाइम' काम गरेर जुटाउँछु भन्ने सोचाइमा धेरै छात्रछात्रा रहेका हुन्छन्। तर, बेलायतको अवस्था तिनले सोचे जस्तो नभएको कन्सल्टेन्सीका सञ्चालकहरू बताउँछन्। लण्डन स्कूल अफ कमर्सका बजार अधिकृत रवीन्द्र श्रेष्ठ भन्छन्, "विद्यार्थीको चाप ह्वात्तै बढेकोले काम पाउन गाह्रो छ। विद्यार्थीहरू रेस्टुराँ, डिपार्टमेन्टल स्टोर र पसलहरूमा काम खोजेर हैरान हुने गरेका छन्।"

ब्रिटिश नियम अनुसार, विद्यार्थीले सातामा २० घण्टा मात्रै काम गर्न पाउँछन्। त्यसबापत तिनले प्रतिघण्टा पाँच पाउण्ड पाउँछन्। तर, 'पार्ट टाइम' कामको भरमा विद्यार्थीलाई आफ्नो खर्च जुटाउन कठिन हुन्छ। लण्डनमा केही नेपाली विद्यार्थीहरू चाहिँ नेपालीबाटै ठगिने गरेका छन्। "मासिक दुई सय पाउण्डमा एकजना विद्यार्थीले कोठा लिन्छ। फेरि कोठामा त्यति नै रकममा अरू दुई विद्यार्थीलाई राखेर नै ठग्ने काम भइरहेको छ", श्रेष्ठले भने।

प्राय: दक्षिण एसियाली मुलुकका विद्यार्थीले बेलायतमा रेस्टुराँ, म्याकडोनाल्ड, केएफसी र अस्पतालहरूमा रोजगारी पाउने गरेका छन्। तर, आर्थिक मन्दीको असरले यस्ता ठाउँहरूमा रोजगारी पाउने सम्भावना कम हुँदै गएको छ। लण्डनमा रहेका नेपाली पत्रकार श्याम लुइँटेल भन्छन्, "अहिले रोजगारीको अवसर छैन। विद्यार्थीहरू ८-१० लाख रुपैयाँ खर्च गरेर बेकार आइएछ भन्न थालेका छन्।" बेलायतबाट प्रकाशित हुने *नेपाली सन्देश साप्ताहिक* ले आफ्नो अनलाइन संस्करणमा लेखेको छ, "बेलायत आइपुगेका नेपाली विद्यार्थीहरू अहिले काम नपाएर अत्तालिएका छन्। कतिपय विद्यार्थीहरूले नेपालबाट ल्याएको रकम खर्च गरिसकेका छन् र बेखर्ची हुन थालेका छन्।" लण्डनबाटै पीएचडी गरेका शिक्षा मन्त्रालयका सह-प्रवक्ता डा. लेखनाथ पौडेल भन्छन्, "आफैं काम गरेर पढ्ने र बस्ने खर्च जुटाउँछु भनेर त कल्पनै नगरे हुन्छ। 'प्लस टु' गरेकाले काम पाउँदैनन् र गर्न पनि सक्दैनन्।" पौडेलको भनाइसँग सहमत छन्, अर्बिट इन्टरनेसनल कन्सल्टेन्सीका समीर राणा पनि। उनी भन्छन्, "घरमा कहिल्यै एक कप चिया पनि नपकाएका विद्यार्थीले बाहिर रेस्टुराँमा कसरी काम गर्न सक्छन्?"

## बुझेर जानु राम्रो

अधिकांश नेपाली विद्यार्थीहरू विदेशका कलेज भन्ने भ्रममा बाँच्ने गरेका छन्। तर, सबै कलेज सोचेजत्तिकै राम्रा नहुन सक्छन्। दुई महिनाअघि विजनेस म्यानेजमेन्टमा लण्डनबाट स्नातक गरेर फर्किएका प्रदीप्त थापा भन्छन्, "त्यहाँका केही कलेजसँग त शैक्षिक र भौतिक पूर्वाधार पनि छैनन्। केही त एकदुईवटा कोठामा समेत सञ्चालित छन्।" त्यस्ता कलेजहरू व्यापारिक प्रयोजनले खोलिएका हुन्छन्। बेलायतको बोर्डर एजेन्सीले तोकिएको मापदण्ड नपुगेका र कोटाभन्दा बढी विद्यार्थी भर्ना गर्ने कलेजको इजाजतपत्र खारेज गर्न सक्छ।

विदेश पढ्ने चाहनामा कन्सल्टेन्सी धाउने विद्यार्थीहरू जतिसक्दो छिटो विदेशिन पाए हुन्थ्यो भनेर हतार गर्छन्। त्यसो गर्दा कतिपय विद्यार्थी गुणस्तरहीन कलेजमा भर्ना हुन पुग्छन्। अर्बिट कन्सल्टेन्सीका प्रचन कारञ्जित भन्छन्, "धेरैजसो विद्यार्थीले विदेशमा आफन्तहरू रहेको सुनाउँछन्। तर, आफू पढ्ने कलेजका बारेमा उनीहरूले एकपटक पनि त्यहाँका आफन्तलाई सोध्दैनन्।" आफू पढ्ने विषय र कलेजको बारेमा विद्यार्थीले पनि राम्रोसँग बुझ्नुपर्ने बताउँछन्, प्रेस्टिज कन्सल्टेन्सीका निर्देशक शशीन्द्र शर्मा। उनको सुझाव छ, "कलेजको वेबसाइट राम्रोसँग हेर्नुपर्छ। अनि ब्रिटिश काउन्सिलमा पुगेर पनि त्यसको पृष्ठभूमि बुझ्न सकिन्छ।"

कन्सल्टेन्सीहरूले विद्यार्थीहरूलाई विदेशका कलेजमा भर्ना गराइदिएबापत ती कलेजबाट ५ देखि ३० प्रतिशतसम्म कमिसन

लण्डनको चिठी

## यहाँ त केही रहेन छ !

यो पत्र कोरेको दिन अक्टोबर २७। मैले नेपाल छोडेर अध्ययनका लागि संयुक्त अधिराज्य बेलायत आएको ८ दिन भयो। लाग्दैछ, मैले बुनेका सपनाका महलहरू भताभुङ्ग हुँदैछन्। मैले सोचेको बेलायत र यहाँ आएर हेर्दाको बेलायतमा धेरै अन्तर रहेछ। स्वर्गको कुनै ठाउँ छाडेर नर्क आएकी रहेछु भन्ने आभास हुँदैछ।

कसरी सुनाउँ, यहाँ म जस्तै नेपाली विद्यार्थी र नारीले भोग्नुपरेको दुःख, व्यथा? जति लेखे पनि कम हुन्छ। आँसु आउँछ, मन भक्कानिन्छ तर सहनुपरेको छ। सात वर्षअघि जनयुद्धकालमा विद्रोहीको आक्रमणमा परेर मेरा बाको निधन भयो। बेनी आक्रमणको त्यो नमीठो घाउ निको नहुँदै २०६० सालमा माओवादीको बम विस्फोटमा परी आमाको दाहिने हात गुम्यो। भर्खर नौ कक्षामा पढ्दै गरेकी ममाथि सारा घर-परिवारको र पाँच वर्षको अबोध भाइ सम्हाल्ने जिम्मेवारी आइलागेको थियो। एउटा हात गुमाए पनि मलाई मेरी आमाले दुःख, कष्ट गरेर बाह्र अर्थात् प्लस टुसम्म पढाउनुभयो। बाको सपना साकार पार्ने मेरो लक्ष्य थियो। नेपालमा हुने शिक्षाको राजनीति, देशको अवस्था र घरको स्थितिले गर्दा घरजग्गा ब्याङ्कमा राखी, केही पैसा मामाबाट सहयोग लिई आठ लाख रुपैयाँ खर्च गरेर यहाँ आएकी हुँ।

एक लाख बीस हजार रुपैयाँको ट्राभल चेक साट्दा ८२३ पाउण्ड पाएकी थिएँ। मसँग अब जम्मा ५७५ पाउण्ड बाँकी छ। यो लण्डन सहर कति महङ्गो छ भने अबको एक महिनाभित्र कुनै काम पाइनँ भने म नेपाल फर्कनुको विकल्प छैन। ट्राभल टुरिजम पढ्न आएकी थिएँ। आएकै दिन कलेज निलम्बनमा परेको थाहा पाएँ। छानाबाट खसे जस्तै भएँ, अब के गर्न होला? कहाँ कसलाई भन्ने होला भनेर डर लागिरहेको थियो। अरु दुःखको कुरा त कन्सल्टेन्सीले देखाएको कलेजको भवनमा प्रत्येक फ्लाटमा गरी ६ वटा छुट्टाछुट्टै कलेज सञ्चालित रहेछन्। कति अस्तव्यस्त छ भने योभन्दा त मैले अध्ययन गरेको बागलुङको गाउँको एउटा उच्च मावि धेरै कुरामा सक्षम थियो। सुनेकी छु, यहाँ १५० भर्दा धेरै नेपाली अलपत्र छन्। कति नेपाल फर्किए। तर, अधिकांश फर्किन पनि पाएका छैनन्। एक नेपाली विद्यार्थीले त आत्महत्या गरेको सुनेकी छु, एक नेपाली युवती अफ्रिकीबाट बलात्कृत भइन्। यतिका घटना हुँदा पनि नेपाल सरकार, शिक्षा मन्त्रालय र पैसामा बिकेका कन्सल्टेन्सीहरूलाई यहाँका नेपाली विद्यार्थीबारे कुनै चिन्ता छैन। (हामी जस्ता विद्यार्थीबाट पनि) रेमिटचान्स भित्रिन्छ भन्ने धारणा बोकेको शिक्षा मन्त्रालय प्रत्येक विद्यार्थीबाट बाहिरिने अर्बौं रुपैयाँको चाहिँ गणना गर्दोरहेनछ।

म यहाँ फसे पनि अब आउने साथीहरूलाई आग्रह गर्छु, यहाँ आउँदा वा अरू कुनै देशमा जाँदा राम्ररी बुझेर मात्र जानुहोला। कसैको भ्रम र झूठा आश्वासनमा नपर्नु होला। हामी मिल्यौं भने हाम्रो पैसाले नेपालमै भव्य युनिभर्सिटी बन्न सक्छ। नाम राखौं, सगरमाथा युनिभर्सिटी वा भेरी कर्णाली इन्टरनेशनल युनिभर्सिटी जहाँ संसारबाट विद्यार्थी पढ्न आउन्। हामी जस्ता बाहिर पढ्न जानेहरू मिल्ने हो भने र त्यो पैसा शैक्षिक क्षेत्रमा लगानी गर्ने हो भने नेपाल विश्वको प्रमुख शैक्षिक केन्द्र बन्न सक्छ। मलाई नेपाल छाडेर आएकोमा धेरै पछुतो छ। त्यसैले यहाँ आउन चाहने जो-कोहीले एक पटक बुझेर मात्र आउनुहोला।

**निहिता कार्की, विलविच, लण्डन**

*(साभार: नागरिक दैनिक, २२ कात्तिक २०६६)*

पाउँछन्। कमिसनको होडमा कतिपय कन्सल्टेन्सीले विद्यार्थीहरूलाई गलत जानकारी र झूठो आश्वासन पनि दिने गरेका छन्। नेपाल शैक्षिक परामर्श संघ(इक्यान)का महासचिव राजेन्द्र बराल भन्छन्, "कन्सल्टेन्सीका काम सबै पारदर्शी छैनन्। कतिपय कन्सल्टेन्सीका गुनासाहरू इक्यानमा पनि आएका छन्। यसलाई सुधार गर्न हामी प्रयासरत छौं।" कन्सल्टेन्सीहरू नै आबद्ध नेपाल शैक्षिक परामर्श संघ(इक्यान) र राष्ट्रिय शैक्षिक परामर्श संघ (नेका)ले यस्ता झूठो आश्वासन दिन नमिल्ने प्रावधान समेटेर छुट्टाछुट्टै आचारसंहिता लागू गरेका छन्। तर, यसको पालना भएको छैन।

### नियमनको खाँचो

नेपालमा वैदेशिक शिक्षाको परामर्श दिने कन्सल्टेन्सी खुल्न थालेको दशक नाघिसक्यो। इक्यानका अनुसार, अहिले सात सयभन्दा बढी कन्सल्टेन्सीहरू सञ्चालित छन्। कतिपयले त काठमाडौं बाहिरका सहरमा आफ्ना शाखा पनि विस्तार गरिसकेका छन्। तर, यत्तिका कन्सल्टेन्सीहरूको अनुगमन र नियमन गर्ने संयन्त्र सरकारले हालसम्म पनि बनाएको छैन। जसले गर्दा कतिपय कन्सल्टेन्सीहरूले विद्यार्थीहरूलाई आफूखुसी परामर्शहरू दिने गरेका छन्।

शैक्षिक क्षेत्रसँग सम्बन्धित भएकाले यसको नियमन शिक्षा मन्त्रालयले गर्नुपर्ने हो। तर, यस्ता कन्सल्टेन्सीहरू उद्योग मन्त्रालयअन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका हुन्छन्। शिक्षा ऐन र नियमावलीमा पनि कन्सल्टेन्सीहरूको नियमन सम्बन्धी कुनै व्यवस्था छैन। त्यसैले शिक्षा मन्त्रालयले कन्सल्टेन्सीहरूको नियमन गर्ने कानुनी आधार भेटेको छैन। मन्त्रालयका सह-प्रवक्ता पौडेल भन्छन्, "सबै कन्सल्टेन्सीले राम्रो काम गरेका छैनन्। यो गुनासो पहिल्यैदेखि सुनिएको हो। कुन ऐन, नियमका अनुसार नियमनको निर्देशिका बनाउने भन्ने सवालमा कानुनविद्हरूसँग छलफल गरिरहेका छौं।" इक्यानका महासचिव बराल कन्सल्टेन्सीहरूलाई पारदर्शी बनाउन सरकारले सक्रियता नदेखाएको बताउँछन्। निर्देशिका बनाउनका लागि मन्त्रालयले कन्सल्टेन्सी सञ्चालकहरूसँग विभिन्न पटक छलफल समेत गरिसकेको छ। बराल भन्छन्, "सरकारले छिट्टै निर्देशिका जारी गरोस्, त्यसको पालना गर्न हामी तयार छौं।"

# राजविराज डायरी

बाबुराम विश्वकर्मा



रविन सायमि

# चिन्ता चिट र चन्दाको

परीक्षामा हुने चिटिङबाट अलि बढी नै पीडित जिल्लामा पर्छ सप्तरी। गत वर्षको एसएलसीमा उक्त जिल्लाका केही परीक्षा केन्द्रमा भएको खुल्लेआम चिटिङ टेलिभिजनकै पर्दामा देख्न पाइएको थियो। ८ कात्तिक २०६६ मा राजविराजमा एकत्रित सप्तरीको दक्षिण भेगका केही स्कूलका प्रअ, शिक्षक र स्रोतव्यक्तिका कथन सुन्दा सप्तरीवासी परीक्षाका चिटिङबाट 'साँच्चै' पीडित भएको अनुभूति भयो।

चिटिङका बहुआयामिक असरहरूबाट विशेषतः सप्तरीका शिक्षकहरू चिन्तित पाइए। चिटिङको सबैभन्दा खतरनाक असर हो- निकम्मा व्यक्तिलाई शैक्षिक प्रमाणपत्र हात पार्ने अवसर प्रदान गर्नु। परीक्षा खुकुलो हुन थालेपछि कैयौं छात्रछात्राले पढ्न छाड्छन्। पढ्दै नपढेकालाई चिट चोरेर लेखेको आधारमा प्रमाणपत्र दिएपछि त्यस्ताले देशको कुनै पनि क्षेत्रमा 'राम्रो' गर्ने आशा गर्न सकिँदैन। परीक्षाका प्रश्नपत्रको जवाफ गाइड, गेसपेपर र किताबबाट हुबहु सारेर दिन पाएपछि कतिपय विद्यार्थीहरू पढाइमा ध्यान दिनुपर्ने बाध्यताबाट आफू मुक्त भएको ठान्छन्। विद्यार्थी स्वयंले पढाइलाई बेवास्ता गर्न थालेपछि त्यस्तै स्वभावका शिक्षकहरू पनि फुर्सदिला बन्नु स्वाभाविकै हो। छिन्नमस्ता भुपेन्द्र संस्कृत मावि सखडाका प्रअ कामेश्वर यादव भन्दै थिए, "नपढी प्रथम श्रेणीको प्रमाणपत्र पाइन्छ भने किन मेहनत गर्न खोज्छन् विद्यार्थीले?"

रुद्रनारायण मावि गोरगामा रञ्जितपुरका प्रअ नारायण यादव चिट चोरेको वा नलेखेका कारण कुनै विद्यार्थीलाई फेल पार्दाको अनुभव सुनाउँदै भन्छन्, "यहाँ कोही फेल हुँदैन, कसैलाई फेल पार्न खोजियो भने 'सर मेरो दाजु फलानो पार्टीको नेता छ, म त पास हुनै पर्छ' भन्दै हामीलाई थर्काउन आउँछन्।"

पढाइ कमजोर हुनुमा 'लुज' परीक्षा मात्र कारकतत्व चाहिँ होइन। उदार कक्षोन्नति नाममा छात्रछात्रालाई स्वतः उत्तीर्ण गर्न थालिएकाले पनि सार्वजनिक स्कूलमा 'पढ्नु/पढाउनुपर्छ' भन्ने भावना खिइँदै गएको पाइन्छ। नपढे पनि पास भइने अनि नपढाए पनि तलब पाक्ने भएपछि यसबाट शिक्षक-विद्यार्थी दुवैलाई क्षणिक सञ्चो त भएको होला, तर यो प्रवृत्तिले अन्ततः सम्बद्ध विद्यार्थी, अभिभावक र शिक्षकसँगै सिङ्गो देश र समाजलाई नै अपूरणीय क्षति पुऱ्याउने कुरामा द्विविधा रहँदैन। सप्तरीको युवा सशक्तिकरण संघ नेपालका कार्यक्रम संयोजक ओमकान्त पण्डित यस्तै धारणा राख्छन्। उनको विचारमा धेरै जसो स्कूलमा नियमित पठनपाठन, निरन्तर मूल्याङ्कन आदि जस्ता अत्यावश्यक शैक्षिक क्रियाकलाप हुन छाडेकाले सिकाइ उपलब्धि कमजोर हुँदै गएको छ। उनले भने, "पाठ अनुसारको सिकाइ उपलब्धिबारे शिक्षक नै अनभिज्ञ छन्। विद्यार्थीमा चिट चोरेर राम्रो नम्बर ल्याउन सकिन्छ भन्ने विश्वास छ, यही कारण स्कूल छाड्ने दर पनि बढिरहेको छ।"

सप्तरीको परीक्षामा हुने चिटिङमा प्रअ, शिक्षक, छात्रछात्रा र सरकारी निकायको मात्र कमजोरी छैन। अविभावकले आफ्ना छोराछोरीलाई जसरी पनि पास गराउने प्रयास गरेकाले परीक्षा सञ्चालकहरूमाथि परीक्षा 'लुज' गर्न दबाब पर्ने गरेको छ। स्थिति कतिसम्म नाजुक भइसकेको देखिन्छ भने एसएलसीको परीक्षामा निरीक्षक बस्नेहरूमध्ये कैयौंले आफूले पाउने भत्तासमेत केन्द्राध्यक्षलाई बुझाउने गर्छन्। परीक्षालाई मर्यादित र चुस्त बनाउनका निम्ति नियुक्त गरिने त्यस्ता सुपरीवेक्षक अर्थात् गार्डहरू मूलतः आफन्तलाई चिट चोराउनका लागि राखिने वा बस्ने गर्छन्।

कक्षाको पढाइ, परीक्षा र मूल्याङ्कन प्रणालीका

**नपढे पनि पास भइने अनि नपढाए पनि तलब पाक्ने भएपछि शिक्षक-विद्यार्थी दुवैलाई क्षणिक सञ्चो त भएको होला, तर यो प्रवृत्तिले अन्ततः सम्बद्ध विद्यार्थी, अभिभावक र शिक्षकसँगै सिङ्गो देश र समाजलाई नै अपूरणीय क्षति पुऱ्याउने कुरामा द्विविधा रहँदैन।**

इश्वरकृष्ण श्रेष्ठ



८ कात्तिकमा राजविराजमा एकतृत सप्तरीका प्रअ, स्रोत व्यक्ति र शिक्षकहरू ।

कमजोरीसँगै स्थानीय शिक्षक/प्रअ र स्रोतव्यक्तिहरू आफ्नै सुरक्षाप्रति पनि उत्तिकै चिन्तित देखिए । सशस्त्र समूह, राजनीतिक दल, अभिभावक र छात्रछात्राको धम्की र दबाबबाट उनीहरूले स्वतन्त्र रूपमा आफ्नो काम गर्न नपाएको धेरै वर्ष भइसकेको व्यथा सुनाए । सप्तरीको तिलाठी लौनिया स्रोत केन्द्रका स्रोतव्यक्ति देवनारायण यादवको कथनले त्यहाँको भयावह अवस्थाको झल्को दिन्छ । शिक्षक प्रतिनिधिसँगको भेटमा उनले भने "जुनसुकै बेला जे पनि हुनसक्ने भएकाले स्कूलको काममा जाँदा पनि सहयोगी (बडीगार्ड) लैजाने गरेको छु । घरबाट सकेसम्म निक्लिन्नँ, निक्लिनुपरेमा बडीगार्ड लिएर जान्छु, सशस्त्र समूह वा अपराधीले मात्र होइन, गाउँका फटाहाले पनि आक्रमण गर्न सक्छन् ।"

बिसरिया- ३ स्थित जनता राप्रावि सिंगियोनमा आठ महिनाअघि विद्यालय व्यवस्थापन समिति गठन हुँदा स्रोतव्यक्ति यादवले चर्को दबाब झेल्नु परेको थियो । अविभावकबीचको विवादकै कारण उक्त स्कूलमा खाली रहेका दुई शिक्षकको पदपूर्ति अझै हुनसकेको छैन ।

## बच्ने नयाँ सूत्र

भूमिगत समूह, राजनीतिक दलका कार्यकर्ता र आपराधिक समूहबाट आउने दबाब र धम्की छल्न स्रोतव्यक्ति देवनारायण यादवले मोबाइलको स्वीच अफ गर्ने गरेका रहेछन् । उनले भने, "गाली र धम्की सुन्न किन फोन उठाउने ? म हतपत कसैलाई फोन नम्बर दिन्न ।" अवकाश पाउन दुई महिना मात्र बाँकी रहेका यादव अहिलेसम्म आफ्नै जुक्तिबाट बचेको ठान्छन् ।

सार्वजनिक/सामुदायिक स्कूलमा अचेल हुने अधिकांश विवाद शिक्षक नियुक्ति र व्यवस्थापन समितिको गठनसँग सम्बन्धित हुन्छन् । छनोट समिति गठन गर्दा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रअ र स्रोतव्यक्ति रहने शिक्षा नियमावलीको प्रावधानले धेरैजसो स्कूलमा विवाद सृजना गर्ने गरेको देखिन्छ । यस्तो चलनबाट सप्तरीका स्कूल पनि मुक्त छैनन् । त्यसो त शिक्षक नियुक्तिको अधिकार स्कूलमै दिइएकाले गतिला शिक्षक शिक्षण पेसामा नआएको गुनासो पनि जताततै सुन्ने गरिन्छ । भुपेन्द्र संस्कृत मावि छिन्नमस्ताका प्रअ कामेश्वर यादवको गुनासो थियो, "शिक्षक नियुक्तिको अधिकार स्कूलबाट आयोगमा नलगी योग्य शिक्षक शिक्षण पेसामा प्रवेश गर्दैनन् ।"

जनता प्रावि कोचाबखारीका प्रअ तेजनारायण मण्डल २०६६ वैशाखमा उक्त स्कूलमा राहत शिक्षक नियुक्ति गर्दा तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले आफूले भनेको व्यक्तिलाई नियुक्ति नगरेमा ज्यान लिने धम्की दिएको सम्झन्छन् । यस्तै धम्की झेलेका जनता राप्रावि सिंगियोनका प्रअ चन्द्रकान्त यादवले पनि आफूले सशस्त्र समूहलाई चन्दा दिन नमानेको बताए । सशस्त्र समूहका कार्यकर्ताले आफूलाई ३ फागुन २०६५ मा '५० हजार बोकेर कुनौली बोर्डर आउनु नत्र छोरा वा तलाइँ मार्छु' भन्दै धम्की दिए पनि आफूले चन्दा नदिएको यादव बताउँछन् । "मैले बसेर कुरा गरौं, मसँग त्यत्रो रकम छैन र चन्दा दिन सक्दिनँ भनेँ" उनले थपे ।

पहिले र अहिलेको फरक के हो भने विगतमा माओवादी र राज्यपक्षबाट शिक्षक पीडित थिए भने अहिले भूमिगत सशस्त्र समूह, आपराधिक व्यक्ति र समूह तथा राजनीतिक दलबाट पनि उनीहरू सताइएका छन् । रुद्रनारायण मावि गोरगामाका प्रअ नारायण यादवले भने, "गाउँले र गाउँका अनेक क्लबलाई समेत पैसा दिनुपर्छ, धेरैले शिक्षकलाई कसरी लुट्ने भन्ने मानसिकता पालेका छन् ।" लक्ष्मी पूजा, रामजानकी जस्ता महोत्सवमा पनि शिक्षक र स्कूलबाट रकम असुल्न तराईमा विभिन्न समूह सक्रिय रहेका छन् । भुपेन्द्र संस्कृत मावि सखडाका प्रअ कामेश्वर यादव चाहिँ चन्दा माग्नेहरूलाई चन्दा दिनुको साटो छोराछोरीलाई निःशुल्क पढाइ दिन्छु भन्दै टार्ने गर्दा रहेछन् । उनले भने, "शिक्षक तटस्थ भयो भने त्यति धेरै दबाब नआउँदो रहेछ ।"

आवरण सार्वजनिक स्कूलमा शिक्षक छनौट

प्रमोद आयाम

# योग्यभन्दा 'आफन्त'लाई प्राथमिकता

**सार्वजनिक/सरकारी स्कूलहरूमा चलिरहेको मौजुदा शिक्षक नियुक्ति पद्धतिले योग्य व्यक्तिलाई होइन, पहुँचवाला र स्कूल व्यवस्थापन समितिका पदाधिकारीका आफन्तलाई शिक्षण पेशामा भित्र्याएको छ। यसबाट कक्षाकोठाको पठनपाठनमा समेत गम्भीर असर परेको छ।**

■ काभ्रे, महादेवस्थान– ४ स्थित बज्रयोगिनी प्राविको महिला राहत शिक्षक छनोटको परीक्षामा १२ प्रतिस्पर्धीलाई उछिन्दै लक्ष्मी सापकोटा छनोट भइन्। शिक्षक छनोट समितिले २ असोज २०६६ मा विद्यालय व्यवस्थापन समितिलाई लक्ष्मीको नियुक्तिका लागि सिफारिस गऱ्यो। तर, व्यवस्थापन समितिले अहिलेसम्म पनि लक्ष्मीलाई नियुक्तिपत्र दिएको छैन। बुझिएअनुसार व्यवस्थापन समितिमा लक्ष्मीको सिफारिस रद्द गरेर वैकल्पिक सूचीमा रहेकी अम्बिका पण्डित (जो स्कूलमा बालशिक्षा अन्तर्गतकी शिक्षक हुन्) लाई नियुक्त गर्नुपर्ने दबाब बढेको छ। व्यवस्थापन समितिका अध्यक्ष मदन सापकोटाले २३



मारियन मिलर

शिक्षा मन्त्रालयः
निरीह र मुकदर्शक।

कात्तिकमा शिक्षक सँग टेलिफोनमा भने, "म त सिफारिस व्यक्ति (लक्ष्मी)लाई नै नियुक्त गर्नुपर्ने पक्षमा छु। तर, समितिका केही सदस्यले मानेका छैनन्। निष्पक्ष निर्णय गर्नुपर्छ भन्दा मलाई फोनबाट ज्यान मार्ने धम्की समेत आयो। यसले गर्दा नियुक्त गर्न सकेको छैन।" दुई महिनासम्म पनि नियुक्ति नपाएपछि लक्ष्मीले जिल्ला शिक्षा कार्यालय, काभ्रेमा उजुरी दिएकी छिन्।

- झापा, गौरादहस्थित जनता उमाविले ७ असोज २०६६ मा प्रावि र निमावि तहका लागि एक-एकजना शिक्षकको दरखास्त आह्वान गऱ्यो। दुवै तहमा १६-१६ जना प्रतिस्पर्धीले लिखित परीक्षा दिए र त्यसबाट तीन-तीन जना परीक्षार्थी अन्तर्वार्ताका लागि छानिए। तर, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चिरञ्जीवी दाहालले आफू बिरामी भएको कारण देखाउँदै अन्तरवार्ता स्थगित गराए। त्यसयता पटक-पटक बसेको व्यवस्थापन समितिको बैठकमा समेत उनी उपस्थित भएका छैनन्। र, अन्तर्वार्ता रोकिएको छ। अध्यक्ष दाहाल सम्पर्कमा नआएपछि पीडित परीक्षार्थीले छनोट प्रक्रिया सुचारु गराइपाऊँ भनी पुनरावेदन अदालत, इलाममा रिट दायर गरे। अदालतले १५ कात्तिकमा व्यवस्थापन समितिका नाममा कारण देखाऊ आदेश जारी गरेको छ। साथै, अदालतले ती दुवै तहका लागि दोस्रो विज्ञापन नगर्न समेत अन्तरिम आदेश दिएको छ।
- सुर्खेत, लेखपराजुलस्थित सामुदायिक माविले निमावि तहको नेपाली शिक्षक छनोटका लागि १८ कात्तिकमा लिखित परीक्षाको मिति तोकेको थियो। बिहान १० बजे परीक्षा सञ्चालन हुने पूर्व निर्धारित कार्यक्रम भए पनि अपरान्ह तीनबजेसम्म पनि परीक्षा भएन। अनि परीक्षार्थी घरतिर हिँडे। तर, उनीहरूलाई थाहै नदिई भोलिपल्ट बिहान ८ बजे लिखित परीक्षा भयो। परीक्षामा दुईजना परीक्षार्थी मात्रै सहभागी थिए। व्यवस्थापन समितिका अध्यक्ष बलबहादुर ओलीले उनकी सालीकी छोरी (झुमा ओली)लाई सो पदमा नियुक्त गर्नका लागि धाँधली गरेको आरोप पीडित पक्षको छ। परीक्षामा धाँधली भएको भन्दै ६ जना आवेदकले जिशिका, सुर्खेतमा उजुरी दिएका छन्।
- बाँकेस्थित भवानीयापुर माविले राहत कोटाअन्तर्गत एकजना निमावि तहको नेपाली शिक्षकका लागि तीन महिनाअघि विज्ञापन गऱ्यो। त्यसमा पाँचजनाले आवेदन दिए। तीमध्ये लिखित र मौखिक परीक्षाबाट सीता बोहरा छनोट भइन्। तर, अन्य चार प्रतिस्पर्धीले भने परीक्षामा अनियमितता भएको आरोप लगाउँदै स्कूलमा तालाबन्दी गरे। परिणामतः स्कूलमा दुई महिना पठनपाठन अवरुद्ध भयो। जिशिका, बाँकेले सो विवाद टुङ्ग्याउन सबै प्रतिस्पर्धीको उत्तर पुस्तिका पुनः परीक्षण गर्नुपरेको थियो।
- पर्साको विश्रामपुरस्थित भंगी साह उमाविमा शिक्षक नियुक्तिको विषयमा विवाद उब्जिएपछि ८ भदौ २०६६ मा गोली हानाहान भयो। राहत शिक्षकमा रुपेश यादवको नियुक्तिको विषयलाई लिएर असन्तुष्ट पक्षले यादवलाई नियन्त्रणमा लिई पर्साको पिपरा लगेको थियो। यादव पक्षले उनलाई नियन्त्रणमुक्त गरी अर्को पक्षका दुई विद्यार्थीलाई नियन्त्रणमा लिँदै स्कूलमा पुऱ्यायो। विवाद चर्किँदै गएपछि स्कूल प्राङ्गणमै गोली चल्दा दुईजना घाइते भएका थिए।

विद्यालय व्यवस्थापन समितिले गर्ने शिक्षक छनोटमा हुने गरेका विवादका नमुना हुन्, यी। शिक्षक ले काभ्रे, सुर्खेत, बाँके, झापा र पर्सा जिल्लामा बितेका एक वर्षमा भएका शिक्षक छनोटका नमुनालाई केलाउँदा विवादका यस्ता धेरै उदाहरण भेटिएका छन्। अन्य जिल्लाको अवस्था पनि योभन्दा भिन्न नभएको राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा महिनैपिच्छे आएका समाचार विवरणले पनि देखाउँछन्।

शिक्षक नियुक्तिमा धाँधली र अनियमितता भएको आरोपमा जिल्ला शिक्षा कार्यालयहरूमा थुप्रै उजुरी र गुनासाहरू पर्ने गरेका छन्। खासगरी प्रावि तहको छनोट परीक्षामा अनियमितता भएका गुनासाहरू शिक्षा कार्यालयमा आउने गरेका छन्। निमावि र मावि तहका तुलनामा प्रावि तहका लागि बढी आवेदनहरू पर्छन्। प्रावि तहको छनोट परीक्षामा २२ जनासम्मले प्रतिस्पर्धा गरेको जिशिका, काभ्रेको तथ्याङ्क छ। त्यस्तै, मावि र निमाविमा ८-१० वटासम्म आवेदनहरू पर्ने गरेका छन्। त्यसमा पनि अङ्ग्रेजी, गणित र विज्ञान विषयमा अझ कम प्रतिस्पर्धीहरू हुन्छन्। दुल्लभ उमावि, घ्याम्पेसाल/गोर्खाका शिक्षक कमल भट्ट भन्छन्, "शिक्षक छनोटको प्रक्रिया पारदर्शी छैन।

रिक्त शिक्षक पदका लागि १८ कात्तिकमा जिशिका, काभ्रेमा विज्ञापन टाँस्दै भृकुटी निमावि, सौरेका प्रअ राजकिशोर मुखिया।


प्रमोद आयाम

# सार्वजनिक स्कूलमा शिक्षक छनौट

तस्विरहरू: प्रमोद आयाम



**दीपेन्द्र बुढाथोकी**
एम.एड. प्रथम वर्ष, जनसङ्ख्या शिक्षा, महेन्द्ररत्न क्याम्पस, ताहाचल


शिक्षणमा अब नयाँ-नयाँ प्रयोग र प्रविधि आइसकेका छन्। त्यसैले परम्परागत शैलीबाट अध्यापन गराएर विद्यार्थीलाई नयाँ कुरा दिन सकिँदैन। जोश र जाँगर भएको युवापुस्तालाई शिक्षण पेशामा तान्न २५ वर्षभन्दा बढी पढाएका शिक्षकहरूलाई आकर्षक सुविधा दिएर अवकाश दिइनुपर्छ। विद्यमान ६० वर्षे उमेर हदको प्रावधानलाई खारेज गरी २५ वर्षे सेवा अवधिको तोकिनुपर्छ।



**ईश्वरी आचार्य**
एम.एड. दोस्रो वर्ष, स्वास्थ्य शिक्षा, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

शिक्षक छनोटका लागि लाइसेन्सको व्यवस्थालाई अनिवार्य गरिनुपर्छ। यसलाई अहिलेको जस्तो औपचारिकतामा सीमित गर्नुहुन्न। खुल्ला प्रतिस्पर्धाबाट पारदर्शी ढङ्गले छनोट गर्ने हो भने राम्रा मान्छे शिक्षण पेसामा आउँछन्।

विज्ञान, सामाजिक, जनसङ्ख्या पढाउने शिक्षकले नै स्वास्थ्य शिक्षा पढाएकोले यो विषय हेपिएको छ। जो सुकैले स्वास्थ्य पढाउने हो भने स्वास्थ्य शिक्षा किन राख्ने? त्यसैले हरेक विषयका लागि विषयगत शिक्षक दरबन्दी सुनिश्चित गरिनुपर्छ।



**विक्रम पोखरेल**
एम.एड. दोस्रो वर्ष, गणित, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

शिक्षण सेवामा अस्थायी दरबन्दी खारेज गर्नुपर्दछ। अस्थायी र राहत दरबन्दीका कारण स्कूल आफन्तलाई जागिर खुवाउने अखडा बनेको छ।

स्थायी पदपूर्तिको पद्धतिलाई स्थापित गर्न शिक्षक सेवा आयोगलाई संवैधानिक बनाउनुपर्छ। आयोगको भूमिका स्वतन्त्र र निष्पक्ष हुनुपर्छ। रिक्त दरबन्दीमा हरेक वर्ष पदपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ। २०५२ सालदेखि हालसम्म खुल्ला प्रतिस्पर्धा भएको छैन, यस्तो हुनुभएन।

## विद्यार्थीहरू भन्छन्: छनौट आयोगले गर्नुपर्छ



**दिनेश न्यौपाने**
एम.एड. दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

स्थानीय स्तरमै शिक्षकको नियुक्त हुनु त राम्रै अभ्यास हो। तर, त्यसनिम्ति प्रक्रिया निष्पक्ष र पारदर्शी हुनै पर्छ। शिक्षक सेवा आयोगको मातहतमा जिल्ला स्तरमै स्वतन्त्र पदपूर्ति समिति बनाउनुपर्छ। तर, शिक्षक छनोट गर्दा स्थानीय व्यक्तिलाई नै प्राथमिकता दिँदा राम्रो हुन्छ।

शिक्षक सेवा आयोगलाई अहिलेको जस्तो निष्क्रिय अवस्थामा राख्नुहुँदैन। आयोगमा विषयगत विशेषज्ञहरूको प्रतिनिधित्व गराइनुपर्छ, ताकि आयोगको परीक्षा प्रणाली प्रभावकारी हुन सकोस्। सेवा प्रवेशका लागि शिक्षण लाइसेन्सलाई अनिवार्य गरिनुपर्छ। तर, लाइसेन्सको प्रश्नपत्र र उत्तरपुस्तिका परीक्षण अहिलेको जस्तो हल्का हुनुभएन। यसलाई चुस्त बनाइनुपर्छ।



**भवानी कँडेल**
एम.एड. दोस्रो वर्ष, अङ्ग्रेजी, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

विद्यालय व्यवस्थापन समितिबाट शिक्षकको नियुक्ति गर्ने पद्धतिले 'सोर्सफोर्स'का आधारमा शिक्षक बन्ने प्रवृत्ति छ। यसबाट क्षमतावान् व्यक्ति पछाडि परेका छन्। अब जिल्ला शिक्षा कार्यालयले नै निष्पक्ष ढङ्गले शिक्षक छनोट गरी रिक्त रहेका स्कूलमा पदस्थापन गर्नुपर्छ।

राहत कोटामा शिक्षक भर्ना गर्नु व्यावहारिक छैन। राहत कोटा बाँड्नुको साटो स्थायी रूपमै शिक्षकको पदपूर्ति गर्नुपर्दछ। शिक्षाशास्त्र पढेका विद्यार्थीलाई लाइसेन्स आवश्यक छैन। हाम्रो प्रमाणपत्र आफैंमा लाइसेन्स हो। अरू सङ्कायका विद्यार्थीहरूका लागि लाइसेन्सलाई अनिवार्य गरे हुन्छ।



**गोपी क्षेत्री**
एम.एड. दोस्रो वर्ष, अङ्ग्रेजी, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

शिक्षक छनोट गर्दा राजनीतिक चलखेल हुने गरेको छ। चारवर्ष शिक्षक हुँदा मैले शिक्षक नियुक्ति प्रक्रिया स्वच्छ, निष्पक्ष र पारदर्शी नरहेको पाएँ। औपचारिकताका लागि मात्र विज्ञापनको सूचना निकालिन्छ। त्यसमा आफन्त र निजी स्रोतका शिक्षकलाई प्राथमिकता दिइन्छ। नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउन जिशिकाले हस्तक्षेपकारी भूमिका देखाउनुपर्छ।

स्थायी रूपमा शिक्षक पदपूर्ति हुने हो भने अहिले जस्तो बीसौं वर्षसम्म शिक्षकले अस्थायीमै चित्त बुझाउनुपर्ने बाध्यता रहँदैन। हाम्रा लागि स्थायी पदको विज्ञापन सपनाको महल जस्तै भएको छ। अब यो स्थितिको अन्त्य होस्।

प्रक्रिया पुऱ्याउन प्रतिस्पर्धा गराएजस्तो देखिए पनि आफू निकटका व्यक्तिलाई प्राथमिकता दिने गरिएको छ।"

### आ-आफ्नै स्वार्थ

झापाको महारानीझोडास्थित डोरामारी माविमा प्रावि तहको शिक्षक छनोटका लागि गत १३ कात्तिकमा लिखित परीक्षाको मिति तोकिएको थियो। त्यही दिन बिहान अभिभावकको एक जमातले थप एउटा आवेदन दर्ता हुनुपर्छ भनेर दबाब दियो। जबकि त्यतिबेला आवेदनको म्याद नै गुज्रिसकेको थियो। एकथरी अभिभावकका केटाकेटीको शिक्षा राम्रो शिक्षक छान्नभन्दा आफ्नो मानिस घुसाउन खोजेपछि अहिले छनोट परीक्षा नै रोकिएको छ। स्कूलका प्रअ केदार भण्डारीले भने, "नियमसङ्गत ढङ्गले काम गर्दा यस्ता अवरोध आउँछन्। अनि कसरी काम गर्नु?"

आफ्ना मान्छेलाई घुसाउन भइसकेको नियुक्तिलाई बदर गराएर पुनः विज्ञापन गराउनेसम्मका प्रयास भएका उदाहरण समेत पाइएको छ। सुर्खेतको राकमस्थित जनज्योति प्राविमा गत साल यस्तै घटना भयो। परीक्षामा बढी अङ्क ल्याएकी लक्ष्मी विकलाई व्यवस्थापन समितिले ५ भदौ २०६५ नियुक्तिपत्र दियो। तर, यही स्कूलका स्रोतव्यक्ति टङ्कध्वज शाहले जिशिकाबाट लक्ष्मीको नियुक्ति सदर हुन दिएनन्। बरु उल्टै उनले ४ पुसमा त्यही कोटामा पुनः विज्ञापन गर्न दबाब दिए। स्थानीय बासिन्दाको भनाइमा आफूनिकट व्यक्तिलाई नियुक्त गर्न शाहले यस्तो दबाब दिएका थिए। यसविरुद्ध लक्ष्मीले उजुरी दिएपछि जिशिकाले उनको नियुक्तिमा समर्थन गरेको थियो।

चालु शैक्षिक सत्रमा सुर्खेतमा अस्थायी तथा राहत गरी प्राविका ३१३, निमाविका ४६ र मावितर्फ ६० जना नयाँ शिक्षक नियुक्त भएका छन्। जिशिअ भक्तबहादुर ढकालका अनुसार, परीक्षामा छनोट नभएका कैयन् परीक्षार्थीहरू पुनः परीक्षाको माग गर्दै शिक्षा कार्यालय पुग्छन्। ढकाल भन्छन्, "विवादित प्रतिस्पर्धाको कागजात मागेर हेर्छौं। प्रक्रिया नमिले मात्रै छानबिन गर्ने हो। नत्र हामीले केही गर्न सक्दैनौं।" जिशिकामा आइपुगेका विवादमध्ये चारवटा मात्रै पुनः परीक्षा सञ्चालनका लागि निर्देशन दिइएको जानकारी उनले दिए।

### समस्याका धेरै रुप

सरकारले २०५२ सालयता शिक्षकको स्थायी पदपूर्तिका लागि खुल्ला प्रतिस्पर्धा गराएको छैन भने हाल लगभग २९ हजार शिक्षकहरू अस्थायी रहेको विभागको आँकडा छ। सरकारले केही वर्षयता राहत शिक्षकको अनुदान उपलब्ध गराउँदै आएको छ। शिक्षा विभागका अनुसार, हालसम्म प्रावि, निमावि र मावि तहमा करिब ४८ हजार वटा राहत कोटा वितरण भएका छन्। राहत अनुदान वितरणको क्रम सुरु भएदेखि नै नियुक्ति प्रक्रिया ठूलो समस्याको विषय बन्दै आएको छ।

शिक्षा नियमावली, २०५९ ले अस्थायी शिक्षक नियुक्तिको अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिएको छ (हे. बक्स)। तर, सकेसम्म आफ्नै मान्छे घुसाउने गलत मानसिकताले अस्थायी र राहत शिक्षक नियुक्तिको प्रक्रिया समेत प्रभावित बन्न पुगेको छ। शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालको संयोजकत्वमा गठित एउटा कार्यदलको प्रतिवेदनले पनि स्वीकार गरेको छ। प्रतिवेदनमा भनिएको छ, 'शिक्षक नियुक्तिका लागि सरोकारवालाहरूबीच द्वन्द्व बढेको देखिएको छ। एकातर्फ द्वन्द्वको कारणले जिल्लाबाट अनुदान वितरणमा ढिलाइ भइरहेको छ भने अर्कोतर्फ चाहेको मान्छे नियुक्त गर्न नसकिने आशङ्काले कतिपय विद्यालयमा नियुक्ति प्रक्रिया नै रोकिने गरेको अवस्था छ।'

अरु विशेषगरी पूर्वी तथा मध्य तराई क्षेत्रमा शिक्षक नियुक्तिमा पैसाको लेनदेन समेत हुने गरेको एकथरीको भनाइ छ। ठाकुरराम बहुमुखी क्याम्पसका स्ववियु सभापति मुकेश द्विवेदी भन्छन्, "यहाँको शिक्षक नियुक्ति प्रक्रिया पैसामा बिक्ने गरेको छ। यसले शिक्षक छनोटलाई प्रतिस्पर्धात्मकको सट्टा पैसामुखी बनाएको छ।"

परीक्षालाई स्तरीय र निष्पक्ष बनाउनकै लागि छनोट समितिमा जिशिअले तोकेका विनि वा स्रोतव्यक्ति

## अस्थायी शिक्षकको छनोट प्रक्रिया

**नियम** अनुसार, व्यवस्थापन समितिले शिक्षक पदपूर्तिका लागि कम्तीमा १५ दिनको समय दिएर दरखास्त आह्वान गर्नुपर्छ। सो विज्ञापनको सूचना स्कूल, स्रोतकेन्द्र, गाविस र जिशिका समेत टाँस्नुपर्छ। सम्भव भए स्थानीय पत्रपत्रिकामा समेत प्रकाशित गर्नुपर्ने हुन्छ। स्कूलले यसको लिखित जानकारी जिशिकामा समेत दिनुपर्छ।

आवेदकहरूको परीक्षा लिनका लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा तीन सदस्यीय शिक्षक छनोट समिति गठन गर्नुपर्छ। समितिमा जिशिअले तोकेको विनि वा स्रोतव्यक्ति र स्कूलकै प्रअ सदस्य रहन्छन्। छनोट समितिले आवेदकहरूबीच लिखित र मौखिक परीक्षा लिन्छ। समितिले आवश्यक ठानेमा प्रयोगात्मक परीक्षा समेत लिन सक्छ। लिखित १००, प्रयोगात्मक २५ र मौखिक परीक्षा(अन्तर्वार्ता) २५ अङ्कको हुन्छ।

परीक्षा शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम बमोजिम लिनुपर्छ। लिखित र प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरू अन्तर्वार्ताका लागि छनोट हुने छन्। अन्तर्वार्ताको समेत अङ्क जोडी सबैभन्दा बढी अङ्क ल्याउने उम्मेदवारलाई छनोट समितिले सिफारिस गर्छ। दोस्रो बढी अङ्क पाउने उम्मेदवार वैकल्पिक सूचीमा रहन्छ। विद्यालय व्यवस्थापन समितिले दुवैको नामावली प्रकाशन गर्नुपर्छ। छनोट भएको उम्मेदवारले ३० दिनभित्र नियुक्तिपत्र लिइसक्नुपर्छ। व्यवस्थापन समितिले जिशिकाबाट शिक्षक नियुक्तिको समर्थन लिनुपर्छ।

(शिक्षा नियमावली, २०५९ बाट)

# सार्वजनिक स्कूलमा शिक्षक छनौट



कलेन्द्र सेजुवाल

सुर्खेत, सामुदायिक माविको शिक्षक छनौटमा धाँधली भएको गुनासो गर्दै जिशिका पुगेका आवेदकहरू ।

राख्ने व्यवस्था गरिएको हो । तर, तिनै प्रतिनिधिहरू नै छनोटका क्रममा आउने दबाब र धम्कीले आफूहरू अप्ठेरोमा पर्ने गरेको बताउँछन् । जिशिका, काभ्रेकी विनि उषा हमाल भन्छिन्, "कतिपय छनोटमा प्रक्रिया पुगेकै हुँदैनन् । त्यसमा हस्ताक्षर गरौं, नियम विपरीत हुन्छ । नगरौं, समुदायको दबाब खेप्नुपर्छ । यस्तो अवस्थामा साह्रै अप्ठेरो हुन्छ ।" हमालका अनुसार, शिक्षक छनोटमा राजनीतिक कार्यकर्ताको दबाबले पनि थप समस्या उत्पन्न हुने गरेको छ । "जुन ठाउँमा जसको पकड छ त्यहाँ सोही दलको हस्तक्षेप हुने गरेको छ । दबाबको स्वरुप मात्रै फरक हो ।"

जिशिकाले स्कूलको अनुदान कोटा स्वीकृतिसँगै अङ्ग्रेजी, गणित र विज्ञान शिक्षकलाई प्राथमिकता दिन परिपत्र गरेको हुन्छ । तर, कतिपय स्कूलले यसलाई बेवास्ता गरिरहेका छन् । स्कूलको चाहना सकेसम्म निजी स्रोतमा पढाइरहेका शिक्षकलाई नै राहत वा अस्थायीमा छनोट गर्न खोज्छन् । यसको एउटा उदाहरण हो, काभ्रेको गोकुले मावि । गत असारमा सो स्कूलले मावि तहको जनसङ्ख्या शिक्षकका लागि विज्ञापन गर्‍यो । सोही स्कूलमा निजीस्रोतमा पढाइरहेकी शिक्षक शान्ति गौतमलाई प्राथमिकता दिने गरी जनसङ्ख्या विषयमा विज्ञापन गरिएको थियो । त्यसमा शान्तिसहित तीन जनाको आवेदन पर्‍यो । पछि अन्य दुईजनाले परीक्षा नै दिएनन् र शान्ति स्वत: छनोटमा परिन् । सो माविका प्रअ पदमप्रसाद तिमल्सिना यो बाध्यात्मक अवस्था भएको सुनाउँछन् । उनी भन्छन्, "दरबन्दी आयो भने नियुक्ति दिउँला भने थोरै तलब दिएर निजीस्रोतमा राखेका थियौं । अहिले मौका नदिई हुँदै भएन नि !"

आफूले चाहेको व्यक्तिलाई नियुक्त गर्नका लागि विद्यालयका प्रअ र जिशिकाले खटाएकै स्रोतव्यक्तिबाट प्रश्नपत्र 'आउट' गरिएका उजुरीहरू पनि शिक्षा कार्यालयमा पर्ने गरेका छन् । तर, त्यसको पर्याप्त प्रमाणको अभावमा वा इच्छाशक्तिको कमीका कारण जिशिकाले पनि प्राय: छानबिन गर्ने गरेको छैन । जिशिका, काभ्रेका शाखा अधिकृत शान्तिराम पौडेल भन्छन्, "यस्ता गुनासाहरू आइरहन्छन् । हामीले छनोट परीक्षाको कागजात हेर्छौं । त्यसमा सबै प्रक्रिया पुर्‍याइएको देखिन्छ ।" पौडेलको अनुभवमा, अनियमितता भएका स्कूलमा पनि त्यहाँका पदाधिकारीले प्रक्रिया मिलेको कागजात जिशिकामा पठाउँछन् ।

## अवसरको गलत प्रयोग

विकेन्द्रीकरणको स्थानीयस्तरबाटै शिक्षक नियुक्त गर्ने अभ्यासलाई एक हदसम्म सकारात्मक मानिएको थियो । तर, परिणाम भने अपेक्षा गरे जस्तो मात्र आएन । राहत शिक्षकको कोटा स्वीकृत भएको जिशिकाको पत्र स्कूलमा पुग्नासाथ छनोट प्रक्रियामा हुने गरेका चलखेलले यो छनोट प्रक्रिया समेत प्रवाहित हुने गरेको छ ।

काभ्रे, पाँचखालस्थित सर्वमङ्गला उमाविका प्राचार्य दामोदर अधिकारी भन्छन्, "स्थानीय स्तरमा शिक्षक छनोटको व्यवस्था आफैंमा बेठीक होइन । तर, राजनीतिक आस्था, नातावादका आधारमा 'अनुहार' हेरेर शिक्षक छान्ने प्रवृत्ति चाहिँ एकदमै गलत हो ।" राहत शिक्षक नियुक्तिमा देखिएको यो बेथितिको सीधा असर स्कूल र पठनपाठनमै पर्ने गर्छ । विवादका कारण कतिपय स्कूलको पठनपाठन नै रोकिने गरेका छन् भने छनोट प्रक्रिया निष्पक्ष नहुँदा योग्य र क्षमतावान्‌भन्दा गुणस्तरहीन शिक्षकले स्थान पाएका छन् । शिक्षकका लागि योग्य र क्षमतावान् हुँदाहुँदै पनि 'सोर्सफोर्स'मा पहुँच नपुग्नेले आवेदन दिनै हिचकिचाउने अवस्था छ । जिशिका, सुर्खेतका प्राविधिक सहायक भोजप्रसाद लम्साल भन्छन्, "यहाँ (जिशिका)मा टाँसिएका विज्ञापन हेरेपछि कतिपय व्यक्तिले त पहिल्यै अध्यक्ष र प्रअका नजिकका मान्छे भए/नभएको सोधीखोजी गर्छन् । अनि मात्रै आवेदन दिने/नदिने कुराको निधो गर्छन् ।"

सुर्खेतस्थित श्रीकृष्ण संस्कृत तथा साधारण उमाविका प्राचार्य गेहेन्द्रप्रसाद दाहाल भन्छन्, "शिक्षक छान्दा 'राम्रो' भन्दा पनि 'हाम्रो' भन्ने संस्कार बसेको छ । अन्तत: यसले शैक्षिक क्षेत्रलाई नै धरासायी बनाउँछ ।" शिक्षक युनियन, बाँकेका अध्यक्ष बलराम यादव थप्छन्, विवादको किचलोमा फसेका स्कूलको छवि बिग्रँदै गएको छ र पढाइको स्तर पनि गिर्दै गएको छ ।

## कमजोर अनुगमन

राहत शिक्षक वितरण गर्न थालेको पाँचवर्ष नाघिसक्दा पनि सरकारले यसलाई व्यवस्थित र स्थायी संयन्त्रमा रुपान्तरण गर्ने प्रक्रिया तय गर्न सकेको छैन । न त नियुक्ति प्रक्रियामा भरपर्दो सुपरीवेक्षण नै हुनसकेको छ । राहत शिक्षकको छनोटको विवादसम्बन्धी उजुरीको खात लाग्दा समेत शिक्षा कार्यालयहरू त्यस्ता विवादहरू निरुपण गर्नेतर्फ उदासीन देखिएका छन् । झापाका

जिशिअ दीपक काफ्ले भन्छन्, "हामीले सोझै हस्तक्षेप पनि गर्न सक्दैनौं। प्रक्रिया नमिलेका विवादमा मात्रै हेर्ने गर्छौं।" तर, शिक्षक छनोटमा स्थानीय स्तरमा हुने राजनीतिक विवादका अगाडि आफ्नो भूमिका कमजोर भएको कुरालाई भने उनी स्वीकार गर्छन्। "राजनीतिक हस्तक्षेपका अगाडि केही गर्न सकिँदैन। हामी कमजोर भएका छौं। हामी प्रशासनिक भूमिका बाहेकका कुनै पनि निर्णय गर्न नसक्ने अवस्थामा छौं।" उनले शिक्षक सँग टेलिफोनमा भने।

केन्द्रीय स्तरमा शिक्षा मन्त्रालय र शिक्षा विभाग तथा क्षेत्रीय शिक्षा निर्देशनालयबाट पनि राहत शिक्षकको नियुक्तिलाई पारदर्शी गराउने सवालमा ठोस र पर्याप्त प्रयासहरू भएका छैनन्। शिक्षा विभागका महानिर्देशक महाश्रम शर्मा शिक्षक छनोटका क्रममा जटिलता देखिएको तथ्यलाई स्वीकार गर्दै भन्छन्, "शिक्षक छनोटमा जटिलता देखिएका छन्। छिट्टै केन्द्रीय स्तरमा उच्चस्तरीय अनुगमन समिति बनाएर यसको हामी यसको अध्ययन गर्छौं र समितिले दिने सुझावका आधारमा यसलाई सुधार्दै जानेछौं।"

## कसो गरे राम्रो होला ?

हरेकजसो छनोटमा विवाद र धाँधली हुन थालेपछि अस्थायी राहत शिक्षक नियुक्तिमा नै प्रश्न उब्जाएको छ। शिक्षक नियुक्तिमा यस्ताखाले अपारदर्शिता र अन्योल कहिलेसम्म कायम रहने ? यसलाई कसरी व्यवस्थित तुल्याउन सकिन्छ? काभ्रेका जिशिअ सुन्दरकुमार शाक्यको भनाइमा आयोगले लिने खुल्ला प्रतिस्पर्धामा धेरै व्यक्तिले प्रतिस्पर्धा गर्ने हुँदा त्यसबाट गतिला शिक्षक छानिन सक्छन्। शाक्य भन्छन्, "शिक्षक सेवा आयोग छँदैछ। आयोगको परीक्षामा उत्तीर्ण भएकालाई 'मेरिट लिस्ट'का आधारमा रिक्त स्थानमा पदस्थापन गर्न सकिन्छ।"

शाक्यको भनाइसँग सहमत छन्, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, बाँकेका अध्यक्ष एकदेव पन्थी पनि। उनी भन्छन्, "अस्थायी र राहत शिक्षकका विज्ञापनहरू टेण्डर खोलेसरह भएका छन्। यस्ता विकृतिलाई रोक्न अस्थायी कोटालाई बन्द गरी आयोगबाट स्थायी पदपूर्ति गरिनुपर्छ।"

तर, व्यवस्थापन समितिका पदाधिकारीहरू भने समितिलाई नै मुख्य दोषी देखाएर स्थानीय स्तरमा शिक्षक नियुक्त गर्ने पद्धतिको विकल्प खोज्न नमिल्ने तर्क गर्छन्। बाँके, वैजनाथपुरस्थित राम माविका व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामनारायण चौधरी भन्छन्, "सबै पदाधिकारीले शिक्षक छनोटमा अनियमितता गर्दैनन्। कतिपय राम्रा पनि हुन्छन्। त्यो त उनीहरूको चरित्रमा निर्भर रहन्छ।" तर, कतिपय व्यवस्थापन समितिका पदाधिकारीहरू नै स्थानीय स्तरमा शिक्षक नियुक्ति प्रक्रिया प्रभावकारी हुनेमा विश्वस्त देखिँदैनन्। काभ्रेको सिसाखानीस्थित सूर्यज्योति प्राविका व्यवस्थापन समिति अध्यक्ष भीमबहादुर वाइवा भन्छन्, "हामीले नियुक्त गर्दा धेरै विवाद हुन्छ। हरेक पार्टीका कार्यकर्ताको दबाब आउँछ। बरु शिक्षा कार्यालयबाटै छनोट गरेर विद्यालयमा पठाउँदा राम्रो होला।"




राहत दरबन्दीको विज्ञापन नगरेकोमा जिशिका सुर्खेतले स्कूललाई पठाएको ध्यानाकर्षण पत्र।

तर, झापाका जिशिअ दीपक काफ्लेको धारणा भने बेग्लै छ। स्कूल व्यवस्थापनको अधिकार समुदायलाई दिइसकेपछि त्यसमा सरकारले हस्तक्षेप गर्न नमिल्ने उनको तर्क छ। काफ्ले भन्छन्, "स्थानीय स्तरका शिक्षक छनोटमा कमी कमजोरी देखिएका छन्। यो राजनीतिक अस्थिरताको परिणाम पनि हो। राजनीति स्थिर भयो भने सबै कुरा ठीक हुँदै जान्छ।" छनोट समितिलाई अहिलेभन्दा बलियो बनाएर स्वतन्त्र र निष्पक्ष बनाउने हो भने अहिलेको अवस्था सुधार्न सकिने धारणा भेटिन्छन्। सर्वमङ्गला उमाविका प्राचार्य दामोदर अधिकारी भन्छन्, "छनोट समितिमा एकजना विषय विशेषज्ञ र एकजना अभिभावक प्रतिनिधि थप्दा राम्रो हुन्छ। यसो गर्न सके छनोट परीक्षा अहिलेको भन्दा पारदर्शी बन्न सक्छ।"

उता, जनार्दन कार्यदलको प्रतिवेदनले योग्य व्यक्ति छनोट हुने अवस्थाको सुनिश्चितता गर्न शिक्षक सेवा आयोगलाई पनि लोक सेवा आयोगकै ढाँचामा विकसित गर्नुपर्ने सुझाव दिएको छ। प्रतिवेदनले भनेको छ, 'विशेष अनुदान (राहत) लगायत कुनै पनि प्रकारको शिक्षकलाई स्थानीयस्तरमा नियुक्ति गर्न आयोगबाट निर्धारित कार्यविधिभित्र रही योग्य व्यक्ति छनोट हुने व्यवस्था मिलाउनुपर्दछ।'

साथमा **कलेन्द्र सेजुवाल,** सुर्खेत, **चेतन अधिकारी,** झापा, **कल्पना पौडेल,** बाँके र **रितेश त्रिपाठी,** पर्सा

# शिक्षक मासिक ग्राहक बन्नका लागि सम्पर्क ठेगाना

१. **इलाम**
इलाम पुस्तक पसल
फोन: ०२७-५२०४२३, ९८४२६२७४२३

२. **झापा**
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दमक: ०२३-५८४१२५, ९८४२६२०७५७

जीविका इन्टरप्राइजेज
बिर्तामोड: ९८४२६२४६७७

३. **मोरङ**
वाणी प्रकाशन
विराटनगर: ०२१-५२८१२०, ९८०४३०१४४१

कट्टेल डिष्ट्रिब्युसन एजेन्सी
विराटनगर: ९८५२०२२५३३, ०२१-५३२३८७

४. **रौतहट**
प्रभात स्टेशनरी, चन्द्रनिगाहपुर: ०५५-५४०५०२

५. **सङ्खुवासभा**
शिखर बुक्स एण्ड स्टेशनरी
खाँदबारी: ०२९-५६०००७, ९८४२०५१६८४

६. **खोटाङ**
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दिक्तेल: ०३६-४२०२३२, ९८४२८४९२३२

७. **उदयपुर**
अनुप पुस्तक पसल
कटारी: ०३५-४५००१३, ९७४३००८१३३

८. **भोजपुर**
त्रिवेणी छापाखाना, ०२९-४२०१९०

९. **पाँचथर**
सरस्वती पुस्तक पसल, फिदिम: ०२४-६९००८३

१०. **तेह्रथुम**
श्रेष्ठ भण्डार
म्याङलुङ: ०२६-४६०१९३, ९८४१६८७७०७

११. **ताप्लेजुङ्ग**
सरस्वती पुस्तक पसल, ०२४-४६०१७१

१२. **सिरहा**
सीता नोबेल न्युज सेन्टर
लहान-१: ०३३-५६००२७, ९८४२८२००८१

१३. **सिन्धुली**
न्यू परजुना स्टेशनरी
सिन्धुली, २ नं. बजार: ०४७-५२००२५

१४. **रामेछाप**
जे.एन. पुस्तक पसल
मन्थली : ०४८-५४०३१०, ९७४१०५००११

मिलिजुली पुस्तक तथा स्टेशनरी
मन्थली: ०४८-५४००८३

१५. **दोलखा**
हारती स्टेशनरी एण्ड सप्लायर्स
भीमेश्वर: ०४९-४२१३२७, ९८४४०६५४६६

जिरी स्टेशनरी
जिरी: ०४९-६९०४७८, ९७४४००१०१६

१६. **सिन्धुपाल्चोक**
केशव स्टेशनरी
चौतारा: ०११-६२०२२६, ९८४१९२४४३७

१७. **भक्तपुर**
न्यू कस्टोमर सोलुसन
सूर्य विनायक: ९८०३०८१५०२

१८. **काठमाडौं**
ए.बी.जी. स्टेशनरी
बुढानिलकण्ठ: ०१-४३७७४९५

रवि न्यूज हाउस
फर्पिङ: ९८४१२७८९२३

१९. **सर्लाही**
गणेश स्टेशनरी
लालबन्दी: ०४६-५०११३८

२०. **काभ्रे**
प्रगति पुस्तक पसल
बनेपा: ०११-६६१२५७, ९८४१६०६५०६

श्रेष्ठ ट्रेडर्स
पनौती: ०११-४४००५४, ९८४१४७४९५१

सञ्जय स्टोर
धुलिखेल: ०११-४९०४६४, ९८५१०६३४३४

२१. **बारा**
गौरीशङ्कर पुस्तक पसल
निजगढ: ०५३-५४०१९२, ९८४५०३४९७१

२२. **पर्सा**
माइस्थान बुकसप
वीरगन्ज: ०५१-५२३४५०

२३. **मकवानपुर**
समाचार केन्द्र
स्कूल रोड, हेटौंडा: ९८४५१०५०७१

२४. **चितवन**
नारायणी पुस्तक सदन
नारायणगढ: ०५६-५२१२८०, ९८४५०६३९२३

२५. **नुवाकोट**
उत्सुक जेनेरल स्टोर
बिदुर: ०१०-५६०४१९

२६. **धादिङ**
त्रिपुरा पुस्तक पसल
धादिङवेसी: ०१०-५२०१९०

न्यू धादिङ स्टेशनरी
निलकण्ठ: ०१०-५२०६६५

हिमाल बुक्स एण्ड स्टेशनरी
धादिङ, बैरेनी: ०१०-५२९२६०

२९. **नवलपरासी**
मिलन पुस्तक पसल
सुनवल: ०७८-५७०२११, ९८४७०२२१०८

३०. **तनहुँ**
गण्डकी पुस्तक पसल
दमौली: ०६५-५६०१२८, ९८५६०२४४५६

अविद स्टेशनर्स
डुम्रे: ०६५-५८००५५, ९८४६०६०८०१

३१. **लमजुङ**
झरना पुस्तक पसल
बेसीशहर: ०६६-५२०५१०, ९८४६०९९८३६

३२. **गोरखा**
रोजिना पुस्तक भण्डार
विद्यालय मार्ग: ०६४-४२०१६३, ९८५६०२७३७५

३३. **पर्वत**
जय दुर्गा स्टेशनरी, कुस्मा: ०६७-४२०२९३

३४. **गुल्मी**
रेसुङ्गा विज्ञापन सेवा
तम्घास: ०७९-५२०६८६, ९८४७०७२८२६

३५. **रूपन्देही**
सरल स्टेशनरी केन्द्र
भैरहवा: ०७१-५२१७३४, ९८४७०२३२२९

विशाल पुस्तक पसल
बुटवल: ०७१-५४६५५९

३६. **पाल्पा**
श्रेष्ठ न्युज एजेन्सी
तानसेन: ०७५-५२०१८२

३७. **अर्घाखाँची**
उमेश छापाखाना
सन्धिखर्क: ०७७-४२०१७०

३८. **दाङ**
खनाल पुस्तक पसल
भालुबाङ: ०८२-५८०१५८

रावल पुस्तक पसल
लमही, फोन: ०८२-५४००८०

जनता बुक स्टल, घोराही
फोन: ०८२-५६०२६९, ९८४७८३२१५४

३९. **बाँके**
हिमाल डिस्ट्रिब्युटर, नेपालगन्ज
फोन: ०८१-५२३८४८

४०. **बर्दिया**
जनप्रिय पुस्तक पसल
गुलरिया: ०८४-४२०२११

न्यू अर्याल पुस्तक पसल, भुरिगाउँ
फोन: ०८४-६९२२८१, ९८४८०३५४०३

४१. **सुर्खेत**
संगम पुस्तक पसल,
सुर्खेत: ०८३-५२१०७९, ९८४८०४१७०६

अल्फा स्टेशनरी
बुद्धपथ: ०८३-५२११३७

४२. **दैलेख**
शर्मा स्टेशनरी
दैलेख: ०८९-४२००७४, ९८४८०६२८९६

४३. **कैलाली**
निलम पुस्तक पसल
अत्तरिया: ०९१-५५०७३८, ९८५८४२०७३८

४४. **कञ्चनपुर**
महाकाली समाचार केन्द्र
महेन्द्रनगर: ०९९-५२१६५३

४५. **अछाम**
भावुक स्टेशनरी
साँफेबगर: ०९७-६९०१९४, ९७४१११९२९७

४६. **डडेलधुरा**
तारापुञ्ज स्टेशनरी
०९६-४२०१९५, ९७४१०४७५४०

४७. **दार्चुला**
चौलानी पुस्तक पसल, गोकुलेश्वर
फोन: ०९३-६९०३३८, ९७४१११८९२५

४८. **बाँके**
न्यू त्रिवेणी पुस्तक सदन, धम्बोजीचोक
फोन: ०८१-५२२५६३, ९८४८०२२७९९

यहाँहरूलाई उपलब्ध भइरहेको शिक्षक मासिकको सहज भुक्तानीको लागि राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा अन्तर्गत हिमाल एसोसिएसनको नाममा रहेको चल्ती खाता नं ११४०००१५४५०१ मा रकम जम्मा गरिदिनुहुन अनुरोध छ । रकम जम्मा गरेको रसिद सुरक्षित राख्नुहोला । रकम प्राप्त भएपछि तपाईंको नाममा आम्दानी जनाइनेछ ।



तस्बिरहरू: प्यारिन

# केन्द्रबाट लाइसेन्स स्कूलबाट नियुक्ति

**सार्वजनिक अर्थात् सरकारी विद्यालयमा शिक्षक नियुक्ति कसले गर्नुपर्छ भन्नेबारेमा सबैका आ–आफ्नै मत छन्; साझा धारणा अझै बन्न सकेको छैन। यही सवालमा केन्द्रित रही शिक्षक मासिकले १८ कात्तिक २०६६ मा राजधानीमा आयोजना गरेको संवाद मा सहभागी शिक्षाका प्रशासक, शिक्षाविद्, प्रअ, शिक्षक र अभिभावकको पनि यो विषयमा समान दृष्टिकोण पाइएन। संवादका सहभागीमध्ये केहीले लोक सेवा आयोग जस्तो स्वतन्त्र निकायले राष्ट्रिय प्रतिस्पर्धाबाट शिक्षक नियुक्ति गर्नुपर्ने तर्क गरे भने अर्कोथरीले केन्द्रले 'शिक्षक लाइसेन्स' वितरण गर्नुपर्ने र समुदायले शिक्षक नियुक्ति गर्नुपर्नेमा जोड दिए। प्रस्तुत छ उक्त कार्यक्रमा व्यक्त विचारको सम्पादित अंश।**

**अहिले चलिरहेको शिक्षक छनोट र नियुक्ति अभ्यास तपाईंलाई कस्तो लागेको छ ?**

**रामचन्द्र आचार्य**, *भुवनेश्वर मावि, धादिङः* हाम्रो वरपरका स्कूलहरूको अनुभव त्यति राम्रो छैन। व्यवस्थापन समिति आफ्नो पञ्जामा पार्न राजनीतिक दलबीच तँछाडमछाड हुन्छ। त्यसरी बनेका व्यवस्थापन समितिले आफन्त र आफ्ना पार्टीका मानिसलाई शिक्षक बनाएका छन्, सक्षम वा दक्ष व्यक्तिलाई होइन। यदि कोही योग्य व्यक्ति शिक्षक भएको छ भने त्यो संयोग मात्र हो।



**लक्ष्मण शर्मा**, *प्रअ, सत्यवती उच्च मावि धादिङः* राहत कोटा भागबण्डा गरिएको छ। एउटाको लाइसेन्समा अर्कै व्यक्ति शिक्षक बनेको पनि छ। शिक्षा कार्यालयमा तलब निकासाको लागि एउटाको लाइसेन्स अनि स्कूलमा काम गर्न र तलब खान चाहिँ अर्कै व्यक्ति राखिएको हुन्छ। लाइसेन्स नै नभएका मानिसले पनि राहत कोटामा नियुक्ति पाएका छन्। स्कूलहरूमा 'राम्रो' भन्दा 'हाम्रो' मान्छे राख्न तँछाडमछाड हुन्छ। हाम्रो स्रोतकेन्द्र अन्तर्गत ३७ वटा स्कूलहरू छन्। तीमध्ये चार वटा स्कूलमा पद्धतिअनुरुप शिक्षक नियुक्ति हुन नसकेकाले विवाद सृजना हुने गरेको छ।



**तपाईंको स्कूलमा दलीय हस्तक्षेप छैन त ?**

**लक्ष्मण शर्मा:** हाम्रोमा दरबन्दी नै थोरै छ, हामीले प्राय: निजी स्रोत शिक्षक राख्ने गरेका छौं । अहिले पनि १३ जना निजी स्रोत शिक्षक छन् । हामीले खोजे जस्ता शिक्षक गाउँमा प्राय: पाइँदैनन्; काठमाडौँबाट लैजानुपर्ने अवस्था छ । अनि हामीलाई स्कूलमा 'आफ्नो मान्छे' घुसाउनु छैन, 'राम्रो मान्छे' राख्नु छ । यिनै कारणले हाम्रो स्कूलमा दलीय हस्तक्षेप नभएको हुन सक्छ ।



**व्रजभूषण राय:** *प्रअ, श्रमिक शान्ति उमावि, च्यासल, ललितपुर:* २०६३ साल यता शिक्षक लाइसेन्सको परीक्षा भएको छैन । त्यसैले विद्यालयहरूले त्यतिबेलासम्म लाइसेन्स लिएकामध्येबाट शिक्षक छनोट गर्नुपरेको छ । चाहे तिनीहरू योग्य हुन् वा नहुन् । योग्य र क्षमता भएका अधिकांश मानिसले लाइसेन्स लिन पाएका छैनन् । तिनलाई स्कूलले चाहेर पनि शिक्षक बनाउन सकेको छैन । त्यसैले स्कूलमा योग्य र दक्ष जनशक्तिको अभाव छ ।

मेरो स्कूलमा अहिलेसम्म कुनै प्रकारको दलीय हस्तक्षेप छैन । व्यवस्थापन समितिले 'तपाईंलाई जे ठीक लाग्छ, त्यो गर्नुस् र स्कूल राम्रो बनाउनुस्' भनेको हुनाले मैले स्कूलको साख बचाउन सकेको हुँ । दलीय हस्तक्षेप हुने वा नहुने भन्ने कुरा मुख्य रूपमा हेडमास्टरमा भर पर्छ ।



**सत्यनारायण महर्जन,** *स्रोतव्यक्ति, पाटन स्रोतकेन्द्र, ललितपुर:* ललितपुरका केही स्कूलमा विवादका कारण जिशिकाले रिक्त पदमा शिक्षक पूर्ति गर्न सहमति दिएको छैन । मेरै स्रोतकेन्द्र अन्तर्गतको पाटन माविमा दरबन्दी खाली भएको एक वर्ष भयो तर अस्थायी शिक्षकको नियुक्ति हुनसकेको छैन ।

विगतमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रअ र स्रोतव्यक्ति रहेको तीन जनाको छनोट समिति बनाइन्थ्यो भने अहिले स्रोतव्यक्तिको सट्टा विद्यालय निरीक्षकलाई छनोट समितिमा राख्ने नयाँ व्यवस्था गरिएको छ ।

शिक्षक नियुक्तिमा धेरै समस्या छन् । "मैले राहतकोटा ल्याएको छु, स्कूलमा शिक्षक बनाएर राखिदिनुहोस् न" सम्म भन्ने पनि भेटिन्छन् । राहत शिक्षक नियुक्तिमा पनि दुई थरी अभ्यास भइरहेको छ ।



**अच्युतप्रसाद पौडेल,** *व्यवस्थापन अध्यक्ष, यज्ञमूर्ति मावि, कपन, काठमाडौं:* प्रावि तहको चार जनाको दरबन्दीमा मावि चलाइरहेको छु । जिल्ला शिक्षा कार्यालयका मान्छेले पनि राहतकोटा लैजाने हो भने हाम्रो मानिसलाई जागिर खुवाउनुपर्छ भनेर शर्त राख्छन् । त्यस्तो शर्त मानिएन भने राहत कोटा पाइँदैन । राहत कोटा पाइएन भने कसरी माध्यमिक तहसम्म चलाउने ? त्यसैले हामीसँग शर्त मान्नुको विकल्प हुँदैन । त्यसैले हामी 'राम्रो' शिक्षक होइन, 'हाम्रो' शिक्षक भर्ना गरिरहेका छौं । अधिकांश विद्यालय यस्तै समस्याबाट पीडित छन् ।

**व्यवस्थापन समितिहरुले नै दलीय हस्तक्षेपलाई प्रोत्साहन गरेको सुन्ने गरिन्छ । त्यस्तै भइरहेको हो ?**

**अच्युतप्रसाद पौडेल:** त्यो कुरामा सत्यको अंश छ । व्यवस्थापन समितिको म्याद दुई वर्षमा सकिन्छ । त्यसपछि नयाँ छनोटको काम समयमै हुँदैन । समितिको छनोट पनि राजनीतिक भागबण्डाको आधारमा हुने गर्छ । तर म त्यसको अपवादमा पर्छु । म निरन्तर १४ वर्षदेखि व्यवस्थापन समितिको अध्यक्ष छु । मैले स्कूलमा राजनीति गरेको छैन । विद्यालयमा दलीय राजनीति व्यवस्थापन समिति र अध्यक्ष र हेडमास्टरका कारण वा कमजोरीले छिर्ने गर्छ ।



**रामचन्द्र महर्जन,** *अध्यक्ष, व्यवस्थापन समिति, बालकुमारी उमावि, सुनाकोठी ललितपुर:* म अध्यक्ष भएको १८ महिनामा हामीले दुई जना शिक्षक राख्यौं । विशेषज्ञसहितको छनोट समिति बनाए पनि जिल्ला शिक्षा कार्यालयले छनोटमै खेलिदिँदोरहेछ । लाइसेन्स छ तर शिक्षक हुने क्षमता छैन । प्राइभेट स्कूलमा पढाएको नक्कली अनुभव देखाउनेलाई हामीले फेला पार्दा तिनै मानिसलाई जिल्ला शिक्षाले राख भनेर हामीलाई दबाब दिन्छ । तैपनि मैले जिशिकाको दबाबलाई अस्वीकार गरेर प्रतिस्पर्धाबाट योग्य र क्षमतावान् ठहरिएका व्यक्तिलाई शिक्षक नियुक्त गरेको छु । राहत शिक्षकको कोटा पाउन गाह्रो छ । कोटाका निम्ति जिशिका जाँदा 'माथि जानुस्' भन्ने गरिन्छ । त्यसैले मेरो विद्यालयमा पाँच जना निजी स्रोत शिक्षक छन् । १०-१२ वर्ष पढाइसकेका ती शिक्षकलाई अझै राहत कोटा वा दरबन्दीमा राख्न पाइएको छैन ।



**पदमप्रसाद पाण्डे,** *कोषाध्यक्ष, नेपाल शिक्षक युनियन:* म स्याङ्जाको एउटा उमाविको प्राचार्य पनि हुँ । २०६४ असोज ५ गते व्यवस्थापन समितिबाट म अकारण निष्कासित भएँ । दुई पटक पिटाइ खानुपर्‍यो, कालोमोसो दलियो । शिक्षा विभागले संरक्षण दिएका कारण मेरो जागिर धानिएको छ । मेरो विद्यालय समुदायमा हस्तान्तरण नभएको कारण आजसम्म मेरो जागिर जोगिएको हो, नत्र गइसक्थ्यो ।

ललितपुर जिल्लामै एक महिला शिक्षकले बोक्सीको आरोपमा एक जना दलितलाई दिसा खुवाइन् । त्यो अपराधलाई समाजले अपराध मानेन । हाम्रो नेपाली समाजको स्तर कस्तो छ भन्ने बुझ्न त्यो घटना पर्याप्त छ । यस्तो समाजलाई विद्यालय हस्तान्तरण गरेर शिक्षक छनोटको अधिकार दिइएको छ । तिनले

कसरी सही र योग्य शिक्षकको छनोट गर्लान्? अपवाद बाहेक शिक्षक छनोट प्रक्रियामा पार्टीको वर्चस्व छ। जुन स्कूलमा जुन दल वा व्यक्तिको प्रभुत्व छ, उसैको मनोमानी छ। क्षमता र योग्यताको आधारमा शिक्षक छनोट भएको छैन।



**प्रा. डा. प्रेमनारायण अर्याल,** *शिक्षाविद्:* 'मल्टिग्रेड' शिक्षणको अनुसन्धान गर्ने क्रममा एउटा स्कूलमा एक जना अनुपस्थित महिला शिक्षकको ठाउँमा उनकै बहिनीलाई शिक्षण गर्न लगाइएको पाइयो। खास शिक्षक अर्थात् दिदीचाहिँ काठमाडौंको ताहाचल क्याम्पसमा पढ्दी रहिछन्। धेरै विद्यालयमा पियनले नै शिक्षण गरेको पनि पाइन्छ। केटाकेटीहरू त्यस्तालाई 'पियन सर' या 'मिस' भनेर बोलाउँछन्। यी केही उदाहरण मात्र हुन्। स्कूलमा अयोग्य शिक्षक धेरै छन्। शिक्षक लाइसेन्स लागू भएपछि पहिलेको तुलनामा केही सुधार आएको छ, तर योग्य र दक्ष मानिस कमै मात्र शिक्षक बनेका छन्। शिक्षक लाइसेन्स दिने प्रक्रिया र परिपाटीमा सुधार गर्ने हो भने अहिलेको अवस्थामा धेरै सुधार आउँछ।



**डा. विष्णु कार्की,** *शिक्षाविद्:* शिक्षक लाइसेन्सिङ या नियुक्तिको सवालमा नेपाल मात्र समस्याग्रस्त मुलुक होइन। तर जुनसुकै देश वा समाजको पहिलो आवश्यकता कक्षाकोठालाई निरन्तरता दिनु र पर्याप्त शिक्षक उपलब्ध गराउनु नै हुन्छ। हामीले पर्याप्त शिक्षकको व्यवस्था गर्न सकिरहेका छैनौं। पर्याप्त शिक्षकै नभएको बेला शिक्षकको स्तर र दक्षता मुख्य मुद्दा बन्न सक्दैन। शिक्षा मन्त्रालयको पछिल्लो तथ्याङ्क अनुसार पनि रुण्डै ४० हजार शिक्षक अपुग देखिन्छ। यस्तो अवस्थामा हामी कसरी गुणस्तरको मुद्दामा 'जम्प' गर्न सक्छौं र?

हो; शिक्षकको गुणस्तर धेरै महत्त्वपूर्ण मुद्दा हो। तर त्योभन्दा अघि पर्याप्त शिक्षक व्यवस्था हुनै पर्छ अनि मात्र गुणस्तरमा सोच्न सकिन्छ।



**जनार्दन नेपाल,** *सहसचिव, शिक्षा मन्त्रालय:* दलीय राजनीति शिक्षामा मात्र होइन, सबैतिर छ। राजनीति हाम्रो समग्र सामाजिक जीवनपद्धतिकै हिस्सा बनिसकेको अवस्थामा हामी शिक्षालाई मात्र त्यसबाट अलग राख्न सक्दैनौं। त्यसैले, अब हामीले राजनीतिलाई कसरी शिक्षा र स्कूलको हितमा प्रयोग गर्ने भन्ने बारे सोच्नु राम्रो हुन्छ।

लाइसेन्स पद्धति लागू भइसकेपछि न्यूनतम योग्यता नभएको मानिस शिक्षक बनेको छैन। शिक्षक नियुक्तिको कुरा गर्दा उपलब्ध जनशक्तिमध्ये सबैभन्दा राम्रोलाई लिन सकियो कि सकिएन भन्ने मुख्य प्रश्न हो।

छलफलमा तीन थरी विचार आयो। कुशल प्रधानाध्यापक र प्रभावकारी व्यवस्थापन समिति भएको ठाउँमा राजनीतिक हस्तक्षेप न्यून मात्र भएको छ। त्यस्ता स्कूलमा शिक्षक छनोट पनि राम्रै भएको पाइन्छ।

लाइसेन्स पद्धतिलाई लागू गर्ने सन्दर्भमा हामी चुकेका छौं। शिक्षक लाइसेन्स लागू गर्दा हामीले कार्यरत शिक्षकहरूबाट होइन, नवप्रवेशीबाट शुरु गर्नुपर्थ्यो। पढाइरहेका शिक्षकहरूले पनि लाइसेन्स लिनुपर्छ भन्दा मन्त्रालयले आफैंले राखेका शिक्षकको क्षमतामा प्रश्न गरेको देखियो। यही कमजोरीले गर्दा लाइसेन्स प्रणाली लागू गर्न समस्या र व्यवधान खडा भए। कार्यरतलाई स्वत: लाइसेन्स दिएको भए नवप्रवेशीलाई कडाइका साथ परीक्षा लिएर लाइसेन्स दिने व्यवस्था लागू गर्न सकिन्थ्यो। हामीले यो गल्तीलाई अब सच्याउनै पर्छ। स्तरीय शिक्षक छनोटको आधार शिक्षक लाइसेन्सको प्रभावकारी व्यवस्था नै हो।

व्यवस्थापन समितिको गठन पहिला जिल्ला शिक्षा कार्यालयबाट हुन्थ्यो। जो मन्त्री हुन्छ, उसले बनाएर पठाएको सूचीका आधारमा समिति गठन हुँदा समुदायमा राम्रो गरेका र सही मानिस समितिमा आउन सकेनन्। अभिभावकहरू मध्येबाट व्यवस्थापन समिति उनीहरूले नै छान्नु बेस होला भनेर सरकारले अहिलेको व्यवस्था गरेको हो। यो प्रजातान्त्रिक अभ्यास पनि हो। तर मुहान नै धमिलो भएको बेला धारामा सफा पानी आएन भन्नु उचित हुँदैन। हिजो जिल्ला शिक्षा कार्यालयमार्फत हुने मनोनयन भन्दा आजको यो अभ्यास निकै राम्रो छ। त्यसैले नीति नराम्रो होइन, तर कार्यान्वयनमा समस्याहरू आएका हुन्। प्रभुत्व जमाएका मानिसले व्यवस्थापन समितिलाई प्रभावित गर्ने या अप्रत्यक्ष रूपमा स्कूल कब्जा गरेर दुरुपयोग गरेका घटनाहरू छन्। संरक्षकको नाममा अभिभावक बन्ने र व्यवस्थापन समितिमा बसेर खेल्ने कुरालाई निरुत्साहित गर्नु आवश्यक छ। वास्तविक अभिभावकमध्येबाट मात्र व्यवस्थापन समितिमा बस्न पाइने प्रावधानले यो समस्यालाई न्यूनीकरण गर्न सक्छ। तर, ढोका बन्द गर्दा कतै भित्र मान्छे नै बस्न नसक्ने गरी हावा नचल्ने हो कि भन्ने कुरामा पनि हामी चिन्तित छौं। किनभने स्कूलको उन्नति चाहने ठूलो जमातलाई राम्रो काम गर्न निरुत्साहित गर्नुहुँदैन।

जहाँसम्म शिक्षक नियुक्तिको कुरा छ, स्कूलबाटै शिक्षक छनोटको विज्ञापन गर्दा सीमित निवेदन पर्छन्। जसले गर्दा प्रतिस्पर्धा कम हुन जान्छ। तथापि यो छनोट प्रक्रिया एकदमै गलत छ भन्ने होइन। धेरै जना बीचमा प्रतिस्पर्धा हुने र राम्रो जनशक्ति छानिने कुराको ग्यारेन्टीका लागि अन्य उपायहरुको पनि आवश्यकता छ। आफ्ना केटाकेटीको भविष्यप्रति अभिभावकलाई जति चासो र चिन्ता अरूलाई हुँदैन। त्यसैले अभिभावकहरु आफ्ना छोराछोरी पढाउन राम्रा शिक्षक छान्न अग्रसर हुनै पर्छ। यदि हामीले अहिलेको बाटो छाडेर अर्को बाटो लियौं भने पनि त्यहाँ पनि समस्या/कमजोरी हुँदैनन् भन्ने छैन।

### शिक्षकको छनोटमा अहिले देखिएका समस्याका कारक तत्व के के हुन्?

**रामचन्द्र शर्मा:** केही अपवादलाई छाडेर देशभरिका

स्कूलमा दलीय हस्तक्षेप छ, र त्यो नै दक्ष शिक्षक नियुक्तिको बाधक बनेको छ। प्रधानाध्यापकहरू राजनीतिक दलको पछि लाग्नै पर्ने परिस्थितिले धेरै समस्या बढाएको छ। यदि प्रअ राजनीतिक दलको पछाडि नलाग्ने हो भने स्कूलको वातावरणमा सुधार आउँछ। व्यवस्थापन समिति पनि दलको इशारामा नचल्ने हो भने त धेरै समस्या आफैं समाधान हुन्छन्। त्यतिखेर सबैको ध्यान योग्य शिक्षकको छनोटमा गइहाल्छ।

**वज्रभूषण राय:** मेरो अनुभवमा विद्यालयको प्रअ र व्यवस्थापन समितिको अध्यक्ष शिक्षाप्रति प्रतिबद्ध र इमानदार छन् भने स्कूल राम्रो हुन्छ। शिक्षक छनोट गर्दा राजनीतिक या अरू क्षेत्रबाट दबाब आउँछन्। तर त्यसलाई सहने या प्रतिरोध गर्ने क्षमता प्रअ र अध्यक्षमा हुनुपर्छ। यस्तो भएमा अरूले केही बिगार्न सक्दैनन्।

शिक्षा नियमावलीमै पनि त्रुटि छन्। जल्ला शिक्षा कार्यालयलाई समस्या थाहा छ। तर ती समस्याको समाधान गर्ने र स्कूलमा स्तरीय पठनपाठन गराउन जिशिकाले आवश्यक पहल गर्न सकिरहेको छैन। ऐन-नियमले नै जिशिकाको हात बाँधिदिएको छ। हामी अहिले छलफल गरेर बसेभन्दा पाँच मिनेट परको एउटा विद्यालयको परीक्षाफल शून्य छ, जहाँ पहिला सात आठ सय विद्यार्थी थिए, आज सय जना पनि छैनन्। त्यहाँ योग्य र दक्ष प्रअ छान्ने हैसियत न जिल्ला शिक्षा कार्यालयमा छ, न त शिक्षा विभागमै । न त व्यवस्थापन समितिमै छ। त्यसो भए त्यो हैसियत कोसँग छ? अब के गर्ने?

**जनार्दन नेपाल:** केन्द्रबाट अवाञ्छित हस्तक्षेप नहोस् भनेर हामीले ऐन नियममा त्यस्तो प्रावधान राखेनौं। तर ब्याङ्किङ क्षेत्रमा झैं यहाँ पनि सकारात्मक हस्तक्षेपको नीतिको आवश्यकता महसुस गरिएको छ। कुनै ब्याङ्क वा वित्तीय संस्था राम्रोसित चलुञ्जेल राष्ट्र ब्याङ्कले कुनै हस्तक्षेप गर्दैन। तर जब कुनै ब्याङ्क सङ्कटमा पर्छ, राष्ट्र ब्याङ्कले तुरुन्तै त्यसको व्यवस्थापन हातमा लिन्छ। त्यसैगरी कुनै स्कूल राम्रोसित चलेको छैन र सुधारका अरू सबै प्रयास असफल भए भने जिल्ला शिक्षा कार्यालयले त्यो स्कूलको व्यवस्थापन हातमा लिने व्यवस्था गर्नु जरुरी भएको छ। बिग्रन लागेको स्कूललाई सुधार गरेर पुन: विद्यालय व्यवस्थापन समितिलाई नै जिम्मा दिइनुपर्छ।

**सत्यनारायण महर्जन:** शिक्षक छनोटको चालु प्रक्रिया कागजी रूपमा दुरुस्त देखिन्छ। तर व्यवहारमा धेरै जसो ठाउँमा योग्य र दक्ष भन्दा बढी 'आफ्ना' मान्छेले मौका पाएका छन्। हेडमास्टर र व्यवस्थापन समितिको अध्यक्षको आचरण राम्रो कसरी बनाउने? प्रतिबद्धता र वातावरणले धेरै कुरा फरक पार्छ। स्कूलप्रतिको प्रतिबद्धता छ भने त्यहाँ गडबढी हुन्न। यदि स्कूलको वातावरण राम्रो छ भने व्यक्तिविशेषले गडबढी गर्न चाहेर पनि सक्दैन।

**लक्ष्मण शर्मा:** समुदायलाई स्कूल जे गर्छौ गर भनेर छाडिएको छ। सय वटा स्कूलमा एकतिहाईलाई पनि आवश्यक शिक्षक दरबन्दी दिइएको छैन। शैक्षिक सामग्री र पुस्तकालय छैन। स्कूलले जे जति गर्न सक्यो गऱ्यो। नत्र बेहाल अवस्थामै स्कूल चलेका छन्। आदर्श लक्ष्य राखेर समुदायले स्कूल चलाउने बेला अझै नेपालमा भएको छैन। यसनिम्ति राज्यको भूमिका नै महत्त्वपूर्ण हुन्छ। तर सरकारलाई यो कुराको हेक्का नभएको अनुभूति हुन्छ। स्कूलमा यसरी सामाजिक र राजनीतिक हस्तक्षेपको बाटो सरकार आफैंले खोलिदिएको हो।



**बालमुकुन्द वासुकला**, *वासु उमावि, भक्तपुर:* सचेत राजनीतिबिना शिक्षाको विकास हुँदैन। तर दलीय स्वार्थका लागि जे पनि गर्ने परिपाटीका कारण राजनीतिले शिक्षालाई अगाडि बढाउन नसकेको हो। देशको स्वार्थका लागि राजनीति गरिएको भए शिक्षा क्षेत्रले धेरै प्रगति गरिसकेको हुन्थ्यो।

विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले समुदायसँग घनिष्ठ सम्बन्ध स्थापित गर्न सक्दा स्कूल राम्रोसित चल्न सक्दो रहेछ भन्ने मेरो अनुभवले देखाउँछ। स्कूलले हाम्रा केटाकेटीलाई गुणस्तरीय पढाइ दिन्छ भन्ने विश्वास अभिभावकलाई दिलाउन सकेमा समुदायको भरपूर सहभागिता र सहयोग पाइन्छ। व्यवस्थापन समितिमा राजनीतिक घुसपैठ हुन्छ र अध्यक्षले प्रअलाई अवाञ्छित काम गर्न दबाब दिन्छ भन्ने कुरा मान्न म तयार छैन। शिक्षक र प्रअ स्कूलको उन्नतिका लागि मरिमेटेर काम गरिरहेका छन् भने कसैले केही गर्न सक्दैन। प्रअ निडर, निर्भीक र कसैको चाकडी नगर्ने खालको हुनुपर्छ। चाकडी गर्नेहरूले जहिले पनि गल्ती गरेकै हुन्छन्। तिनको नियत कहिल्यै सफा हुँदैन। सही प्रअ छनोट हुन नसक्दा समस्या बढेका हुन्।

सात आठ वर्षअघि लाइसेन्स लिएर घरमा बसेको व्यक्ति अचेल पुरानो लाइसेन्सका आधारमा शिक्षक बन्न आउँछ। यसले स्तरीय शिक्षक छनोटमा हानि पुगेको छ। लाइसेन्स लिएको ६ महिनाभित्र कोही शिक्षक बन्छ भने ठीक छ, नत्र लाइसेन्सको अर्थ छैन। अत: लाइसेन्सको अवधि तोकिनुपर्छ। कार्यरत शिक्षकले पनि निश्चित अवधिपछि परीक्षा दिएर पुन: लाइसेन्स लिने व्यवस्था गरे उत्तम हुन्छ। एक पटक लाइसेन्स लिएपछि जीवनभर लिनु नपर्ने हुनुहुन्न।

शिक्षकको पेसागत विकासका लागि तालिम आवश्यक छ। तर तालिम लिँदैमा कुनै पनि शिक्षक राम्रो हुन्छ भन्न चाहिँ सकिँदैन। तालिम अनुसार

कक्षाकोठा चलेको हुनुपर्छ। विद्यार्थीको सिकाइ उपलब्धिमा तालिमको प्रभाव झल्किनुपर्छ।

**पदमप्रसाद पाण्डेः** दलीय राजनीतिले शिक्षा क्षेत्रमा सकारात्मक भन्दा नकारात्मक असर पारेको छ। विद्यालय व्यवस्थापन समिति राजनीति गर्ने अखडै बनेको छ। दलीय राजनीतिले शिक्षक छनोट स्वतन्त्र, निष्पक्ष र प्रतिस्पर्धी हुनदिएको छैन।

तसर्थ शिक्षक छनोट गर्ने एउटा निष्पक्ष र स्वतन्त्र निकाय चाहिन्छ भन्ने शिक्षक युनियनको भनाइ हो। लोक सेवा आयोग जस्तै निकायबाट शिक्षक छनोट हुँदा त्यो स्वतन्त्र, निष्पक्ष र प्रतिस्पर्धी हुन्छ भन्ने हाम्रो दृष्टिकोण छ। स्वतन्त्र निकायले राष्ट्रिय प्रतिस्पर्धाबाट उम्दा शिक्षक छान्न सकेमा शिक्षकको मर्यादा पनि स्वतः बढ्छ र स्तरीय शिक्षा प्राप्त गर्ने विद्यार्थीको अधिकार पनि सुनिश्चित हुन्छ।

**डा. प्रेमनारायण अर्यालः** शिक्षक र शिक्षक युनियनलगायतका पेशागत संस्थाहरूले दक्ष शिक्षक छनोटमा जोड दिने हो भने हाल देखिएका धेरै समस्याहरू समाधान हुन्छन्।


**डा. विष्णु कार्कीः** शिक्षक छनोटका समस्या केलाउँदा शिक्षक, प्रअ, व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालय, मन्त्रालय र राजनीतिक दलहरूको कमजोरी अवश्य देखिन्छ। मलाई चाहिँ यसभन्दा अलि तल पनि गएर यो समस्या केलाइनुपर्छ जस्तो लाग्छ। जस्तो, हामीले शिक्षक बन्ने वातावरण तयार गरेका छौँ कि छैनौँ? मूल सवाल यही हो। स्कूलमा गएर विद्यार्थीका बीचमा सर्वेक्षण गर्‍यौँ भने उम्दा विद्यार्थीमध्ये धेरैले शिक्षक बन्ने सपना देखेको पाइँदैन। राम्रा र योग्य शिक्षक चाहिन्छ भनेर हामीले अभिभावक र व्यवस्थापन समितिलाई प्रोत्साहित गर्न सकेका छैनौं। मुख्य समस्या यही हो। अहिलेका शिक्षकमध्ये कति प्रतिशतले शिक्षक नै बन्छु भन्ने अठोट गरेका थिए? यथार्थमा शिक्षक पेसामा आउँछु भनेर आउने शिक्षकहरू धेरै छैनन्। हामीले शिक्षक तयारीमा पनि उत्तिकै ध्यान दिनुपर्छ। देशमा गतिलो जनशक्ति उत्पादन भइदिए छनोटमा अलि अलि राजनीति भए पनि योग्य शिक्षक त आइहाल्छन्।

## योग्य शिक्षक छान्ने अरू व्यावहारिक उपाय के हुनसक्छन् ?

**लक्ष्मण शर्माः** छनोट गर्दा नै खोट नभएको मानिस छान्न सक्नुपर्छ, छानेपछि दोष दिनुहुन्न। पञ्चायतको अन्तिमतिर स्कूल सञ्चालक समितिले शिक्षक भर्ती गर्ने गर्दथ्यो। त्यहीबेला शिक्षक भइयो। पछि बहुदल आएपछि हामीलाई 'प्रधानपञ्चले बनाएको मास्टर' भनेर अपमानित गरियो। हाम्रै योग्यता र स्तर माथि प्रश्न उठ्यो। अहिले एसएलसी तेस्रो श्रेणीमा मौका परीक्षाबाट पास गरेकाले पनि लाइसेन्स छ भने शिक्षक हुन पाउँछ। यस्तो अभ्यासले समग्र शिक्षण पेसा नै लाञ्छित र अपमानित गरेको छ। शिक्षण पेसामा छिर्नुअघि नै सबै योग्यता हेरिनुपर्छ। योग्यलाई मात्र शिक्षक बनाउनुपर्छ।

शिक्षण पेसालाई आकर्षक पेसाका रूपमा पुनर्स्थापित गर्नु आवश्यक छ। त्यसका लागि शिक्षकको तलब तथा सुविधालाई आकर्षक बनाऔं। अनि लाइसेन्स प्रणालीलाई प्रभावकारी बनाऔं। दक्ष र योग्य मानिसले मात्र लाइसेन्स पाए भने स्थानीय स्तरबाट शिक्षक छाने पनि केही फरक पर्दैन। नेपालको विविधताका कारण एकठाउँमा योग्य भएको शिक्षक अर्को ठाउँमा अयोग्य हुन पुग्छ। त्यसैले शिक्षक छनोट गर्ने काम स्थानीय स्तरबाटै हुँदा सही हुन्छ।

**सत्यनारायण महर्जनः** शिक्षक मासिकले नै १३/१४ थरीका शिक्षक छन् भनेर केही समयअघि उजागर गरेको थियो। त्यो भिन्नता हटाउनुपर्‍यो। शिक्षक एकैथरीका मात्र हुनुपर्छ। सरकारले पनि शिक्षकलाई हेलाँ गर्ने गरेको छ। बजेट भाषणबाट निजामती कर्मचारीको तलब बढ्छ। तर शिक्षकको तलब बढाउन दबाब दिनुपर्छ। शिक्षक कसले छान्ने भन्ने सवालमा अहिलेको व्यवस्थामा खोट छैन। खाली त्यसको मर्मअनुरुप कार्यान्वयन भए पुग्छ।



**राजकुमार बरालः** कतिपय विकसित देशहरूमा शिक्षकको योग्यता तोकिदिने काम सरकारले गर्छ। त्यसअनुसार छनोट गर्ने जिम्माचाहिँ निजी या व्यावसायिक संस्थालाई दिइन्छ। त्यस्ता संस्थाले शिक्षक बन्न योग्यता पुगेकाहरूको रोस्टर बनाउँछन् र मागअनुसार त्यो रोस्टरबाट योग्य शिक्षक स्कूलमा आपूर्ति गर्छन्। विकसित देशहरूको यो अनुभव हाम्रो लागि पनि उपयोगी हुन सक्छ।

विकसित देशहरूमा शिक्षकको नेतृत्व क्षमता, विषयवस्तुमाथि पकड, सृजनशील तरिकाले पढाउने क्षमतामा विशेष जोड दिइँदोरहेछ। तर हामी चाहिँ विद्यालय व्यवस्थापन समितिले छनोट गर्नु ठीक हो कि वा शिक्षक सेवा आयोगबाट भनेर छनोट संरचनामा छलफल गरिरहेका छौं।

विकसित देशहरूमा विश्वविद्यालयबाट हासिल गरेको डिग्रीभन्दा शिक्षक लाइसेन्सलाई बढी महत्त्व दिएको पाइन्छ। एक पटक लाइसेन्सको जाँच दिएपछि कहिल्यै क्षमता परीक्षण गर्नु नपर्ने हाम्रो जस्तो परिपाटी कहीं पनि छैन। प्रत्येक पाँच/सात वर्षमा नयाँ ज्ञान तथा सीपसँग अद्यावधिक हुन सक्यो कि सकेन भनेर शिक्षकको जाँच लिएर पुनः लाइसेन्स लिनुपर्ने व्यवस्थाले शिक्षकलाई अद्यावधिक गराइराखेको छ। यहाँ पनि त्यस्तै परिपाटी बसाल्नुपर्छ।

**व्रजभूषण रायः** १५ दिनदेखि एक महिना कक्षामा पढाएको नहेरी कसैलाई शिक्षकमा छनोट गर्नुहुन्न।

हामीले यस्तो प्रणाली बनाउनै पर्छ । यस्ता कुरामा शिक्षकको रक्षाकवच शिक्षक युनियन हुनुपर्छ ।

**पदमप्रसाद पाण्डे**ः हामीले शिक्षक सेवा आयोगलाई प्रभावकारी बनाएर त्यसलाई शिक्षक छान्ने अधिकार दिइनुपर्छ भनेका छौं । तर त्यही नै हुनुपर्छ भन्ने होइन । हामीले खोजेका सक्षम संयन्त्र हो । किनभने स्तरीय शिक्षक सक्षम संयन्त्रले मात्र छनोट गर्न सक्छ ।

**डा. प्रेमनारायण अर्याल**ः विकसित देशहरूमा निश्चित अवधिमा स्कूललाई यस्तो बनाउँछु भन्ने 'भिजन'का आधारमा प्रतिस्पर्धाबाट हेडमास्टर छानिन्छ । त्यस्तो चलन हामीले पनि शुरु गर्नुपर्छ । शिक्षक लाइसेन्सलाई प्रभावकारी नबनाई धरै छैन । शिक्षण पेसामा समावेशीकरण गरिनुपर्छ तर यसको नाममा योग्यता नपुगेकालाई स्थान दिनुहुँदैन । पहिले सक्षम बनाउने अनि शिक्षण पेसामा ल्याउने । यो कुरा जापानबाट पनि सिक्न सकिन्छ । जापानमा केही समयअघि महिला शिक्षकलाई पेसाबाट बिदा दिनुपर्छ भन्ने आवाज उठेको थियो । किनकि समावेशीकरणका आधारमा शिक्षक बनेका महिलाहरूले स्तरीय शिक्षा दिन सकेनन् भनेर तिनको ठूलो आलोचना भएको थियो ।

**दक्ष र प्रतिभाशाली व्यक्तिहरूलाई शिक्षण पेसामा लिन नसकिएको सत्य हो । तिनलाई शिक्षणमा प्रवेश गराउन अब धेरै काम गर्नुपर्नेछ ।**

**डा. विष्णु कार्की**ः हरेक समुदायले पाठ्यक्रम निर्माणदेखि शिक्षक छान्न किन नहुने? राज्यले यसको जिम्मेवारी किन लिने ? बीसौं शताब्दीका प्रसिद्ध दार्शनिक जोन डिवेले केटाकेटीलाई कस्तो शिक्षा दिने र कसरी दिने भन्ने निर्णय गर्ने काम समुदायकै हो भनेका छन् । कास्कीको एउटा सामुदायिक विद्यालयमा अभिभावकले अङ्ग्रेजी माध्यममा पढाउन माग गरे । स्कूलले त्यसलाई सहर्ष स्वीकार गर्‍यो । त्यसपछि त्यहाँ अङ्ग्रेजीमा पढाइ शुरु भइहाल्यो । तथापि सरकारी स्कूलका अभिभावकहरू आवाजविहीन झैं देखिन्छन् । उनीहरूलाई सबल र सक्षम बनाउने काम राज्यको हो । राज्यले स्थानीय निकायमार्फत समुदायको सशक्तिकरण गर्नुपर्छ र शिक्षकको छनोट गर्ने अधिकार पनि उनीहरूलाई नै दिइनुपर्छ ।

**जनार्दन नेपाल**ः शिक्षक छनोट नीतिमा भन्दा कार्यान्वयनमा बढी समस्या छ । त्यसको मुख्य कारण प्रवृत्ति हो । हाम्रा शिक्षकमा योग्यताभन्दा प्रतिबद्धताको कमी छ । जहाँ प्रतिबद्धता छ, त्यहाँ राम्रोसित काम भएको छ । प्रतिवद्धता लिखित परीक्षाबाट मापन गर्न सकिँदैन । हुनत हामीकहाँ परीक्षणकालको व्यवस्था नभएको होइन । तर त्यो नाम मात्रको छ । गलत गर्ने व्यक्ति र समूहलाई काँध थाप्ने काम धेरैतिरबाट हुन्छ । मतदाता र समर्थक वा आवद्ध भएको नाउँमा विगतमा गर्न नहुने कामहरू भएका छन् । यसमा नियन्त्रणको आवश्यकता छ । नागरिक र मिडियाको यसमा ठूलो भूमिका हुन्छ ।

विषयगत रूपमा लाइसेन्स दिने कुरामा हामी प्रस्ट छौं, अब छिट्टै त्यो शुरु हुनेछ । अहिलेका लाइसेन्सवालालाई विषयगत लाइसेन्समा जाऊ भनेर हामी भन्दैनौं, तर यो काम शिक्षक समुदायबाटै भयो भने स्वागत गर्छौं । शिक्षकको पेसागत सुपरीवेक्षण र अनुगमन सरकारले होइन, पेसागत संस्थाले गर्नुपर्छ ।

दक्ष र प्रतिभाशाली व्यक्तिहरूलाई शिक्षण पेसामा लिन नसकिएको सत्य हो । तिनलाई शिक्षणमा प्रवेश गराउन अब धेरै काम गर्नुपर्नेछ । विद्यालय क्षेत्र सुधार कार्यक्रममा प्रस्टसँग उल्लेख गरेका छौं, "बीएड नगरीकन कोही पनि शिक्षक बन्ने छैन ।" यसका लागि सरकारले शिक्षाशास्त्र चलाइरहेका कलेजसँग साझेदारी गर्नुपर्छ । साझेदारी भर्ना गर्ने बेलैमा गर्नुपर्छ । अब शैक्षिक योग्यतामा राम्रो अङ्क हेर्ने मात्र होइन, शिक्षक बन्न चाहन्छन्/चाहन्नन् भन्ने कुरा नै परीक्षण गर्नुपर्छ । र, शिक्षक बन्न चाहनेलाई मात्र अवसर दिनुपर्छ । मन्त्रालयले यो कामको गृहकार्य शुरु गरिसकेको छ ।

कार्यरत अयोग्य शिक्षकलाई एउटै निर्णयबाट बिदा दिनसक्ने अवस्था छैन । तिनलाई के गर्ने भन्ने महत्त्वपूर्ण कुरा छ । हामीले शिक्षकलाई आफैं योग्यता र क्षमता बढाउन अग्रसर हुने नीतिहरू ल्याउन लागेका छौं । 'टिचिङ्ग क्याडर'को रूपमा योग्यता बढाउनै पर्छ । विश्वविद्यालयसँग साझेदारी गरेर पढाइरहेका शिक्षकको काम र उसको ज्ञानलाई प्रमाणीकरण गर्न लागिएको छ । जसले सिद्धान्त र व्यवहार दुवैलाई एकैसाथ अघि बढाउन मद्दत गर्छ ।

स्कूलबाटै शिक्षक छनोट गर्ने कुरा सैद्धान्तिक रूपमा गलत होइन । समुदायले शिक्षक छनोट गर्दा देखिएका समस्याहरू हल गर्न लाइसेन्समा कडाइ अपरिहार्य भएको छ । लाइसेन्स लिनेहरुको सङ्ख्या धेरै ठूलो पनि बनाउनुहुँदैन । लाइसेन्स पाएको एक वर्षभित्र खपत हुने गरी मात्र लाइसेन्स उपलब्ध गराउनुपर्छ । लाइसेन्स होल्डरमध्येबाट स्कूलले नछान्ने हो भनेचाहिँ समस्या पैदा हुन्छ ।

शिक्षक सेवा आयोगले राष्ट्रिय स्तरमा छनोट गरेका शिक्षकलाई सही तरिकाले स्कूलमा खटाउन कठिन छ । अन्ततः यही कुरामा नै राजनीति सुरु हुन्छ । माथिबाट शिक्षक छान्दा स्थानीय आवश्यकतालाई सम्बोधन गर्न पनि सकिँदैन । त्यसकारण शिक्षक छनोटको काम केन्द्रले लियो भने स्थिति झन् डामाडोल हुन्छ । जिल्लाभरमा लाइसेन्स लिनेमध्ये राम्रालाई स्कूलले नियुक्त गर्ने एउटा राम्रो विकल्प हुनसक्छ । यी कुराहरू हाल नीतिगत छलफलकै चरणमा छन् । उत्तम मानिस शिक्षकमा छानिनुपर्छ भन्नेमा कुनै विवाद छैन ।

**प्रस्तुतिः सुदर्शन घिमिरे**

राजकुमार बराल

# जिम्मा निजी कम्पनीलाई

**छनोट गर्ने कम्पनीहरूले उत्कृष्ट उम्मेदवारको मूल्याङ्कन विवरण दिने गर्दछन् । उम्मेदवारले चाहेमा आफैँ पनि आफ्नो मूल्याङ्कन विवरण हेर्न सक्ने व्यवस्था गरिएको हुन्छ । शिक्षकको बायोडाटा मात्रै हेर्नुको सट्टा शिक्षकको पूरा सीपको अध्ययन गर्ने कार्य ती कम्पनीहरूका परामर्शदाताहरूले गर्दछन् । छनोटसम्बन्धी सबै काम परामर्शदाताले गर्छन् ।**

हामीकहाँ शिक्षक छनोट शिक्षक सेवा आयोगले गर्ने कि विद्यालयले गर्ने भन्ने विवाद अद्यापि जारी छ । तर विकसित देशहरूमा चाहिँ त्यस्तो विवाद समाप्त भइसकेको छ । त्यहाँ सरकार वा विद्यालयले होइन, सरकारी मान्यताप्राप्त निजी कम्पनीहरूलाई शिक्षक छनोटको काम दिइएको हुन्छ । पश्चिमका प्रायः देशहरूमा त्यहाँको प्रान्त तथा अन्य प्रशासनिक एकाईमा कार्यरत विभिन्न शिक्षक खोजिदिने सरकारी मान्यताप्राप्त एजेन्सीहरू हुन्छन् । विद्यालयले आफूलाई कस्तो योग्यता, क्षमता र गुण भएको शिक्षक चाहिएको हो, सो खुलाएर कम्पनीलाई पत्र पठाउँछ । सम्बन्धित विज्ञापनदाता कम्पनीमा शिक्षक हुन इच्छुक र योग्य व्यक्तिहरूबाट निवेदन पर्दछ । अनि प्राप्त बायोडाटालाई कम्पनीले सम्बन्धित विद्यालयलाई प्रारम्भिक छनोटका लागि पठाउँछ । जुन व्यक्ति जे विषयकालाई उपयुक्त हुन्छ, उसको बायोडाटा त्यही विद्यालयमा पठाइन्छ । प्रारम्भिक छनोटमा परेका मानिसहरूको विस्तृत योग्यता तथा क्षमता परीक्षण गर्ने काम कम्पनीले गर्छ । शिक्षक उपलब्ध गराउनुका अतिरिक्त त्यस्ता कम्पनीहरूले शिक्षकका दैनिक सहुलियतका विषयहरू, आंशिक शिक्षक पदपूर्तिका विषयहरू, भर्नालगायतका शिक्षकको व्यवस्थापन अन्तर्गत पर्ने सेवाहरू प्रदान गर्दछन् । त्यस्तै भैपरी आउने कुराहरूलगायत विद्यालय र शिक्षकहरूलाई चाहिने सहयोग उपलब्ध गराउन नियमित फलोअप गर्ने काम गर्दछ । तर विभिन्न देशहरूमा शिक्षक छनोट गर्ने नीतिमा चाहिँ एकरुपता नहुन सक्छ । एउटै देशको पनि प्रान्त अनुसारको नीति फरक हुनसक्छ ।

ती देशहरूमा शिक्षकको मूल्याङ्कन र त्यसको विवरणको पारदर्शिता उल्लेखनीय छ । छनोट गर्ने कम्पनीहरूले उत्कृष्ट उम्मेदवारको मूल्याङ्कन विवरण दिने गर्दछन् । उम्मेदवारले चाहेमा आफैँ पनि आफ्नो मूल्याङ्कन विवरण हेर्न सक्ने व्यवस्था गरिएको हुन्छ । शिक्षकको बायोडाटा मात्रै हेर्नुको सट्टा शिक्षकको पूरा सीपको अध्ययन गर्ने कार्य ती कम्पनीहरूका परामर्शदाताहरूले गर्दछन् । छनोटसम्बन्धी सबै काम परामर्शदाताले गर्छन् । विद्यालय व्यवस्थापन पक्षले शिक्षक छनोट भइसकेपछिको प्राविधिक कुराहरू मात्र हेर्दछ । ती कम्पनीहरूले यसरी विद्यालयहरूलाई शिक्षक उपलब्ध गराएबापत पूर्णकालीन शिक्षकको एक महिनाको तलब र अन्य अल्पकालीन शिक्षकको लागि त्यही अनुसारको सेवा शुल्क लिन्छन् । देश र कम्पनीपिच्छे सेवा शुल्कहरू फरकफरक हुन्छन् ।

न्युजिल्याण्ड, जापान जस्ता देशहरूमा पनि पनि *एक्सपर्ट* एजेन्सीहरूमार्फत शिक्षकहरू छनोट हुन्छन् । कोरियामा पनि सियोल मेट्रोपोलिटन अफिस अफ एजुकेशनले विभिन्न एजेन्सीहरूलाई शिक्षक भर्ना गराउने जिम्मा दिएको छ । कोरिया कनेक्सन त्यहाँको शिक्षक व्यवस्थापन गर्ने महत्त्वपूर्ण एजेन्सी हो । शिक्षक आवश्यकताका विज्ञापनहरू प्रकाशित गर्ने र त्यससम्बन्धी थप सूचनाहरू दिने विभिन्न देशका असङ्ख्य वेबसाइटहरू छन् । त्यस्तो वेबसाइटहरूले जापान, चीन, हङकङ, अस्ट्रेलिया सिङ्गापुर, भारतमा समेत 'भ्याकेन्सी' विज्ञापनमा सूचीकृत गरेको हुन्छ । त्यसबाहेक त्यहाँ शिक्षक

# विकसित देशमा शिक्षक छनौट

## अमेरिकाको चलन



अमेरिकामा शिक्षक छनोट गर्दा विद्यालय जिल्ला प्रतिनिधि (school district) विदेशमा गएर छनोट गरेर आफूले चाहेजस्तो शिक्षक ल्याउन सक्छ। प्रश आफैंले भिडियो कन्फ्रेन्स, टेलिफोन, वेब क्याम्प प्रविधिमार्फत पनि विश्वव्यापी रूपमा उत्कृष्ट शिक्षकको छनोट गर्न सक्छन्। त्यहाँ सांस्कृतिक आदानप्रदान कार्यक्रममार्फत पनि शिक्षक छनोट गरिन्छ। यस्तो जाँचमा अङ्ग्रेजी जानेको हुनुपर्ने, बिएड र यसका अतिरिक्त सम्बन्धित विषयमा एउटा अन्डरग्र्याजुयट डिग्री हासिल गरेको हुनुपर्ने प्रावधान छ। तर प्राय: शिक्षकहरू स्नातकोत्तर र विद्यावारिधि गरेका हुन्छन्। तीन वर्षभन्दा बढी पढाएको अनुभव, विषयवस्तुको गहिरो ज्ञान र शिक्षण पेसाप्रतिको लगाव हुनुपर्ने प्रावधान पनि छन्। त्यसैगरी प्रत्येक विदेशी शिक्षकले आफू काम गर्ने राज्यबाट प्रमाणित हुनुपर्छ। त्यस्तो जाँचमा अधिकांश शिक्षकहरूले ९० प्रतिशतभन्दा बढी अङ्क ल्याएका हुन्छन्।

### शिक्षक भर्ती दिवस तथा सप्ताह

अमेरिकामा शिक्षक भर्ती गर्ने दिवसहरू नै तोकिएका हुन्छन्। विभिन्न राज्यका विद्यालय जिल्लाहरूले त्यस्तो दिवस मनाउने गरेका हुन्छन्। त्यस्तो भर्ती दिवसमा अनलाइन रजिष्ट्रेशन पनि हुने गर्दछ। पहिला आउनेलाई पहिलो प्राथमिकताअनुसार निवेदनहरू हेरिन्छ। व्यक्तिगत विवरण भए पुग्छ। योग्यताको प्रमाणपत्र र रेफ्री त्यति चाहिँदैनन्। शिक्षक भर्ना दिवस दुईदिने हुन्छ। विद्यालय जिल्ला (school district) ले नै अन्तर्वार्ताको मिति तोक्छ। त्यस्तो शिक्षक भर्ना दिवसमा प्रतिस्पर्धी हनको लागि भर्खरै स्नातकमा भर्ना भएकादेखि स्नातकोत्तर र विद्यावारिधिसम्मका प्रतियोगीहरू हुन्छन्। तर स्नातक विद्यार्थीको लागि निश्चित ग्र्याजुयशन क्रेडिट आवर तोकिएको हुन्छ। त्यस्तो कार्यक्रममा आवद्ध विद्यालयहरूका उत्पादनले मात्र भाग लिन सक्छन्। सदस्य कलेजहरूबीच वार्षिक रूपमा आयोजना हुने यो कार्यक्रम सहभागी सदस्य कलेजहरूका ग्र्याजुयटहरूका लागि रोजगार अवसर दिने कार्यक्रम पनि हो।

अनुसन्धानकर्ता लेडरम्यान र निस २००९ का अनुसार सन् १९२० तिर अमेरिकामा प्रभावकारी शिक्षकको गुण व्यक्तित्व गुणमा केन्द्रित हुन्थ्यो भने आजकल शिक्षण विधि, विद्यार्थीको सिकाइप्रतिको व्यवहार, प्रतिस्पर्धी, पेसागत निर्णय गर्ने क्षमता, शिक्षणविधि र विषयवस्तुको ज्ञानबीचको अन्तरक्रियामा केन्द्रित भएको छ।

र विद्यालयसम्बन्धी समाचार र स्रोत सामग्रीहरू पनि राखिएका हुन्छन्। इमेलमार्फत विभिन्न देशका योग्यता पुगेका व्यक्तिहरूले दरखास्त हालेका हुन्छन्। अधिकांश देशका सरकारले विदेशी शिक्षकहरूको योग्यता प्रमाणीकरण गर्ने निकाय स्थापना गरेका छन्। त्यस्तै धेरैजसोले मान्यताप्राप्त शैक्षिक संस्थानहरूको सूचीकृत पनि गरेका छन्। त्यस्ता सूचीकृत संस्थानका उत्पादनहरूले उम्मेदवारी दिन सक्छन्।

नर्वेको अनुभव उल्लेखनीय छ। त्यहाँको अनुभवमा शिक्षक छनोटको बेला जति कडा प्रक्रिया अपनाउन सक्यो त्यति गुणस्तरीय शिक्षक छनोट गर्न सकिन्छ। सुपरभाइजर अथवा अन्तरवार्ताकारकै गुणस्तर, तलब सुविधा, स्थानीय संस्कृति, पाठ्यक्रम, सामुदायिक पक्षहरूमा पेसागत विकासका अवसरहरू, शैक्षिक उपलब्धिको प्रमाण र अन्य कुनै पनि प्रभाव पार्ने पक्षहरू गुणस्तरीय शिक्षकलाई विद्यालयमा ल्याउने पक्षहरू हुन् भन्ने त्यहाँको अनुभवको सार हो।

स्कटल्याण्डमा शिक्षक भर्ना गर्ने जिम्मेवारी स्थानीय निकायको हो। त्यहाँ पढाउन कुनै पनि उम्मेदवारले त्यहाँको शिक्षण परिषद्मा दर्ता भएको हुनुपर्छ। शिक्षणका लागि योग्यता नपुगेका र कम्तीमा सात वर्ष शिक्षण सेवा नगरेकालाई प्रोभिजिनल शिक्षकको रूपमा दर्ता गरिन्छ। त्यस्तै युरोपियन युनियनका सदस्य राष्ट्रहरूमध्ये कुनैबाट दक्ष शिक्षकको रूपमा मान्यता प्राप्तलाई स्वीकार गरिन्छ। विदेशमा तालिम लिएको छ भने पनि त्यहाँको सम्बन्धित निकायबाट पुन: मान्यता पाउनुपर्ने व्यवस्था छ। इङ्ल्याण्डकै बासिन्दा भए पनि त्यही नियम लागू हुन्छ। उनीहरूको पनि परीक्षणकाल हेरिन्छ।

विभिन्न देशहरूमा छरिएर रहेका अन्तर्राष्ट्रिय स्कूलहरूको अन्तर्राष्ट्रिय सञ्जाल पनि बनेका छन्। ती स्कूलहरूमा शिक्षकको आदानप्रदान पनि हुन्छ। तिनीहरूबीच कार्यसञ्जाल छ। यसबाट विश्वका कुनै पनि देशका योग्य शिक्षक कुनै पनि देशको यस्ता अन्तर्राष्ट्रिय विद्यालयमा आफ्नो क्षमता बेच्न सक्छ। अन्तर्राष्ट्रिय रूपमा शिक्षण जागिरको अवसर युरोप र अमेरिकाको तुलनामा दक्षिण अमेरिका, मध्यपूर्व र एसियामा बढी देखिएको अध्ययनहरूले देखाएको छ।

आन डुफेट र साथीहरूले सन् २००८ मा तयार गरेको शिक्षा सुधार प्रतिवेदन अनुसार विश्वव्यापी रूपमा शिक्षक युनियन सार्वजनिक विद्यालय र शिक्षकको प्रतिरक्षा गर्ने गरेको छ। विकसित देशका युनियनहरूले शिक्षकको गुणस्तरमा सम्झौता गर्दैनन् तर विकाशोन्मुख देशमा शिक्षक नियुक्तिका प्रत्येक प्रक्रियामा युनियन र राजनीतिक दलको नकारात्मक हस्तक्षेप देखिन्छ। ग्लोबल पुभर्टी रिसर्च ग्रुपको

वेबसाइटमा उल्लिखित लखनऊ विश्वविद्यालयका प्रोफेसर मोहमद मुजामिलले भारतमा गरेको अध्ययन अनुसार शिक्षक पृष्ठभूमिबाटै राजनीतिको उपल्लो तहमा पुगेका नेताहरूले शिक्षक र युनियनलाई राजनीतिकरण गर्ने गरेको र त्यही राजनीतिकरण शिक्षक छनोटसम्म पुग्ने गरेको देखाएको छ ।

जेम्स एच स्ट्रोन्ज र जेनिफर एल हिन्डम्यानको टिचरक्वालिटी इन्डेक्स नामक प्रसिद्ध पुस्तकमा भनेका छन्, सर्वप्रथम शिक्षकको गुणस्तर सूचक बनाउनुपर्छ र छनोट गर्नुपर्छ । शिक्षक छनोटसम्बन्धी लेखमै पनि थोमस केरस्टेन लेख्छन्: विद्यालयको सफलताको लागि उत्कृष्ट शिक्षक छनोटभन्दा महत्त्वपूर्ण केही छैन ।

शिक्षक छनोट गर्ने सन्दर्भमा विकसित देशहरूले सूचनाप्रविधिलाई बढी उपयोग गरेको देखिन्छ भने नेपाल जस्ता विकासोन्मुख देशहरू सरकारी विद्यालयहरूको सन्दर्भमा परम्परागत कर्मचारी प्रणाली र प्रक्रियामै अल्झिरहेको देखिन्छ । साथसाथै विकसित देश शिक्षक छनोट प्रक्रियामा शिक्षक र छनोट प्रक्रियाको गुणस्तरमा केन्द्रित भएको देखिन्छ भने विकासोन्मुख देश संरचना अथवा प्रद्धतिकै बहसमा अल्मलिएको देखिन्छ । यस्तो देखिनुको एउटा मुख्य कारण भनेको विकासोन्मुख देशले आवश्यकताअनुसार कक्षाकोठामा शिक्षक पुऱ्याउन नसक्नु हो ।

युरोपको औद्योगिक क्रान्ति तथा अमेरिकामा आएको खुल्ला बजार र पूँजीवादी अर्थतन्त्रको लहर सँगै श्रम व्यवस्थापनको जिम्मा निजी कम्पनीलाई दिन शुरु गरिएको हो । शिक्षक आपूर्ति गर्ने सवालमा भने त्यस्ता कम्पनीहरू असीको दशकदेखि आएका देखिन्छन् । त्यस्ता कम्पनीहरू त्यहाँको कम्पनी ऐनअन्तर्गत नै दर्ता हुन्छन् । कतिपय नगरपालिका, स्कूल, जिल्ला, शिक्षा कार्यालयहरूसँग पनि अनुमति लिएका र सहकार्य गरेका हुन्छन् । गुणस्तर देखाएर बजार लिने स्थापित मूल्यमान्यता भएकाले त्यस्ता कम्पनीहरू आफ्नो गुणस्तर कायम राख्न लागिपरेका हुन्छन् । तैपनि स्कूल जिल्ला र स्थानीय नगर, राज्यका शिक्षासम्बन्धी निकायहरू, कर कार्यालयहरूले त्यस्ता कम्पनीको अनुगमन र सहकार्य गर्ने गर्छन् ।

**विकति देशमा शिक्षक र छनोट प्रक्रियाको गुणस्तरमा केन्द्रित भएको देखिन्छ भने विकासोन्मुख देश संरचना अथवा प्रद्धतिकै बहसमा अल्मलिएको देखिन्छ ।**



आवरण **अनुभव**

**चोलेन्द्रकुमार पण्डित**



# आयोग नै उत्तम

**जिशिअलाई निरीह बनाई आस्थाका आधारमा शिक्षक छनोट कार्य गर्न लगाई बलिको बोको बनाइयो। स्वच्छ, निष्पक्ष प्रणालीबाट शिक्षक नियुक्ति गरिएन। त्यसले गर्दा अधिराज्यभरका जिशिअलाई नतिजा प्रकाशन गरी रातारात भाग्न बाध्य बनाइयो।**

नेपालको शैक्षिक इतिहासमा विद्यालयमा शिक्षक भर्ना गर्ने धेरै खालका अभ्यास भएको पाइन्छ। २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि शिक्षाप्रति जनचाहना बढ्न गयो। फलस्वरुप गाउँगाउँमा विद्यालय खोल्ने क्रम विकास हुन लाग्यो। प्राथमिक विद्यालय भएका स्थानमा मिडिल स्कूल अर्थात् निम्न माध्यमिक विद्यालय र निमावि भएका ठाउँमा हाइस्कूल खोल्ने क्रम रह्यो।

सुरुमा जनताले आफ्नै पहल र प्रयासमा खोलेका सबै तहका विद्यालयलाई केही समयपछि सरकारले वार्षिक रूपमा शिक्षक तलब भत्ताका लागि एकमुष्ट अनुदान दिन्थ्यो। त्यो रकम अपर्याप्त हुन्थ्यो र स्थानीय जनताले चन्दा उठाएर, घरधुरी रकम र विद्यार्थीबाट कक्षाअनुसार शुल्क लिएर विद्यालय सञ्चालन गर्दथे।

विद्यालय सञ्चालन गर्ने अधिकारसम्पन्न सञ्चालक समिति हुन्थ्यो। र, त्यही समितिले आवश्यकताअनुसार शिक्षक नियुक्ति र तलब भत्ता निर्धारण गर्दथ्यो। शिक्षक भर्ना गर्नुपर्दा शिक्षकले प्राप्त गरेको शैक्षिक योग्यता अर्थात् प्रमाणपत्र हेरी सामान्य सोधपुछ वा अन्तरवार्ता लिई नियुक्त गरिन्थ्यो। पढेलेखेका विषय मिल्ने व्यक्ति गाउँ वा जिल्लाभित्र पनि पाउन सम्भव थिएन। अर्को गाउँ वा जिल्लाबाट खोजेर ल्याउनुपर्थ्यो। त्यसकारण शिक्षक छनोटमा धेरै प्रतिस्पर्धा थिएन। सरकारी प्रयासबाट पनि जनताको मागअनुसार विद्यालय स्वीकृत गर्ने र तालिमप्राप्त वा योग्यता पुगेका व्यक्तिलाई जिल्ला शिक्षा निरीक्षक (जिशिनि), शिउनि वा विजिशिनिले स्वीकृति प्रदान गरेका विद्यालयहरूमा शिक्षक नियुक्त गरी पठाउने गरिन्थ्यो।

खासगरी प्राथमिक विद्यालयका शिक्षकका लागि आधार हाईस्कूलबाट कक्षा ८ उत्तीर्ण भएका विद्यार्थीहरूलाई १० महिने शिक्षक तालिम प्रदान गरी शिक्षण अनुमति-पत्र समेत दिई शिक्षा मन्त्रालय शिक्षा विभागबाट अधिराज्यभर र शिउनि जिशिनि वा विजिशिनि वा जिल्लाभित्र शिक्षक नियुक्ति गरी पठाइन्थ्यो। एउटा जिशिनिले एक वा दुई जिल्लाको शिक्षा प्रशासन हेर्ने प्रचलन थियो।

निम्न माध्यमिक र माध्यमिक विद्यालयहरूमा सरकारबाट प्राप्त अनुदान र स्थानीय स्रोतलाई मध्यनजर गरी सञ्चालक समितिले शिक्षक नियुक्ति गरी अनुमोदनका लागि जिशिनिको कार्यालय पठाउने प्रचलन थियो। सञ्चालक समितिले व्यक्तिगत सम्पर्कका आधारमा वा सम्भावित क्षेत्रको भ्रमण गरी शिक्षक खोजेर लैजाने गरिन्थ्यो।

२०२८ साल अगाडि गाउँघरमा पढेलेखेका व्यक्ति कमै हुने कारणले विद्यालयमा शिक्षक नियुक्ति गर्नुपर्दा काठमाडौं उपत्यका, देशका मुख्य शहरहरू र जिल्ला सदरमुकामभन्दा बाहिरका ग्रामीण क्षेत्रमा शिक्षक नियुक्तिमा खासै प्रतिस्पर्धा हुँदैनथ्यो। तर पनि सामान्य सोधपुछ र अन्तरवार्ताका भरमा भर्ना गरिए पनि राम्रै शिक्षक छानिन्थे। किनकि त्यतिबेला शिक्षकलाई मर्यादित रूपमा हेरिन्थ्यो। शिक्षण पेसामा रुचि भएका व्यक्ति मात्र त्यसतर्फ आकर्षित हुन्थे। अनि अहिलेको जस्तो नक्कली प्रमाणपत्र ल्याएर जागिर खाने पद्धतिको विकास भएको थिएन। बलपूर्वक आफ्नै मानिसलाई शिक्षकमा नियुक्ति गर्ने प्रचलन त छँदै थिएन। नयाँ शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि शिक्षामा नयाँ आयाम प्रवेश भयो। शिक्षाको विकासलाई योजनाबद्ध ढङ्गबाट मुलुकभर अगाडि बढाउने उद्देश्यले शैक्षिक नक्साङ्कन समेतलाई आधार मानी ६ वर्षमा देशभर नयाँ शिक्षा लागू गरियो। रसुवा बाहेकका जिल्लामा रा.प.द्वितीय श्रेणीका अधिकृतलाई जिल्ला शिक्षा अधिकारी बनाई पठाउने व्यवस्था गरियो। शिक्षकहरूको तलब स्केललाई वैज्ञानिक ढङ्गबाट निर्धारण गरी प्रावि शिक्षकको तलब शत-प्रतिशत निमावि शिक्षकको ७५ प्रतिशत र मावि शिक्षकको ५० प्रतिशत रकम सरकारबाट मासिक रूपमा पठाउने व्यवस्था शुरु गरियो। तहगत शिक्षकको न्यूनतम शैक्षिक योग्यता निर्धारण गरी तालिमलाई अनिवार्य शर्त बनाउनुका अतिरिक्त तालिमप्राप्त शिक्षकको छुट्टै स्केलसमेत कायम गरियो।

शिक्षक नियुक्तिका सन्दर्भमा अस्थायीका हकमा जिशिअ वा जिशिकाबाट सोझै ६ महिने र स्थायीको हकमा प्रजिअको

अध्यक्षतामा जिशिअ सदस्य सचिव रहने गरी गठित जिल्ला शिक्षक सेवा आयोगबाट विधिवत् लिखित (आवश्यकताअनुसार प्रयोगात्मक) र मौखिक अर्थात् अन्तरवार्ताद्वारा शिक्षक छनोट गरी जिशिकाबाट नियुक्ति गर्ने गरेको पाइन्छ। केही अपवाद बाहेक यो पद्धतिबाट कार्य गर्दा शिक्षक छनोट पारदर्शी र समुन्नत थियो। आवधिक रूपमा विज्ञापन हुने गर्दथ्यो। आयोगका सिफारिस अनुसार सुयोग्य शिक्षक नियुक्त हुने गर्दथ्यो। यसरी आयोगबाट सिफारिस भई नियुक्ति पाउने शिक्षक आफ्नो छनोटप्रति गौरवान्वित हुन्थे। तर, तात्कालीन पञ्चायती व्यवस्थाको चर्को विपक्षमा रहेका शिक्षकहरूलाई भने आस्थाकै आधारमा प्रहरी प्रतिवेदनलाई आधार माध्यम बनाई स्थायी नियुक्तिमा बन्देज लगाउने गरिएको थियो।

शिक्षक अस्थायी वा स्थायी नियुक्तिको यो प्रक्रिया २०४८ सालसम्म कायम रह्यो। व्यवस्था राम्रो हुँदाहुँदै पनि त्यसको सञ्चालन राम्रो हुन नसकेमा विकृति आउने कुरा स्वत:सिद्ध छ। छनोट समितिका अध्यक्ष सचिव वा अन्य पदाधिकारीहरू पहुँच र प्रभावमा परेर आयोगबाट लिइएको परीक्षाफल प्रकाशित गर्ने गरेको यदाकदा सुन्नमा आए तापनि यो प्रणाली अविश्वसनीय भने थिएन। जिल्लास्तरमा आवश्यकता अनुसार विज्ञापन हुने र परीक्षा सञ्चालन भई नतिजा प्रकाशित हुने हुँदा प्रशासनको वक्रदृष्टि परेका सीमित शिक्षक बाहेक अन्य शिक्षक लामो अवधिसम्म अस्थायीकै अवस्थामा रहनुपर्ने बाध्यता थिएन।

शिक्षकहरूको स्थायी नियुक्तिका प्रसङ्गमा शिक्षा क्षेत्रमा भिन्नभिन्न समयमा भिन्नभिन्न किसिमका अवसरहरू प्राप्त भए। जस्तो कि नयाँ शिक्षा योजना २०२८ लागू हुँदा सम्बन्धित तहमा न्यूनतम शैक्षिक योग्यता पुगेका र अस्थायी नियुक्ति लिई काम गरिरहेका शिक्षकलाई ६ महिने परीक्षणकालमा रहने र तत्पश्चात् स्वत: स्थायी मानिने गरी नियुक्ति दिइयो।

यस्तै २०३६ को जनमत सङ्ग्रहको अवधिसम्म अस्थायी नियुक्ति पाई काम गरिरहेका शिक्षकलाई पुन: सामान्य प्रक्रिया पूरा गरी स्थायी नियुक्ति गरियो। यसैगरी २०४७ सालको परिवर्तनपश्चात् २०४८ साल वैशाखसम्म एक शैक्षिक सत्र पूरा गरेका अस्थायी शिक्षकलाई सामान्य प्रक्रिया पुऱ्याई अर्थात् अन्तरवार्ता मात्र लिई स्थायी नियुक्ति प्रदान गरियो। जसले गर्दा सीमित सङ्ख्याका शिक्षक बाहेक अन्य शिक्षकले लामो समयसम्म अस्थायी रहिरहनु परेन।

देशमा प्रजातन्त्र आएपछि एउटा थिति बस्ला। शिक्षामा पनि सकारात्मक परिवर्तन आउला। आवधिक रूपमा शिक्षक नियुक्तिका लागि विज्ञापन प्रकाशित होला। पारदर्शी छनोट प्रणालीबाट योग्य शिक्षक नियुक्ति भई विद्यालयको पठन-पाठन सुचारु रूपले सञ्चालन होला भन्ने ठानिएको थियो। तर परिणाम उल्टो रह्यो। लाखौं सङ्ख्याका शिक्षक नियुक्तिका लागि संवैधानिक आयोग बनाइएन। प्रजिअको अध्यक्षतामा शिक्षा नियमावलीअनुरुप गठित शिक्षक सेवा आयोग रातारात परिवर्तन गरी जिशिअको अध्यक्षतामा छनोट समिति गठन गरियो। सायद केन्द्रको दबाबमा अर्थात् शिक्षा मन्त्रालय र क्षेशिनिको दबाबमा प्रजिअले काम गर्दैनन् कि भन्ने सोचाइ राखेर यसो गरिएको हुन सक्छ। जिशिअलाई निरीह बनाई आस्थाका आधारमा शिक्षक छनोट कार्य गर्न लगाई बलिको बोको बनाइयो। स्वच्छ, निष्पक्ष प्रणालीबाट शिक्षक नियुक्ति गरिएन। त्यसले गर्दा अधिराज्यभरका जिशिअलाई नतिजा प्रकाशन गरी रातारात भाग्न बाध्य बनाइयो। योग्य र सक्षम व्यक्तिभन्दा पनि पहुँचवाला वा प्रभावमा पार्न सक्ने व्यक्तिले स्थायी हुने मौका पाएको अनुभव गरियो। कतिले यसै प्रसङ्गमा राम्रै घरबारी जोडे। कतिले आफ्नो सङ्गठनमा सङ्ख्या थप गरे।

२०५२ सालमा लिइएको शिक्षक सेवा आयोगको नतिजा निस्कन १२ वर्ष लाग्यो। सायद उदयराज सोती नाम गरेको एक बहादुर बाहुन शिक्षक सेवा आयोगको अध्यक्ष नभएको भए त्यो नतिजा पनि निस्कने थिएन होला।

## अब के गर्नुपर्ला ?

विद्यालयहरूमा जुनसुकै प्रकारले रिक्त हुने वा थप हुने शिक्षक दरबन्दी वा कोटामा अस्थायी शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिलाई दिइएको अधिकार कटौती गरिनु आवश्यक छ। त्यसनिम्ति शिक्षा नियमावलीमा तत्काल संशोधन गरी शिक्षक नियुक्तिका लागि शिक्षक सेवा आयोगलाई सक्रिय र सुदृढ बनाई आवश्यकताअनुसार क्षेत्रीयस्तरमा विस्तार गरिनुपर्दछ। शिक्षा विभागबाट प्रत्येक वर्ष जिल्लामा पठाउने गरेको राहत कोटालाई स्थायी दरबन्दीमा परिणत गर्ने प्रक्रिया चलाई विद्यालयहरूमा एकै प्रकारका शिक्षक कायम गरिनुपर्छ। शिक्षक नियुक्तिका लागि एकद्वार प्रणाली अपनाई जिल्लाबाट हालसम्मका अस्थायी शिक्षक वा रिक्त पदसमेतको विवरण लिई सम्पूर्ण पद स्थायीद्वारा पूर्ति हुने किसिमबाट विज्ञापन प्रकाशित गरी शिक्षक छनोट कार्य गरिनुपर्दछ। हाल अस्थायी वा राहत कोटामा कार्यरत शिक्षकलाई पनि आयोगबाट लिइने परीक्षामा सम्मिलित हुने मौका प्रदान गरी उत्तीर्ण हुने शिक्षकलाई आयोगबाट स्थायी नियुक्तिका लागि जिशिकामा सिफारिस गरिनुपर्छ। आयोगबाट प्राप्त सिफारिसका आधारमा जिल्लाका रिक्त पदमा वा अस्थायी शिक्षक कार्यरत पदमा स्थायी शिक्षक जिशिकाबाट पठाइनुपर्छ। आयोगबाट लिइएको परीक्षामा अनुत्तीर्ण हुने अस्थायी शिक्षकहरूलाई शिक्षा मन्त्रालय र शिक्षक वर्गका पेसागत संस्थाहरूसँग भएको संयुक्त सम्झौताका आधारमा तोकिएका सुविधा तत्काल प्राप्त गर्ने गरी अवकाश दिइनुपर्छ। आयोगबाट नतिजा प्रकाशन गर्दा त्यस शैक्षिक सत्रभित्र जुनसुकै प्रकारले रिक्त हुने पदलाई सम्बोधन हुनसक्ने गरी प्रतीक्षासूचीसहित प्रकाशित गरिनुपर्दछ। यसरी विद्यालयहरूमा एकै प्रकारका शिक्षक र एकद्वार प्रणालीबाट शिक्षक नियुक्ति गर्ने कानुनी व्यवस्था गर्न सकिएमा हाल विद्यालयहरूमा अस्थायी शिक्षक नियुक्तिका लागि हुने विभिन्न तह र तप्काका अनावश्यक हस्तक्षेप स्वत: अन्त्य भई पठनपाठनको समुचित वातावरण बन्नेछ।

त्यसो भएपछि मात्र अस्थायी शिक्षक भर्नाकै सिलसिलामा विद्यालयहरूमा हाल देखिने गरेको अस्थिरता, झै-झगडा, खुनखराबी एवं मुद्दा-मामिलाका कारण प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्षलगायत छनोट कार्यमा सरिक अन्य पदाधिकारीहरूले असुरक्षित अनुभव गर्नुपर्ने छैन। नक्कली प्रमाणपत्र वा अध्यापन अनुमितपत्रका आधारमा नोकरी प्रवेश गर्न चाहनेको इच्छा पूरा हुने छैन। जिल्ला शिक्षा कार्यालयले पनि शिक्षक नियुक्तिका सन्दर्भमा दिनहुँ खेप्नुपरेको मुद्दा-मामिलाको दैनिकी समाप्त भई विशुद्ध शैक्षिणिक कार्यमा सरिक हुन पाउने अवस्था आउनेछ। 📖

**(पण्डित मकवानपुरका जिशिअ हुन्।)**

आवरण **विचार**

भोलाप्रसाद दाहाल



# जसरी भए पनि
# राम्रा शिक्षक

**शिक्षकको भूमिका, कर्तव्य र जिम्मेवारी नबुझी शिक्षक बन्नेहरूको सङ्ख्या नेपालमा धेरै छ । बालमनोविज्ञान, बालबालिकाको उमेर र सिकाइ क्षमता, शिक्षाले राखेको राष्ट्रिय नीति र पाठ्यक्रमको अपेक्षित उपलब्धिका बारेमा अनभिज्ञ शिक्षकहरूले पाठ्यपुस्तक पढाइरहेका छन् ।**

शिक्षाको केन्द्र विद्यार्थी हुन् । समाजको अध्ययन र विश्लेषण नै विद्यार्थीको पाठ्यक्रम हो। शिक्षक त्यसका सहजकर्ता हुन् । बालबालिकाको शिक्षाको अधिकार प्रत्याभूति गर्ने जिम्मेवारी राज्यको हो। बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्ने वयस्कहरूमा अभिभावक, शिक्षक, संघसंस्था र राज्यका निकायहरू जिम्मेवार छन् । शिक्षामा गरिएको बजेट विनियोजन खर्च नभई भविष्यको निम्ति गरिएको लगानी हो । विभिन्न अनुसन्धान प्रतिवेदनले नेपालमा प्राथमिक शिक्षामा गरिएको लगानीले वार्षिक १० प्रतिशतका दरले प्रतिफल दिइरहेको देखाएको छ भने माध्यमिक शिक्षाले करिब ७ प्रतिशत मात्र। यसको सोझो अर्थ हो, शिक्षकको भूमिका प्रभावकारी र नतिजामुखी हुन सकिरहेको छैन ।

किन त्यस्तो हुन गयो त ? कारण धेरै छन् । विद्यालयको वातावरण, व्यवस्थापन समितिको भूमिका, राजनीतिक दलहरूको हस्तक्षेप र सरकारी उदासीनता आदि कारणले पनि त्यस्तो अवस्था आएको हुनसक्छ । तर त्योभन्दा महत्त्वपूर्ण कारण अरू नै छन् । पहिलो पढाइ नै नहुनु । दोस्रो, प्रभावकारी तरिकाले पढाइ नहुनु । तर यसका निम्ति त्योभन्दा पनि बढी कोही जिम्मेवार छ भने त्यो हो, शिक्षक । त्यसैगरी शिक्षाको गुणस्तर बढ्यो भने त्यसको पनि सबैभन्दा पहिलो जस शिक्षकले नै पाउँछ । त्यसैले, शिक्षकको योग्यता, क्षमता, प्रतिबद्धता र इमानदारिता नै स्कूलको उत्थान वा पतनका लागि सबैभन्दा बढी जिम्मेवार छ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था भिएसओले नेपाललगायत विश्वका १३ विकासोन्मुख देशहरूको शिक्षासम्बन्धी गरेको अध्ययनको निष्कर्ष प्रासङ्गिक लाग्छ। २००७ मा प्रकाशित सो अध्ययन प्रतिवेदनको निष्कर्ष छ, शिक्षा प्रणालीको गुणस्तर शिक्षकको भन्दा बढी हुन सक्दैन । अर्थात् शिक्षकको स्तर नै शिक्षा प्रणालीको स्तर हो । शिक्षाको स्तर अभिवृद्धि गर्न गुणस्तरीय र योग्य शिक्षक चाहिन्छ भन्ने सो अध्ययनले समेत स्पष्ट पारेको छ ।

> **विभिन्न अनुसन्धान प्रतिवेदनले नेपालमा प्राथमिक शिक्षामा गरिएको लगानीले वार्षिक १० प्रतिशतका दरले प्रतिफल दिइरहेको देखाएको छ भने माध्यमिक शिक्षाले करिब ७ प्रतिशत मात्र । यसको सोझो अर्थ हो, शिक्षकको भूमिका प्रभावकारी र नतिजामुखी हुन सकिरहेको छैन ।**

एउटा युरोपेली मुलुक फिनल्याण्डले सन् १९७० को दशकमा विद्यालय शिक्षामा महत्त्वपूर्ण नीतिगत सुधार गऱ्यो । उसले स्नातकोत्तर उत्तीर्ण व्यक्ति मात्र प्राथमिक विद्यालयको शिक्षक हुन पाइने नीति लियो। हाल त्यहाँको शिक्षालाई गुणस्तरीय शिक्षाको नमुनाको रूपमा विश्वभर सम्मान प्राप्त गरिरहेको छ । उक्त नीति अख्तियार गरेको तीन दशकपछि फिनल्याण्डले शिक्षामा त्यति धेरै प्रगति गर्नुको मुख्य कारण थियो, स्तरीय शिक्षक। प्राथमिक तहमा समेत स्नातकोत्तर तहको शिक्षा हासिल गरेको जनशक्तिलाई मात्र शिक्षक बनाउनाले यस्तो नतिजा आएको हो। तर हाम्रो देशको अवस्था अर्कै छ। यहाँ एसएलसी पढेका शिक्षकहरूको प्राथमिक तहमा बाहुल्य छ। एकतिहाइभन्दा बढी शिक्षक राहत दरबन्दीमा कार्यरत छन्। शिक्षकलाई न विश्वास गरिएको । विद्यालयलाई व्यवस्थापन समितिले आफ्नो भान्छे भर्ती गर्ने केन्द्रको रूपमा बद्नाम गरिरहेका छन्। मासिक रु.१ हजारदेखि मासिक रु.८ हजार ५ सय पारिश्रमिक पाउने १३ प्रकारका शिक्षकहरूले प्राथमिक विद्यालयमा पढाइरहेका छन्। प्रारम्भिक बालविकास केन्द्रका करिब १२ हजार महिला सहजकर्ताले प्राथमिक विद्यालयको शिक्षकको रूपमा समेत काम गरिरहेका छन् ।

नेपालमा क्षमता भएका व्यक्ति मात्र शिक्षक बनुन् भन्ने ध्येयका साथ शिक्षण पेशामा प्रवेश गर्नका लागि शिक्षक लाइसेन्सलाई २०५८ सालदेखि अनिवार्य गरिएको छ । वर्तमान र निवर्तमान शिक्षा मन्त्रीसमेत शिक्षक लाइसेन्सको विरुद्धमा भएपनि दाता र शिक्षक युनियनको दबाबमा हालसम्म शिक्षक लाइसेन्सको प्रावधान कायमै छ । त्यसैगरी, विद्यालय व्यवस्थापन समितिले शिक्षकको नियुक्ति गर्ने प्रावधान पनि लाइसेन्ससँगै शिक्षा सातौं संशोधन ऐनले व्यवस्था गरेको हो। त्यस यता अस्थायीदेखि राहत शिक्षकसम्म सबै

छनोट गर्ने काम विद्यालय तहबाट हुँदै आएको छ ।

शिक्षक छनोट र नियुक्तिका सवालमा दुई विपरीत ध्रुवीय विचारहरू बहसमा आएका छन् । शिक्षकका संघसङ्गठनहरू केन्द्रीय स्तरको विद्यालय शिक्षा आयोगमार्फत शिक्षकको नियुक्ति, सरुवा, बढुवा र व्यवस्थापन देशभरिका सबै ३१ हजार विद्यालयमा हुनुपर्ने तर्क गरिरहेका छन् । शिक्षक पेशाभित्र व्याप्त राजनीतिकरण र शिक्षाको खस्कँदो गुणस्तरका कारण शिक्षकको नियुक्ति, सेवाका शर्त र सुविधा, बढुवा तथा कारबाहीलगायत शिक्षक व्यवस्थापनका सम्पूर्ण कामहरू गर्न विद्यालय व्यवस्थापन समितिलाई पूर्ण अधिकार दिई विद्यालयमा आधारित व्यवस्थापन लागू गर्नु सरकारलाई दबाब आइरहेको छ । कहिलेकाहीं यस्ता शर्तहरू दाताको लगानीसँग गासिएर आउँछन् र आइरहेका छन् ।

अन्तरमनबाट शिक्षक नै बन्छु भन्ने सपना र सोचका साथ शिक्षक बनेकाहरू कमै भेटिन्छन् । शिक्षकको भूमिका, कर्तव्य र जिम्मेवारी नबुझी शिक्षक बन्नेहरूको सङ्ख्या नेपालमा धेरै छ। बालमनोविज्ञान, बालबालिकाको उमेर र सिकाइ क्षमता, शिक्षाले राखेको राष्ट्रिय नीति र पाठ्यक्रमको अपेक्षित उपलब्धिका बारेमा अनभिज्ञ शिक्षकहरूले पाठ्यपुस्तक पढाइरहेका छन् । शिक्षण विधि र शिक्षाका सिद्धान्तको अल्पज्ञानले शिक्षककेन्द्रित शिक्षण सिकाइ नै अधिकांश विद्यालयमा लागू भइरहेको छ । १० वर्षसम्म विद्यालय शिक्षक र त्यसपछिका ७ वर्ष उच्च शिक्षामा आंशिक शिक्षकको जिम्मेवारी निर्वाह गरेको यस पङ्क्तिकार पनि उपरोक्त सन्दर्भ भन्दा भिन्न अवस्थामा थिएन। विद्यार्थीका अतिरिक्त नेपालको शिक्षा क्षेत्रमा शिक्षक, शिक्षा कार्यक्रमको व्यवस्थापक र अनुसन्धानकर्ताको रूपमा क्रियाशील रहँदाको सिकाइ र अनुभवका आधारमा गुणस्तरीय शिक्षा शिक्षकको पहलमा मात्र सम्भव छ। शिक्षकलाई समावेश नगराई तथा पाखा लगाई शिक्षामा सुधार कल्पना पनि गर्न सकिन्न ।

मेरो आफ्नो अवलोकनका आधारमा भन्नुपर्दा, विद्यालय व्यवस्थापन समितिको मातहतमा रहेर काम गर्न शिक्षकहरू हिचकिचाएको पाइँदैन । शिक्षक युनियनको तर्क सुन्ने हो भने शिक्षामा निजीकरण सरकारको नियत हो, त्यसैले उनीहरू यसको विरोध गरिरहेका छन्। यस पङ्क्तिकारले शिक्षकका पेशागत संघसंस्थाहरूसँग अन्तरक्रिया गर्दा समुदायमा विद्यालय हस्तान्तरण र विकेन्द्रित शिक्षक व्यवस्थापनको नाममा शिक्षकको पेसा, रोजीरोटी, वृत्तिविकास र गुणस्तरमा ह्रास आई अन्ततः शिक्षाको गुणस्तर गिरिरहेकाले त्यसको विरोध गर्नुपरेको बताए। उनीहरूको थप तर्क छ, विद्यालय आफन्त भर्ना गर्ने केन्द्र भएको छ। विद्यालय तथा शिक्षक व्यवस्थापन, रणनीतिक योजना तर्जुमा आदिमा प्रशिक्षित नगर्दा समितिको ध्यान कक्षाकोठा थप्ने, धेरै शिक्षक राख्ने र विद्यालयमा तह वृद्धि गर्ने कुरामा मात्र सीमित रहेको छ । समितिले शिक्षकको क्षमता बढाउने, विद्यार्थीको सिकाइ उपलब्धि बढाउने, जीवनोपयोगी सीप विकास गर्ने र लोकतान्त्रिक पद्धतिको अभ्यास गर्ने सामुदायिक केन्द्रको रूपमा विद्यालयलाई अगाडि बढाएको पाइन्न ।

**शिक्षक पेसाभित्रको राजनीतिकरण र शिक्षाको खस्कँदो गुणस्तरका कारण शिक्षकको नियुक्ति, सेवाका शर्त र सुविधा, बढुवा तथा कारबाहीलगायत शिक्षक व्यवस्थापनका सम्पूर्ण कामहरू गर्न विद्यालय व्यवस्थापन समितिलाई पूर्ण अधिकार दिई विद्यालयमा आधारित व्यवस्थापन लागू गर्नु सरकारलाई दबाब आइरहेको छ ।**

शिक्षकको पेशागत मर्यादा र वृत्तिविकासको सुनिश्चितताका लागि योग्य र सक्षम व्यक्तिहरू शिक्षण पेसामा आकर्षित गर्न, शिक्षक पेसामा आएकाहरूको क्षमता विकास गर्न, कार्यरत शिक्षकहरूलाई टिकाउन र शिक्षकहरूबाट विद्यार्थीमा गुणस्तरीय शिक्षण सिकाइ अभिवृद्धि गर्न केन्द्रीय सरकार, स्थानीय सरकार र विद्यालय व्यवस्थापन समितिबीचको समन्वय, सहकार्य र प्रतिबद्धता अपरिहार्य छ। फिनल्याण्डमा जस्तो प्राथमिक तहमा समेत स्नातकोत्तर तह उत्तीर्ण शिक्षकको व्यवस्था गर्न तत्काल सम्भव नभए पनि अब कम्तीमा स्नातक तह उत्तीर्ण गरेको ब्यक्ति मात्र यो पेसामा प्रवेश गर्न पाउने नीतिनियम बनाइनुपर्छ। शिक्षाको स्तर उकास्नका लागि यो अत्यन्तै महत्त्वपूर्ण र पहिलो पूर्वशर्त हो ।

केन्द्रीय शिक्षा आयोग वा शिक्षक काउन्सिलले शिक्षण पेशाका लागि योग्य व्यक्तिलाई विशेष प्रक्रिया पुऱ्याई लाइसेन्स दिने तथा नवीकरण गर्ने व्यवस्था गर्नुपर्छ । लाइसेन्स प्राप्त व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले खुल्ला प्रतिस्पर्धाद्वारा स्थानीय आवश्यकता र परिवेशका आधारमा शिक्षक भर्ना गर्ने, कार्य सम्पादनका आधारमा उनीहरूको बढुवा गर्न सक्ने नीति आवश्यक छ । यसरी भर्ना गरेका शिक्षकलाई आफ्नो कार्यक्षेत्रभित्रका विद्यालयहरूमा सरुवा गर्ने अधिकार स्थानीय सरकारलाई दिनु वेश हुन्छ। यसरी भर्ना गरेको शिक्षकहरूको विवरण स्थानीय तथा राष्ट्रिय सरकारले अद्यावधिक गर्नुपर्छ। केन्द्रीय सरकारले राष्ट्रिय मापदण्डका आधारमा भर्ना तथा बढुवा गरेको शिक्षकहरूको आधारभूत तलब भत्ता बेहोर्ने र विद्यालय तथा स्थानीय सरकारले आवश्यकता र कार्यसम्पादनका आधारमा आधारभूत तलबका अतिरिक्त थप सुविधा दिन सक्ने प्रावधान आवश्यक छ ।

गुणस्तरीय शिक्षा नेपाली समाजको आजको आवश्यकता र माग दुवै हो। त्यसलाई केन्द्रमा राखेर सबैको हितमा शिक्षक व्यवस्थापन गर्दा देहाय अनुसार गरिनु उपयुक्त देखिन्छ । क) केन्द्रीय सरकारको लगानी र शिक्षक भर्ना र वृत्तिविकासको राष्ट्रिय मापदण्ड निर्धारण तथा शैक्षिक उपलब्धि र गुणस्तरका सूचक निर्धारणमा प्रमुख भूमिका रहनु पर्छ, ख) स्थानीय सरकारलाई स्थानीय परिवेश र आवश्यकताका आधारमा राष्ट्रिय मापदण्ड र नीतिभित्र रही स्थानीय पाठ्यक्रम निर्धारण गर्ने, गुणस्तरको सूचक थप गर्ने, शिक्षण सिकाइको भाषा तोक्ने, सीमान्तकृत वर्गका बालबालिकालाई विशेष आकर्षणसहित शिक्षा अनिवार्य र निःशुल्क गर्ने, विद्यालय र शैक्षिक उपलब्धिको अनुगमन, समीक्षा तथा मूल्याङ्कन गर्ने लगायतका जिम्मेवारी हुनुपर्छ, र ग) विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको अल्पकालीन र दीर्घकालीन योजना बनाउने, शिक्षकको गुणस्तर र उपलब्धिको निर्धारण गर्ने, आफ्नो कार्यक्षेत्रभित्रका सबै बालबालिकालाई समानस्तरको शिक्षामा पहुँच सुनिश्चितता गर्ने, शिक्षक, विद्यार्थी र विद्यालयको उपलब्धिको अनुगमन तथा समीक्षा गरी सुधारका लागि योजना बनाउने तथा कार्यान्वयन गर्ने जिम्मेवारी दिनुपर्छ।

केशवप्रसाद भट्टराई



# भावी संविधान र गुणस्तरीय शिक्षाका शर्त

'राष्ट्रको आर्थिक र सामाजिक विकास तथा प्रजातान्त्रिक शासनव्यवस्थाको आधार नै शिक्षा हो' भन्ने कुरा २०औं शताब्दीले मानव समुदायलाई दिएको सबैभन्दा महत्त्वपूर्ण सन्देश हो ।

हरेक मुलुकको उन्नति र समृद्धिको आधार उसका नागरिकहरूले पाएको शिक्षामार्फत निर्माण भएको पूँजी र शक्ति नै हुन्छ । त्यसैले, हरेक देशको आर्थिक तथा सामाजिक विकासको प्रमुख वाहक र प्रेरक शक्तिको रूपमा शिक्षा स्थापित भएको छ । अर्थात्; आज हाम्रासामु उपस्थित सबैभन्दा ठूलो चुनौती नै शिक्षाको प्राप्ति, उपयोग, विस्तार र गुणस्तर निर्माण हो ।

कुनै पनि राष्ट्रको विकास, प्रगति, शान्ति, एकता र प्रजातन्त्रको आधार त्यहाँका नागरिकले प्राप्त गर्ने शिक्षाको स्तर र चरित्रले निर्धारण गर्दछ । त्यसैले राष्ट्रको विकास गर्नु भनेको मानवीय पूँजी तथा क्षमता निर्माण र विकास गर्नु हो । तर, यस्तो शक्ति र सामर्थ्य त्यसै निर्माण हुँदैन । यसका लागि राज्यको सुस्पष्ट नीति र पद्धति, सबल, सक्षम र उत्तरदायी शैक्षिक संरचनाहरू र दायित्व निर्वाहका प्रभावकारी पद्धतिहरू आवश्यक हुन्छन् । हाम्रो सन्दर्भमा भावी संविधानको दायित्व र औचित्य यही हो ।

नेपालमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि भावी संविधानमा देहाय अनुसारका प्रबन्धहरू गरिनुपर्दछ ।

## शिक्षा सेवा आयोग

राज्यको दायित्वअन्तर्गत नियुक्त हुने सबै शिक्षक, कर्मचारी तथा राज्यका विभिन्न तहमा शिक्षा सेवाअन्तर्गत काम गर्ने राष्ट्रसेवकको पदमा ऐनद्वारा निर्धारित मापदण्डअनुरुपको योग्यता र क्षमता भएका व्यक्तिहरू मात्र नियुक्त हुने कठोर व्यवस्था गरिनुपर्छ। उनीहरूको नियुक्ति, बढुवा र सेवा-सुविधाका शर्तहरू सिफारिस गर्नका लागि एउटा स्वायत्त र स्वतन्त्र शिक्षा सेवा आयोगको व्यवस्था संविधानमै गरिनुपर्दछ ।

शिक्षा सेवा आयोगका पदाधिकारीहरूको सिफारिस संवैधानिक परिषद्ले गर्ने र उनीहरूको योग्यता लोकसेवा आयोगको पदाधिकारीसरह हुने व्यवस्था पनि गरिनुपर्दछ ।

## राजनीतिक दबाब, प्रभाव र हस्तक्षेपमुक्त शैक्षिक संस्था

गुणस्तरीय शिक्षाका निम्ति शैक्षिक संस्थाहरू कुनै पनि किसिमको राजनीतिक दबाब, प्रभाव र हस्तक्षेपबाट स्वायत्त हुनुपर्दछ । तसर्थ राज्यको वा निजी लगानीमा सञ्चालित नेपालका सबै तहका शिक्षण संस्थाहरू आफ्ना शैक्षिक र व्यवस्थापकीय कार्य गर्न स्वतन्त्र र स्वायत्त हुने व्यवस्था गरिनुपर्दछ ।

शिक्षण संस्थाका कुनै पनि पदाधिकारीहरू कुनै पनि राजनीतिक दलसँग प्रत्यक्ष रूपमा संलग्न व्यक्तिहरू हुनु नहुने बलियो व्यवस्थाविना त्यस्तो स्वतन्त्र र स्वायत्त शिक्षण संस्थाहरूको कल्पना गर्न सकिँदैन ।

यसको लागि शिक्षण संस्थाका सबै पदाधिकारीहरूको नियुक्ति सम्पूर्ण रूपमा शिक्षण संस्थाको उद्देश्यसँग प्रमाणित रूपमा मेल खाने व्यक्तिहरू र सरोकार समूहहरूमध्येबाट कानुनअनुसार सङ्गठित स्वतन्त्र आयोग र समितिहरूबाट हुने तथा शैक्षिक संस्थाहरूको स्वायत्तता र स्वतन्त्रताको संरक्षण गर्नु सरकार, स्थानीय निकाय, संसद् र सबै तहका अदालतहरूको कर्तव्य हुने संवैधानिक व्यवस्था गरिनुपर्दछ ।

## उच्चस्तरीय शैक्षिक अनुगमन केन्द्र

आज कुनै पनि देशमा प्राप्त हुने शिक्षाको अन्तर्राष्ट्रिय आयाम र महत्त्व हुन्छ । यसर्थ नेपालको शिक्षाले अन्तर्राष्ट्रिय स्तर हासिल नगर्दासम्म नेपालका सबै शिक्षण प्रतिष्ठानहरू (विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरू)मा विद्यार्थी भर्ना, शिक्षक नियुक्ति पाठ्यक्रम निर्माण, परीक्षा सञ्चालन, प्रमाणपत्र वितरण, शिक्षक तथा कर्मचारीहरूको शैक्षिक योग्यता निर्धारण र परीक्षणको अनुगमन तथा शैक्षिक संस्थाहरूको स्वतन्त्रता र स्वायत्तता सुनिश्चित गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका समेत प्रतिष्ठित शिक्षाविद् र विश्वविद्यालयका पदाधिकारीहरू रहेको उच्चस्तरीय शैक्षिक अनुगमन केन्द्रको व्यवस्थालाई संविधानले प्रत्याभूत गर्नुपर्दछ । त्यसैगरी नेपालका सबै तहका शिक्षण संस्थाहरूलाई विदेशका स्तरीय स्कूल, कलेज र विश्वविद्यालयहरूसँग शैक्षिक सहकार्यका सुविधा र अवसर विकास तथा विस्तारलाई राज्यबाट प्रोत्साहन प्राप्त हुने विशेष कानूनी व्यवस्थालाई संविधानले नै संरक्षण प्रदान गर्नुपर्दछ ।

## शैक्षिक संस्था वा अनुसन्धान केन्द्र स्थापना, सञ्चालन गर्ने स्वतन्त्रता

राष्ट्रिय शैक्षिक लक्ष्य प्राप्तिको निम्ति कुनै पनि व्यक्ति, समूह वा संस्थालाई शैक्षिक संस्था वा अनुसन्धान केन्द्र स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनुपर्दछ । कानूनले तोकेका सबै मापदण्ड पूरा गरी तोकिएको संस्थामा अनुमतिको लागि निवेदन पेस गरेमा त्यसको ६० दिनभित्र त्यस्तो शैक्षिक संस्था वा अनुसन्धान केन्द्र स्थापनाको अनुमति प्राप्त हुनुपर्दछ । कुनै कारणले ६० दिनभित्र त्यस्तो अनुमति प्राप्त नभएमा उक्त विषयले न्यायपालिकाको क्षेत्राधिकारअन्तर्गत प्रवेश पाउने व्यवस्था हुनुपर्दछ । निजी क्षेत्रको स्वदेशी वा विदेशी पूँजी, प्रविधि, उद्यम र व्यवस्थापन संलग्नतालाई विशेषतः प्राविधिक,



व्यावसायिक र वैज्ञानिक क्षेत्रको शिक्षामा प्राथमिकता, सम्मान र प्रोत्साहन गर्नुपर्दछ ।

### गुणस्तरीय शिक्षा प्राप्त गर्ने हरेक नागरिकको अधिकार

गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारलाई हरेक नागरिकको मौलिक अधिकारको रूपमा सुनिश्चित गरी यसको पक्षमा राज्यको दृढ इच्छाशक्ति प्रमाणित गर्न ऐनमा उल्लिखित मापदण्डअनुरुपको आजीवन गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारलाई संविधानले प्रस्ट घोषणा गर्नुपर्दछ ।

### परिवार, समाज र राज्यको शैक्षिक कर्तव्य

आ-आफ्ना बालबालिक, परिवार र समुदायका सबै सदस्यहरूलाई त्यस्तो शिक्षा दिनु परिवार, समाज र राज्यको कर्तव्यको रूपमा संविधानमा व्यवस्थित हुनुपर्दछ । त्यति मात्र नभएर तोकिएको मापदण्ड अनुरुपको शिक्षा प्राप्त गर्नु हरेक व्यक्तिको परिवार, समाज र राज्यप्रतिको कर्तव्यको रूपमा पालन गरिने व्यवस्था हुनुपर्दछ ।

### योग्यतम व्यक्तिबाट शिक्षा प्राप्त गर्ने अधिकार र राज्यको कर्तव्य

मुलुकमा उपलब्ध भएमध्येका योग्यतम व्यक्तिबाट शिक्षा प्राप्त गर्ने अधिकार हरेक बालबालिका, युवा र प्रौढ नागरिकहरूलाई उपलब्ध हुनुपर्दछ । त्यस्ता योग्यतम व्यक्तिहरूलाई शिक्षक र सहजकर्ताको पदमा नियुक्त गर्ने र निरन्तर अभिप्रेरणा प्रदान गरेर त्यस्ता व्यक्तिलाई शिक्षक र सहजकर्ताको भूमिकामा निरन्तर कायम राखिराख्नु राज्यको कर्तव्यको रूपमा घोषणा गरी त्यसको पालनालाई सुनिश्चित गरिनुपर्दछ ।

### शिक्षामा विशेष प्राथमिकता दिने व्यवस्था

उपर्युक्त कुराहरूका साथै संविधान र कानूनअन्तर्गत विशेष शैक्षिक सेवा वा सुविधा प्रदान गर्ने वर्ग र समुदायको पहिचान गर्दा र त्यस्तो सेवा वा सुविधा उपलब्ध गराउँदा मानव विकास सूचकाङ्कको आधारमा पछिपरेका व्यक्ति, वर्ग र समुदायलाई विशेष प्राथमिकता दिने व्यवस्था हुनुपर्दछ ।

### सबै अवसरहरूमा सु-शिक्षित, योग्य, प्रतिबद्ध र सक्षम व्यक्तिहरू चयन र नियुक्त हुने स्वतन्त्र पद्धति

गुणस्तरीय शिक्षाको प्रेरक शक्ति भनेको कुनै नाता, सम्बन्ध, शक्तिमा रहेका सँगको निकटता, कुनै खास जाति, वर्ग वा समूहको पहिचान, स्वार्थ साटासाट वा पद किनबेचबाट नभएर राज्य वा समुदायमा उपलब्ध सबै अवसरहरूमा सु-शिक्षित, योग्य, प्रतिबद्ध र सक्षम व्यक्तिहरू चयन र नियुक्त हुने स्वतन्त्र पद्धति हो । त्यसैले, संविधान र कानूनमै राम्रा र उपयोगी विचारहरूको पक्षमा समाज सङ्गठित हुने र त्यस्तो विचार पुरस्कृत हुने व्यवस्था हुनुपर्दछ ।

### शैक्षिक सवालहरूमा राष्ट्रिय र स्थानीय सरकारबीच दायित्व विभाजन

- राष्ट्रिय सरकारको मार्गदर्शनअनुरुप सबै बालबालिकालाई आधारभूत तहको शिक्षा प्रदान गर्ने दायित्व स्थानीय सरकारको हुनुपर्दछ ।
- विद्यालय तहको शिक्षासम्बन्धी कार्ययोजना र कार्यक्रम तथा सो सञ्चालनको लागि आवश्यक स्रोत व्यवस्था पनि स्थानीय सरकारले गर्नुपर्दछ ।
- उच्च शिक्षासम्बन्धी कार्ययोजना र कार्यक्रमहरूको सञ्चालन र सोसम्बन्धी स्रोत व्यवस्थाको दायित्व राष्ट्रिय सरकारको हुनुपर्दछ ।

### शैक्षिक संस्थाहरूको सञ्चालन र व्यवस्थापन

शैक्षिक संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा राष्ट्रिय र स्थानीय सरकारको दायित्व निर्धारण देहायअनुसार हुनुपर्दछः

- विश्वविद्यालय; अनुसन्धान संस्था र स्नातक तह वा सोभन्दा माथिका प्राविधिक र व्यावसायिक संस्थाहरूको सञ्चालन र पाठ्यक्रम निर्धारण सम्बन्धमा राष्ट्रिय सरकारले आवश्यक नीति तय गरी स्थानीय सरकारहरूलाई यो सम्बन्धमा आवश्यक निर्देशन दिने व्यवस्था हुनुपर्दछ ।
- विद्यालय तहका प्राविधिक र व्यावसायिक जनशक्तिसम्बन्धी शिक्षण-प्रशिक्षण संस्थाहरू र निजी क्षेत्रका विद्यालयहरूको सञ्चालन र व्यवस्थापनसम्बन्धी नीति स्थानीय सरकारले तय गर्ने हुनुपर्दछ ।
- विद्यालय तहका विज्ञान, गणित, प्राविधिक, व्यावसायिक विषय, अङ्ग्रेजी भाषा, सामाजिक शिक्षा सम्बन्धित पाठ्यक्रमहरूको क्षेत्र र विषयहरूबारे केन्द्रीय सरकारले नीतिनिर्माण गरी सोसम्बन्धी निर्देशन स्थानीय सरकारलाई दिने व्यवस्था हुनुपर्दछ ।
- स्थानीय तहका पाठ्यक्रमहरू सम्बन्धी विषय निर्धारण, पाठ्यक्रम निर्माण र कार्यान्वयन स्थानीय सरकारले गर्ने व्यवस्था हुनुपर्दछ ।

### विद्यालय तहका शिक्षकहरूको योग्यता निर्धारण, शिक्षक प्रशिक्षण र शिक्षण अनुमतिपत्रसम्बन्धी व्यवस्था

विद्यालय तहका शिक्षकहरूको योग्यता निर्धारण, शिक्षक प्रशिक्षण र अनुमतिपत्रसम्बन्धी कार्य राष्ट्रिय सरकारले गर्ने व्यवस्था हुनुपर्दछ । राष्ट्रिय शिक्षा सेवा आयोगबाट सिफारिस भई कानूनबमोजिम राष्ट्रिय सरकारले शिक्षण अनुमतिपत्र प्रदान गरेका शिक्षकहरूमध्येबाट स्थानीय सरकारले नियम बनाई शिक्षक नियुक्ति गर्ने व्यवस्था हुनुपर्दछ ।

(भट्टराई नेपाल शिक्षक संघ र नेपाल शिक्षक युनियनका पूर्व अध्यक्ष हुन् ।)

नेपाल-अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ



# जीव-प्रजातिहरूको नाममा *नेपाल*

**सन् १९८२ सम्म नेपाल संज्ञा जोडिएको कूल ९३ वटा वनस्पतिमध्ये ३२ प्रजातिका बिरुवा नेपाल बाहिर भेट्टाइएका छैनन्। उदाहरणका लागि एकप्रकारको विष 'एकोनिटम नेपालेन्स' हाम्रो गणेश हिमाल क्षेत्रमा मात्र भेट्टाइएको छ। अन्यत्र कहीँ छैन।**

*'नाममा के हुन्छ र? जसलाई हामी गुलाब भन्दछौँ, त्यसलाई अरू नै संज्ञा दिए पनि उत्तिकै मीठो सुवास दिन्छ क्यारे!'* शेक्सपियरको विश्वप्रसिद्ध नाटक *रोमियो जुलिएट* मा रोमियोको नाम नै उनीहरूको प्रेममा बाधक बनेपछि जुलिएट यो संवाद बोल्न बाध्य हुन्छन्।

यस्तै प्रसङ्गमा तुलसीदासले रामायणमा बेग्लै धारणा अघिसारेका छन्: 'नामन काल न खाए' अर्थात् नामलाई कालले पनि निल्न सक्दैन। त्यसैले नाम बिगार्नु हुँदैन। नाम भनेको नामै हो।

शेक्सपियर होऊन् वा तुलसीदास- प्रत्येक व्यक्तिको नाम त हुनै पऱ्यो। बिना नाम कसैको व्यक्तित्व वा कृतित्व खुल्दैन। मानिसलाई मात्र होइन सबै जीव, प्राणी र वनस्पतिलाई पहिचान चाहिन्छ, नाम चाहिन्छ। यो आलेखमा हामी जीव प्रजातिका सार्वकालिक, सार्वस्थानिक नामबारे चर्चा गर्दैछौँ।

सम्पूर्ण मानव जाति एउटा प्रजाति हो। त्यस प्रजातिको वैज्ञानिक नाम हो *'होमो सापियन्स'* (Homo sapiens)। मानिस बाहेक यस ग्रहमा अरू एक करोड पचास लाख जीव प्राणीका प्रजाति हुनुपर्छ भन्ने वैज्ञानिकहरूको अनुमान छ। तीमध्ये १७/१८ लाख प्रजातिको मात्र पहिचान भएको छ। अर्थात् त्यतिले नाम पाएका छन्। खोजी जारी छ। अन्वेषण चालु छ। यसै सिलसिलामा विगत दस वर्षभित्र (सन् १९९८ देखि २००८ सम्म) हिमालयको पूर्वी खण्ड (नेपालको कालीगण्डकीदेखि म्यानमारको उत्तरी भू-भाग) मा ३५३ वटा नयाँ जीव प्राणी र वनस्पतिहरू पत्ता लागेको अभिलेख विश्व वन्यजन्तु कोष (WWF) ले हालै सार्वजनिक गरेको छ। यी नयाँ प्रजातिहरूमध्ये ९३ (त्रियानब्बे) प्रजाति नेपालमा भेटिएका हुन्। ती नवीन वैभवमा दुई प्रजातिका भ्यागुता, ९ प्रजातिका माछा र ९ नै प्रजातिका सरिसृप प्राणी (छेपारो, माउसुली, सर्प जस्ता घस्रने प्राणी) छन्। हाड र ढाड नभएका (माकुरा, बिच्छी, कीरा, फट्याङ्ग्रा आदि) प्राणीको श्रेणीमा पर्ने ३६ प्रजाति र ३९ प्रकारका वनस्पति प्रजाति पनि नेपालभित्रै पत्ता लागेका हुन्। यी विभिन्न जीव प्रजातिको वैज्ञानिक नामकरण गर्ने क्रममा १० वटा प्रजातिको नाम नेपालसँग जोडिन पुगेको छ। 'माधव नेपाल' भन्दा एक जना व्यक्ति बुझिएझैँ *सालिक्स नेपालेन्सिस* (Salix nepalensis) भन्दा नेपालमा पाइने एक प्रकारको बैंसको बिरुवालाई चिनिन्छ।

व्यक्ति विशेषका नामहरू केलायौं भने धेरै व्यक्तिका एकै नाम वा एकै व्यक्तिका अनेकौं नाम हाम्रो समाजमा चल्दै आएको पाउँछौं। बीज-बिरुवामा पनि यस्तै हुन्छ। समय, परिस्थिति र भाषाले गर्दा यस्तो पर्न जान्छ। हाम्रो खेतमा धान पाक्दछ भने भान्छामा भात। वनस्पति त उही हो। त्यसैलाई अङ्ग्रेजीमा 'राइस', फ्रेन्चमा 'री', जापानीमा 'कोमे' र चिनियाँ भाषामा 'तामी (dami)' भनिन्छ। यसै कारण वैज्ञानिक जगतमा विश्व मान्य कुनै एउटा नामको आवश्यकता पर्दछ। यो प्रयोजनका लागि लैटिन भाषालाई मान्यता दिइएको छ। सबै देशका वैज्ञानिकहरू धानलाई ओराइजा साटिभा (Oryza sativa) भनेर सम्बोधन गर्दछन्। यसबाट विश्व तहमा वैज्ञानिक संवाद र सञ्चारको मार्ग-प्रशस्त हुन्छ।

आफ्नो नवीन प्रजातिको नाम राख्न वैज्ञानिकहरू पूर्ण स्वतन्त्र हुन्छन्। तर, त्यो नाम अरूसँग मिल्नु हुँदैन, बाझिनु हुँदैन। माथि उल्लेख भएका ९३ वटा नयाँ नामलाई केलाई हेर्दा नेपालेन्सिस/नेपालेन्स भनिएका १० प्रजातिमा एउटा माछा प्रजाति, एउटा माकुरा प्रजाति, दुईवटा छेपारो (सरिसृप) प्रजाति तथा ६ वटा वनस्पति प्रजातिका छन्।



तस्बिर सौजन्यः डब्ल्युडब्ल्युएफ सन् २००८

चितवनको बूढी राप्ती नदीमा फेला परेका नयाँ नेपालेन्सिस माछा।



तस्बिर सौजन्यः डब्ल्युडब्ल्युएफ २००८

सन् २००४ मा नेपालेन्सिस नामकरण भएको चितवनको बिच्छी।



तस्बिर सौजन्य: महेशकुमार अधिकारी, सन् २०००


**नेपालेन्सिस नाम बोकेको एक च्याउको प्रजाति।**



तस्बिर सौजन्य: रेने मिल्लीमिल्ली र तीर्थबहादुर श्रेष्ठ, २००४

**नेपालेन्सिस नाम भएको एक यौनोत्तेजक भुईं सुनाखरी।**

**डाक्टर तीर्थमान मास्केको स्मृतिमा स्थापित चितवनको नयाँ भ्यागुता।**



तस्बिर सौजन्य: आईयूसीएन नेपाल, २००४

यसैगरी दुई प्रजातिको नाम नेपाली वैज्ञानिकको स्मृतिमा पर्न गएको छ। डा. तीर्थमान मास्केको स्मृतिमा एउटा भ्यागुता र अमृतमान बनियाँको सम्मानमा एउटा सुनाखरी बिरुवा स्थापित भएका छन्। स्थान नामका आधारमा चितवनको नाममा एउटा भ्यागुता छ भने माकुरा प्रजातिमा थुप्रैले स्थान नाम ओगटेका छन्।

विगत दस वर्षको अन्वेषणको उपलब्धी हेर्दा माकुराले कीर्तिमान कायम गरेको देखिन्छ। विभिन्न नयाँ माकुराको नाममा स्थापित स्थान नाममध्ये नेपालका १२ स्थान हुन्: चिचिला, चौकी, चुली, दामन, धुली, एभरेष्ट, जिरी, कालिन्चोक, खिमती, तीनजुरे, त्रिशूली तथा कन्चनजङ्घा। यसैगरी महाभारत लेकको नाममा एउटा सरिसृप नामकरण भएको छ भने मुस्ताङको नाममा तीन वटा वनस्पति परेका छन्। अरू वनस्पतिमा जोडिएका स्थान नामहरूमा जुम्ला, सिमीकोट, हिमाल, गणेश हिमाल, अन्नपूर्ण, चड्खेली लेक, गण्डकी, पोखरा, खुम्बू र रोल्वालिङ पर्दछन्।

विगत दस वर्षमा भएको यो नवीन प्राप्तिमा विभिन्न देशका धेरै वैज्ञानिकहरू सामेल छन्। तीमध्ये नेपाली वैज्ञानिकहरूमा डा. करन शाहको छेपारो, डा. केशवराज राजभण्डारीका चार वनस्पति र त्यस्तै डा. लोकेश शाक्य, डा. देवेन्द्र वज्राचार्य, एम.आर. श्रेष्ठ तथा मुकेश क्षेत्रीका तीन वटा सुनाखरी विशेष उल्लेखनीय छन्। उहाँहरूको शोध, खोज, अन्वेषण र अनुसन्धानको हामीले कदर गर्नुपर्छ र आभार व्यक्त गर्नुपर्छ।

नेपाली जैविक विविधताको ज्ञान, अध्ययन, अनुसन्धान र अन्वेषणको इतिहास पौराणिक भए तापनि पश्चिमी विज्ञानको दृष्टिले सन् १८०२ बाट सुरु भएको मान्न सकिन्छ। त्यसबेला ह्यामिल्टनले वनस्पति र माछाको सङ्कलन गरे। त्यसबेलादेखि सन् १९८२ सम्ममा *नेपाल* संज्ञा जोडिएका नेपाली वनस्पतिको सङ्ख्या ९३ पुगेको देखिन्छ। सन् १९८० देखि १९९८ सम्मको यकिन तथ्याङ्क प्रकाशित हुन बाँकी नै छ। यसैगरी *नेपाल* जोडिएका सयौं जीव प्राणी (animals) का नामहरू यत्रतत्र छन्। सङ्ग्रहको काम हुन बाँकी नै छ। सबै सङ्ग्रह भयो भने नेपाल संज्ञा पाएका जीव प्राणी र वनस्पतिको सङ्ख्या ५०० भन्दा बढी हुन आउँछ।

सन् १८०२/१८०३ ताका नेपाली वनस्पतिको वैभव खोतल्ने क्रममा स्कटलैण्डका फ्रान्सिस ह्यामिल्टनले काठमाडौंबाट सयौं बिरुवासँगै उत्तिसको नमूना पनि बेलायत पठाए। त्यसको करिब २२ वर्षपछि उत्तिसको वैज्ञानिक नामकरण *'अल्नस नेपालेन्सिस'* रहन गयो। यो *नेपालेन्सिस* बिरुवा सम्पूर्ण हिमालय शृङ्खला- गढवालदेखि भुटान, आसाम, तिब्बत, चीन र बर्मासम्म फैलिएको छ। सन् १९८२ सम्म नेपाल संज्ञा जोडिएको कूल ९३ वटा वनस्पतिमध्ये ३२ प्रजातिका बिरुवा नेपाल बाहिर भेट्टाइएका छैनन्। उदाहरणका लागि एकप्रकारको विष *'एकोनिटम नेपालेन्स'* हाम्रो गणेश हिमाल क्षेत्रमा मात्र भेट्टाइएको छ। अन्यत्र कहीँ छैन। *नेपालेन्सिस* नाम भए पनि कुनै व्यापक हुन्छन् कुनै मात्र स्थानीय।

जैविक विविधताको अरू फाँटमा जस्तै; च्याउ, लेउ, ढुसी एवं प्राणी जगतमा चरा, माछा, सर्प, छेपारो वा स्तनधारी पशुमा पनि *नेपाल* संज्ञा जोडिएका थुप्रै नामहरू छन्। *नेपालेन्सिस* नाम भएको पूर्वी नेपालको धनेश चरा नेपालबाट लोप भइसक्यो। धन्न! सिक्किम, भुटानतिर त्यो अझै भेट्न सकिन्छ। नेपाल नाम बोकेको नेपालमा मात्र पाइने काँडेभ्याकुर *(टुरङ्वाइडिस निपालेन्सिस)* यसैगरी लोप भयो भने यो सृष्टिकै अन्त्य हुन जान्छ। रारा तालमा मात्र पाइने नेपालेन्सिस असला माछा *(साइजोथोराक्स नेपालेन्सिस)* को पनि त्यही कुरो हो। पुतली प्रजातिमा पनि *नेपाल* संज्ञा बोकेका कमसेकम पाँच प्रजाति नेपाल बाहिर पाइँदैनन्। च्याउ प्रजाति *रुसुला नेपालेन्सिस* (Russula nepalensis) हाम्रो हुलाक टिकटमा समेत अङ्कित छ।

जैविक विविधताको नेपाली वैभव निकै ठूलो छ। तिनको शोध, खोज, अन्वेषण र सर्वेक्षणमा यथायोग्य राष्ट्रिय लगानी गर्न सकिएको छैन। तिनको संरक्षण र सम्बर्द्धनबाट आर्थिक लाभ पनि सहज बनाउन सकिएको छैन। तिनका बारे चेतना पनि नयाँ पुस्तालाई बाँड्न सकिएको छैन। तर, देशमा शान्ति बहाली नभएसम्म यी कुरा ओझेलमा नै अल्झिएर रहन्छन्। तर पनि प्रयास छोड्नु हुँदैन। वैज्ञानिकहरू त लागिपरेकै छन्। हालै सार्वजनिक भएका पूर्वी हिमालयका नयाँ प्राप्तिहरू त्यसका प्रमाण हुन्।

कक्षाकोठा गणित

हरिनारायण उपाध्याय



# कागजबाटै सिकाउन सकिन्छ

**कागजलाई गणित शिक्षणमा प्रयोग गरियो भने चक र डस्टर बोकेर कक्षामा जाने शिक्षकहरूले केही नयाँपन अनुभव गर्न सक्छन् । शिक्षकलाई कागज चाहिएमा विद्यार्थीको कापीको एकपाना पाउन कठिन पर्ने छैन । सामान्य एकपाना कागजको प्रयोगबाट गणितीय धारणा सामान्यीकरण हुन पुग्यो भने एकजना शिक्षकले विद्यार्थीहरूलाई दिन सक्ने सबभन्दा ठूलो उपहार त्यही हुन्छ ।**


भाषा जस्तै गणित पनि सञ्चारको महत्त्वपूर्ण माध्यम हो । विज्ञान र प्रविधिको विकास चरमोत्कर्षमा पुगेको आजको युगमा मात्र होइन, प्राचीन ग्रीक सभ्यतामा समेत गणितको पठनपाठनले उच्च प्राथमिकता पाएको थियो । हाम्रो मुलुकमा पनि गुरुकुलदेखि हालसम्म गणित विषय अनिवार्य रूपमा अध्ययन-अध्यापन हुँदै आएको छ । गणितका आधारभूत धारणाहरू हाम्रो जीवनका अभिन्न अङ्ग भएका छन् ।

उत्पत्ति तथा विकासक्रमका आधारमा गणित प्रयोगात्मक विषय रहिआएको छ । यसको प्रयोगात्मक पक्षलाई नबुझी अमूर्त पक्षलाई अङ्गीकार गरी शिक्षण गरिएकाले गणितको प्रयोगात्मक तथा व्यावहारिक पक्ष कमजोर मात्र भएको छैन, गणित शिक्षक तथा विद्यार्थीलाई गाह्रो र बोझिलो विषय बन्न गएको छ । एसएलसी परीक्षामा गणितमा बढी अनुत्तीर्ण हुनाले पनि यही पुष्टि गर्दछ । विद्यार्थीले गणित राम्रोसँग बुझ्दैनन् र पढ्न पनि कम रुचाउँदछन् । 'गणित विषय गाह्रो विषय हो' 'गणित थोरैले मात्र पढ्न सक्ने विषय हो,' गणित पढ्न दिमाग चाहिन्छ जस्ता अभिव्यक्ति स्वयम् गणित शिक्षकबाट आउने हुँदा गणितप्रति विद्यार्थीमा नकरात्मक सोच विकास भइरहेको छ । गणित आधारभूत रूपमा गाह्रो विषय होइन, यो सरल, सहज र रमाइलो गरी सिक्न सकिने विषय हो । यसको प्रयोगको क्षेत्र व्यापक छ भनेर विद्यार्थीमा अभिप्रेरणा जगाउन सके गणितप्रतिको नकारात्मक सोच हट्ने विश्वास गर्न सकिन्छ । यही मानेमा कागज काटेरै/पट्याएरै भए पनि गणितीय धारणाको पुष्टि गर्न सकिन्छ । यसबाट गणित शिक्षण रमाइलो वातावरणमा खेल खेलेर सिकाउन सकिने स्पष्ट पार्न खोजिएको छ ।

मानव सभ्यता र विकासको इतिहासमा कागजको विकास एउटा महत्त्वपूर्ण घटना हो । वैदिक सभ्यतामा गीत गाएर सम्झनुपर्ने गणितीय सूत्रहरू कागजमा लेखिन थालेपछि यो सबैका लागि सहज सन्दर्भ सामग्री हुन थालेको हो । त्यसरी नै गणितीय आविष्कारको आदान-प्रदान तथा प्रचारप्रसारमा पनि कागजको आविष्कारले ठूलो सहयोग पुऱ्याएको छ । हुलाक टिकट, पेपर नोट तथा कागज गणित शिक्षणका लागि उपयुक्त सामग्री हुनसक्छ भन्ने कुरा धेरै गणित शिक्षकहरूलाई पनि जानकारी नहुन सक्छ । कागजलाई गणित शिक्षणमा प्रयोग गरियो भने चक र डस्टर बोकेर कक्षामा जाने शिक्षकहरूले केही नयाँपन अनुभव गर्न सक्छन् । शिक्षकलाई कागज चाहिएमा विद्यार्थीको कापीको एक पाना पाउन कठिन पर्ने छैन । सामान्य एक पाना कागजको प्रयोगबाट गणितीय धारणा सामान्यीकरण हुन पुग्यो भने एकजना शिक्षकले विद्यार्थीहरूलाई दिन सक्ने सबभन्दा ठूलो उपहार त्यही हुन्छ । यस्तो उपहार विद्यार्थीले जीवनपर्यन्त प्रयोग गरिरहने छ ।

# भिन्न सिकाउने विधि

कागजलाई एकआपसमा ठिक्क खप्टिने गरी पट्याउँदा पट्टिने रेखाले कागजलाई दुई बराबर भागमा विभाजन गर्दछ। हरेक भाग अर्थात् आधा हुन्छ। यो भिन्न सिकाउने सुरुको खुट्किलो हो।




आधा पट्याएको कागजलाई फेरि आधा पट्यायो भने कागजको टुक्रा चार बराबर भागमा बाँडिन्छ र हरेक भाग एकचौथाई हुन्छ। यी क्रियाकलापसम्म भिन्नका निम्न धारणा पुष्टि गर्न सकिन्छ।

भिन्नको जोड $\frac{१}{२} + \frac{१}{२} = १$ (सिङ्गो)

$\frac{१}{४} + \frac{१}{४} = \frac{१}{२}$ (आधा)

$\frac{१}{४} + \frac{१}{४} + \frac{१}{४} + \frac{१}{४} = १$ (सिङ्गो)


समतुल्य भिन्नहरू $\frac{१}{२} = \frac{२}{४}$

भिन्नको तुलना $\frac{१}{४} < \frac{१}{२}$

$\frac{१}{२} < \frac{३}{४}$ इत्यादि

# अनुरुपता शिक्षण

कागज पट्याउने साधारण क्रियाकलापबाट गणितको अनुरुपताको शिक्षण गर्न पनि सकिन्छ। माथिकै उदाहरणमा पट्याइएका भागहरू एकआपसमा सर्वाङ्गसम वा अनुरुप छन् भने हरेक चौथाई भाग पनि अनुरुप छन्। अनुरुपताका लागि वर्गलाई विकर्णमा पट्याउँदा दुई वटा अनुरुप समकोणी त्रिभुज बन्दछन्।




# कक्षाकोठा गणित


समद्विबाहु त्रिभुजलाई उचाइतिरबाट पट्याउँदा दुईवटा अनुरुप समकोणी त्रिभुज बन्दछन् । यी दुईवटा अनुरुप समकोणी त्रिभुजाकार टुक्राको अर्को संयोजनबाट बराबर क्षेत्रफल भएको फरक आकृतिको समद्विबाहु त्रिभुज बनाउन सकिन्छ ।

यहाँ यी दुवै त्रिभुजहरूको क्षेत्र फल बराबर छ। त्यसैले फरक फरक आकारका ज्यामितीय आकृतिहरूको क्षेत्रफल बराबर हुनसक्छ । यो महत्त्वपूर्ण सामान्यीकरण हो ।

यही कागज पट्याउने विधिले समद्विबाहु त्रिभुजका आधार कोणहरू बराबर हुन्छन् भन्ने तथ्य सहजै दृष्टिगत गर्न सकिन्छ। एउटा ज्यामितीय चित्रलाई ठिक्क आधामा पट्याउँदा त्यो पट्टिएको रेखामा त्यो चित्र सममितिक हुन्छ ।



अनुरूप समकोणी त्रिभुजको एक संयोजनबाट बनेको समद्विबाहु त्रिभुज



तिनै अनुरूप समकोणी त्रिभुजको अर्को संयोजनबाट बनेको समद्विबाहु त्रिभुज

# सममिति तथा परावर्तन शिक्षण


समद्विबाहु त्रिभुजाकार कागजको टुक्रामा उचाइमा पट्याउँदा प्रत्येक आधाअनुरुप हुने हुँदा समद्विबाहु त्रिभुज उचाइ (पट्टिएको रेखा) मा सममितिक हुन्छ । यो पट्टिएको रेखालाई सममितिको अक्ष भनिन्छ ।


यो परावर्तन पढाउने पूर्व तयारी हो । सममितिको अक्ष परावर्तनको अक्ष हुन्छ र हरेक आधा अर्को आधाको परावर्तित प्रतिबिम्व हुन्छ। ज्यामितीय आकृतिमा एकभन्दा बढी सममितिका अक्ष हुन सक्दछन् ।

समबाहु त्रिभुजाकार कागजको टुक्रा आधा पट्याउँदा तीन तरिकाले पट्याउन सकिन्छ। त्यसैले यसका तीनवटा सममितिका अक्षहरू हुन्छन् ।


कुनै ज्यामितीय आकृतिहरू अनुरुप आकृतिमा आधामा पटिन्छन् तापनि त्यो पटिने रेखामा तिनीहरू सममितिक नहुन पनि सक्दछन्। यसको पुष्टि समानान्तर चतुर्भुजाकार कागजको टुक्रालाई विकर्णमा पट्याएर गर्न सकिन्छ ।

यहाँ पटिएको रेखाले समानान्तर चतुर्भुजलाई दुई वटा अनुरुप त्रिभुजहरूमा बाँडेको त छ तर यो रेखा सममितिक रेखा भने होइन । यसरी ज्यामितीय आकृतिमा एउटा सममितिको रेखा धेरै सममितिको रेखा वा कुनै पनि सममितिको रेखा नहुन पनि सक्दछ ।





एउटा आयताकार कागजको टुक्रालाई ठिक्क आधामा पट्याएर चित्रमा देखाए झैं दुवैतिर पर्ने गरी प्वाल पारेर कागज खोल्नुहोस्।





माथि देखिएका दुवै प्वालहरू पटिएको रेखाबाट समदूरीमा छन्। प्वाल जोड्ने रेखा पटिएको रेखामा समकोण हुने गरी समद्विभाजित छ। यहाँ प्रत्येक प्वाल पटिएको रेखामा परावर्तित प्रतिबिम्ब हो। र पटिएको रेखा (परावर्तनको अक्ष) बिन्दु र प्रतिबिम्व जोड्ने रेखाको लम्बार्द्धक हुन्छ। परावर्तनद्वारा हुने स्थानान्तरणको यो महत्त्वपूर्ण धारणा कागज पट्याएर यति सहजै सामान्यीकृत हुन्छ।


# ज्यामितीय आकृतिको निर्माण

कागज पट्याएर वा काटेर गणित सिक्ने सिकाउने अवस्थामा प्रारम्भिक चरणमा विद्यार्थीहरूलाई कागज पट्याएर ज्यामितीय आकृति निर्माण गर्ने र यो सीप विकास भएपछि यस्ता आकृति पट्याएर ज्यामितीय साध्य वा धारणाको पुष्टि गर्नेतिर लक्षित गर्नुपर्दछ। यहाँ यस्ता केही चरणहरूको चर्चा गरिन्छ।

**कागज पट्याएर वर्ग बनाउने:**




**कागज पट्याएर ३०°/६०° को त्रिभुज वा Set Square बनाउने:**



# कक्षाकोठा गणित


**कागज पट्याएर समवाहु त्रिभुज निर्माण गर्ने:**





माथिका सीप विकास साथै कागज पट्याएर ज्यामितीय तथा अन्य गणितीय तथ्यहरूको पुष्टि गराउनुपर्दछ।

## ज्यामितीय आकृतिको निर्माण

जस्तै त्रिभुजका भित्रीकोणको योगफल १८०° हुन्छ भन्ने पुष्टिका लागि त्रिभुजाकार कागज यसरी पट्याउन सकिन्छ।





आयताकार कागजको टुक्रालाई चित्रमा जस्तै पट्याएर समानान्तर सीधा रेखालाई छेदकले काट्दा एकान्तर कोणहरू बराबर हुन्छन् भनी पुष्टि गर्न सकिन्छ।




# वृत्त परिधि कोण केन्द्रीय कोणको आधा हुन्छ भन्ने साध्यको पुष्टि यसरी गर्न सकिन्छ

जस्तै त्रिभुजका भित्रीकोणको योगफल १८०° हुन्छ भन्ने पुष्टिका लागि त्रिभुजाकार कागज यसरी पट्याउन सकिन्छ।




केन्द्रीय कोणका काटेर आधामा पट्याई परिधिमा राख्दा परिधि कोणसँग ठिक्क मिल्छ।




यसरी वृत्तको परिधि कोण केन्द्रीय कोणको आधा हुन्छ भन्ने देखाउन सकिन्छ।

कागजको ठूलो संसारमा गणितीय धारणाको महासागर कति गहिरो छ भन्ने थाहा पाउन महासागरको गहिराइमा पुग्नेले मात्र थाहा पाउँछ। माथि प्रस्तुत गरिएका केही नमुनाले त्यसैको झल्को दिन खोजिएको छ।

अहिलेको विश्व मनोरञ्जनात्मक सिकाइ (Joyful Learning) मा केन्द्रित छ र यस्तो सिकाइमा विद्यार्थीहरूको संलग्नता महत्त्वपूर्ण हुन्छ। आफैँले कागज पट्याउँदा विद्यार्थीको संलग्नताका साथै कागज पट्याउँदा दुवै हात चल्ने हुँदा मानव मस्तिष्कको दुवै भाग क्रियाशील हुन्छन्। कागज पट्याउने/काट्ने खेल खेल्दा सिकाइ सहभागितामूलक एवम् मनोरञ्जनात्मक गणित सिकाइ हुन्छ। यसको अभ्यास हामी किन नथाल्ने ?

(उपाध्याय गणितका प्रशिक्षक हुन्।)

टीकाराम पोखेल



# गणितमा सृजनशीलता

गत अङ्कमा प्रकाशित उक्त लेखलाई प्रकाशनपछि फेरि पढेँ। उक्त लेखमा रहेको सुलभ र सुजनको कथाको आधारमा सृजनशीलताको प्रस्तुति गर्न खोजिएको जस्तो लाग्यो। उक्त कथामा शिक्षक मेहनती र तालिमप्राप्त भए पनि उहाँको कक्षाको प्रस्तुति परम्परागत देखिन्छ। उहाँले प्रयोगात्मक कक्षाको साटो प्रदर्शन विधि लिने गरेको पाइन्छ। उहाँले कक्षाका २-४ वटा विद्यार्थीको प्रतिक्रियाको भरमा कक्षा अगाडि बढाउने गरेको पाइन्छ। जस्तो; सुजन जाँचमा राम्रो अङ्क ल्याउने भएकाले उसको प्रश्नप्रति उहाँको सकारात्मक प्रतिक्रिया र उसलाई उत्साहित गर्ने व्यवहार देखिन्छ। तर, सुलभ जाँचमा सुजनले जस्तो अङ्क ल्याउन नसक्दा उसको सिक्ने अवसर नमिल्ने अवस्था दयनीय छ। यस लेखले पाठकहरूलाई यस्तो अवस्था नआओस् भनेर प्रतिविम्बनको रूपमा चारवटा प्रश्नहरू राखेको रहेछ। यी प्रतिविम्बनहरू मूलत: कथामा आधारित भएको उक्त कथा एकपटक फेरि पढी तलको प्रतिविम्बन पढ्न म अनुरोध गर्दछु।

१. सुलभले आमासँग फोटोको अल्वम माग्नु र उसको २+३=४ हुन्छ भन्ने कुराको के सम्बन्ध होला ?

सुलभले २+३=४ हुन्छ भन्ने कुरा कसरी प्रस्ट्याउन खोज्यो होला भन्ने कुरा उसकी आमाले राखेको फोटोको अल्वमसँग सम्बन्धित छ। उक्त अल्बमको मध्यतिरको दुई पाटामा रहेका दुईवटा फोटाको परिवेशले उक्त सम्बन्धको पुष्टि गरेको छ। *(हे. ग्राफिक्स)*


उक्त अल्बममा भएका दुईवटा फोटाहरूमध्ये एउटामा सुलभका बाबा, आमा र सुलभ छन्। अर्को फोटामा सुलभ र सुजन छन्। जसअनुसार पहिलो फोटोमा तीन जना छन् र दोस्रोमा दुई जना छन्। त्यहाँ जम्मा सुलभका बाबा, सुलभकी आमा, सुलभ र सुजन गरी चार जना छन्। यसले सुलभलाई २+३=४ हुन्छ भन्ने कुराको खुल्दुली जगाएको हो।

यस प्रश्नको उत्तर दिने क्रममा प्रश्नलाई अनौपचारिक रूपमा समूहसँग सम्बन्धित बनाएको छ। तीनवटा सदस्य र दुईवटा सदस्य भएका समूहको युनियनमा चार सदस्य हुनसक्ने कुरालाई त्यहाँ व्याख्या गरिएको छ।

यस्तै, २+३=३, २+३=५, ४+६=७ आदि जस्ता अवस्थालाई पनि छलफल गराउन सकिन्छ।

२. सुलभले भिन्नमा $\frac{1}{2}+\frac{1}{2}=1$ हुने र नहुने विभिन्न अवस्थालाई कस्तो प्रतिक्रिया दियो ? उसको सृजनशीलता बढाउन के-के उपाय अपनाउन सकिएला ?

उक्त कथामा सुलभले एउटा वस्तुलाई काटेर जोड्दा, काट्दा खेर जाने भागको समेत गणना गर्ने जमर्को गरेको देखिन्छ। उक्त कुराले सुलभ अति आलोचनात्मक देखिन्छ र त्यो कुराले सुलभलाई खुल्दुली आउनु स्वाभाविकै हो। उसले घरमा आले काटेर हेर्दा दुईवटा आलु लियो र काटेर हेर्‍यो। उसले कक्षामा पढेको र आफूले गरेकोमा फरक भेट्टायो। तर, उसले उक्त कुरा कक्षामा छलफल गर्ने जमर्को समेत गरेन। जसले गर्दा उसले सिक्ने अवसर समेत पाएन। उसका जिज्ञासालाई समेटेर सकारात्मक तरिकाले उत्तर



दिए मात्र पनि ऊ सृजनशील बन्न सक्ला कि !

एक माना कोदो र एक माना गहुँ जोड्दा कति हुन्छ भन्ने कुरा छलफल गराएको भए सुलभको जिज्ञासा पूरा हुने थियो कि ! उक्त कुरा छलफल गराउने क्रममा विद्यार्थीले दुई माना भन्न सक्छन् । त्यसपछि विद्यार्थीलाई दुई माना के हुने भनेर सोध्न सकिन्छ । दुई माना कोदो वा दुई माना गहुँ । केही समय विद्यार्थीलाई छलफल गराउँदा के निष्कर्ष निकाल्न सकिन्छ भने सजातीय वस्तुको परिमाणलाई जोड्दा सकिन्छ । तर, विजातीय वस्तुको परिमाणलाई प्रत्यक्ष रूपमा जोड्न सकिँदैन । यस्तो अवस्थामा बीचमा '+' चिन्ह लेखी गणितीय रूपमा व्यक्त गरिन्छ । जस्तो १ माना कोदो + १ माना गहुँ । यसले पनि विद्यार्थीलाई जोडिने अवस्थाको चिनारी गराउँदछ ।

कक्षामा स्याउ लिएर प्रयोगात्मक तरिकाले भिन्न पढाउँदा एकातिर विद्यार्थीहरू स्याउ खाने, मीठो फलफूल भनेर गन्थन गर्दछन् भने अर्कोतिर स्याउलाई ठीकसँग बराबर रूपमा खेर नजाने गरी तीन, पाँच, सात आदि टुक्रा बनाउन कठिन हुन्छ । यसको पूर्व तयारी शिक्षकले गर्नुपर्ने हुन्छ । शिक्षकले तीन, पाँच जस्ता टुक्रामा खेर नजाने गरी काटी देखाएपछि मात्र विद्यार्थीले त्यसलाई स्वीकार्दछन् । गणितमा प्रयोग हुने ½+½=1 एक Ideal अवस्था हो भन्ने कुरा छलफल गराउनुपर्दछ । यस्ता विभिन्न अवस्था विद्यार्थीलाई पनि प्रयोगात्मक रूपमा गर्न लगाउनुपर्दछ । शिक्षकले काटेर जोडेर देखाएर मात्र पुग्दैन । सबै विद्यार्थीलाई समेट्ने गरी बेञ्चपिच्छे एक-एक समूह बनाई समस्या राखेर प्रयोगात्मक गर्न लगाई छलफल गराउन सकिन्छ । सुलभले एउटै आलु (वा बराबर आलु) काटेर जोड्दा ½+½=1 हुने र दुईवटा फरक-फरक आलु काटेर ½+½=1 नहुने अवस्था देखेको हो । उसलाई विभिन्न खालका उदाहरण देखाई ½+½=1 हुने र 1 नहुने अवस्था बुझाउन सकिन्छ वा सकिन्छ भने उसलाई गर्न लगाउँदा राम्रो हुन्छ । फेरि ½ भनेको कुनै वस्तु वा परिमाणको आधा हो भन्ने कुराको छलफल गराउनुपर्ने देखिन्छ । धारणाको शिक्षणमा धारणासँग मिल्ने र नमिल्ने दुवै उदाहरण दिई छलफल गराउन राम्रो मानिन्छ ।

सुलभ एउटा सृजनशील विद्यार्थी भएको यहाँ देखिन्छ । कुनै प्रश्नको उत्तर सीधा नदिएर अलग्गै अर्थ लाग्ने गरी ऊ दिन चाहन्छ । उसको सृजनशीलतालाई बढाउनका लागि उसका धारणालाई प्रोत्साहन दिनु जरुरी छ । उसले भन्न खोजेको कुरालाई सहज रूपमा कक्षामा प्रस्तुत गर्न दिनुपर्दछ । उसका कुरामा शिक्षकले ध्यान नदिए जस्तो देखिन्छ । अर्थात् ऊ फटाहा र खासै पढ्न नजान्ने खालको विद्यार्थीको रूपमा लिइएको देखिन्छ । उक्त कुरालाई सबै शिक्षकले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

३. सुजनले सोधेपछि सरको प्रतिक्रिया आउनुको कारण के होला ? यो प्रश्न सुलभले सोध्दा सरको के प्रतिक्रिया हुन्थ्यो होला ?

सुजनको कक्षाको प्रथम विद्यार्थी भएकोले सर उसको प्रश्नमा सकारात्मक देखिनुहुन्छ । प्राय:जसो प्राचीन तरिकाबाट चलिरहेको कक्षा शिक्षणमा शिक्षकले सबै विद्यार्थीलाई हेर्ने दृष्टिकोण समान नरहेको पाइन्छ । शिक्षकले कक्षामा राम्रो स्थान हासिल गरेका विद्यार्थी मात्र असल विद्यार्थी हुन् र उनीहरूको मात्र सृजनशील शक्ति राम्रो हुन्छ भन्ने मान्यता राखेको यस लेखमा पाइन्छ । यो शिक्षणको निकै अप्ठेरो पक्ष हो । यसरी शिक्षकले कक्षामा विद्यार्थीलाई समान रूपले हेर्न नसक्नाले उनीहरूको सृजनशील शक्तिलाई प्रोत्साहन गर्न नसकिएको पाइन्छ । त्यसैले सरले सुजनको प्रश्नमा उचित उत्तर दिने र प्रोत्साहन गर्ने गर्नुहुन्थ्यो । कथाको आधारमा यही प्रश्न सुलभले सोधेको भए सरले उसको प्रश्नलाई त्यति ख्याल गर्नु हुँदैनथ्यो होला । यही प्रश्न सुलभले सोधेको भए वाहियात भनेर महत्त्व नदिने सम्भावना थियो ।

यसरी विद्यार्थीमा पूर्व ज्ञान कति छ, ऊ कति जान्ने हो भन्ने आधारमा मूल्याङ्कन गरी कक्षा क्रियाकलापमा समावेश गराउनुभन्दा सबै विद्यार्थी समान छन् र प्रत्येकसँग सृजनशील छ भन्ने कुरालाई महत्त्व दिनुपर्दछ ।

४. सुजनले सोधेको प्रश्नको सरले के जवाफ दिनुभयो होला ?

सुजनले सोधेको प्रश्न: 'एक भनेको एउटा मान्छे, एउटा गाईलाई पनि एकले जनाइन्छ । एउटा किताबलाई पनि एक, त्यस्तै एउटा कलमलाई पनि एक । त्यसैले एक कसरी अचर भयो ? त्यस्तै; दुई पनि त दुईवटा किताब, दुईवटा कलम आदि कसरी अचर भयो ? वास्तवमा कक्षामा सरले व्याख्या र छलफल गरेको चर र अचर राशीको अभिन्न अङ्गको रूपमा यो प्रश्न उब्जिएको हो । यहाँ '१' एउटा किताब, एउटा कलम जे भए पनि एउटै मान '१' जनाएको छ । '२'ले दुईवटा किताब, दुईवटा कलम जे जनाए पनि एउटै मान '२' जनाएको छ । त्यस्तै प्रत्येक सङ्ख्याले एउटा मात्र मान जनाएकोले अचर राशी भएको हो भनेर सरले जवाफ दिनुभयो होला ।

सुलभको वा सुजनको उक्त प्रश्नमा वस्तुलाई चलायमान बनाइएको छ न कि वस्तुको मानलाई । जसले गर्दा १, २, ३ आदि निश्चित नै छन् । यहाँनेर अचरले सधैँ समान गन्तीका र चरले फरक-फरक गन्तीका कुरा वा मान लिन्छन् भन्ने छलफल गराउनुभएको होला ।

CLASSROOM

Prem Phyak

# Give a task, let the students speak

Students seem to feel grammar classes are dry and monotonous. Many teachers simply explain the grammar rules rather than involve the students in any form of real interaction. By doing so, we are making the learning of grammar more difficult for students. Moreover, we are making them passive learners.

As part of my teaching duty I observe more than thirty student-teachers during their practicum classes every year; and I provide feedback to the student-teachers in order to help make their teaching more effective. I have found most student-teachers have good classroom delivery with strong content knowledge. For example, I have observed many of the student-teachers introduce William Wordsworth's poem "My Heart Leaps Up When I Behold..." They provide good biographic details about Wordsworth. They explain his writing style and the topic by giving reference to his past work. However, I have rarely found these student-teachers involving their students in group or pair discussions, or asking questions in order to encourage their students to think critically about the poem.

I have also observed secondary and higher secondary classes where the teacher spends the entire lesson (45 minutes) explaining the rules of where prepositions 'in' 'on' and 'at' are used. Students in these classrooms listen to lectures by the teacher. The students appear to lack enthusiasm due to the confusing examples and rules of the grammar. When asked, the teachers commenting on their own class say that they feel more comfortable when students remain quiet and simply listen to them rather than when the learners interact with each other.

Do students learn English if they remain si-



lent? Do they develop their critical thinking skills if teachers spoon-feed them without engaging them in classroom discussion and allowing for interaction? Does language teaching mean more teacher-talk and less student-talk? How can we as teachers engage the learners in classroom interaction while teaching English? These are the major issues I will discuss in this article. I argue that by giving a 'task', not lecture, we can promote student participation in the classroom, which ultimately enhances their critical thinking skills.

## What is a task?

A 'task' is an activity which promotes interaction among students by focusing on the meaning or message of language (Willis, 1996; Ellis, 2003). A task can be, for example, filling-in an application form, composing an e-mail message, drawing a street map according to instructions, or showing the differences between two pictures. In order to accomplish the task, students have to communicate sufficiently with their classmates in the classroom. While communicating in a group or in pairs students focus on the negotiation of meaning, i.e. they use different strategies such as comprehension checks, clarification requests and confirmation checks (Ellis, 2003). For example, instead of giving a long lecture about a poem, a teacher can ask students to read the poem aloud in groups, write their own interpretations and let the students present in the classroom. In this process the students work together, which provides opportunities for them to interact with each other by focussing on 'meaning'. In general, a task should have a purpose and involve a variety of thinking processes, a context in which the task takes place, and a product or result of thinking and doing the task.

## Form or meaning?

A form is a grammatical structure which allows students to construct correct sentences. Students construct a sentence with past simple tense using the past form of verbs, for example. In this sense, even sentences like John killed a stone, Anita kissed a stone seem grammatically correct since they "fit" the structure of the past simple tense. However, the sentences are not understandable in a real-life situation. This indicates that teaching students English only to use the correct form makes no sense when they have to engage in real-life communication. Considering the teaching of grammar equivalent to the teaching of the English language in our context (still the dominating belief) has, I think, diminished students' potential to use English in real-life situations. If we are focusing only on grammar we are making students just followers of rules, making them passive and not helping them generate ideas.

Against this backdrop, giving a task not only engages students in interaction in the classroom, but also bridges the gap between a real-life context and the classroom situation (Nunan, 2004). We can ask students to interact in pairs in order to find out about a frightening moment they have experienced, to draw a picture to illustrate that moment and then show the picture to other students in the classroom. By doing so, the students not only use English to explain and learn about the details of what, when, where and how the event occurred, but also explore and use language appropriate for real communication.

## Focused tasks

A task is not only useful for student interaction, but for teaching grammatical items as well. Teachers can provide different types of tasks in order to make the teaching of grammar effective and interactive. Research studies, and my experience as well, suggest most children do not enjoy learning grammar in the classroom. Students seem to feel grammar classes are dry and monotonous. Many teachers simply explain the grammar rules rather than involve the students in any form of real interaction. By doing so, we are making the learning of grammar more difficult for students. Moreover, we are making them passive learners.

We can design different tasks to make grammar teaching/learning a more positive experience. For example, we can give a story completion task in which students work together in a group to explore a story by asking each other questions. By doing this students learn how to use wh-questions (e.g. Where does the boy/girl come from?), do/auxiliary questions (e.g. Do they eat meat? Are they laughing?) along with many more structures. In the same way, instead of describing a picture teachers can ask students to show the differences between two similar pictures in order to teach the students how to form wh-questions, negatives, yes/no questions and so on.

## Learning critically

Many teachers believe learning the English language means only to listen, speak, read and write in English. However, such a concept may not necessarily promote the thinking skills of the students. In order to develop the students' communicative ability, we ask students to listen to and read an English text and then ask questions just to check whether the students understood the text. Teach-

# 'I only want to enjoy my childhood, ma'

■ Inumella Sesikala

Amma, I don't want to go to school.

I am just a child, Ma. I want someone to tell me stories and teach me. I want to watch tadpoles and butterflies and know what they eat, where they sleep. I want to climb a hill and catch a cloud to see what it is made of.

I want to wait with my hands in the stream and feel the fish swimming.

I want to run with the puppies, sing with the birds, and play with paper-boats in the rain.

I want to lie down on the soft green grass and hear the wind whisper.

Only then I want to learn more about them from the printed word.

Only after my imagination is fired, my thirst to know more has begun, a seed of 'Why?' is planted in my brain.

Amma, I feel trapped in the prison-like classroom. I feel my spirit slowly weakening with the monotonous teaching. Often, when I ask a basic question our teachers say, "No time for all that. Let us finish the syllabus."

I get tired of studying just for marks without pausing to truly understand.

I want to go to the museum with my classmates and hear my teacher explain the stories of the artefacts.

I want plenty of nature trips where real Biology classes would be held.

I want to see colourful videos of volcanic eruptions and deep-sea dwellings.

I want our whole school to visit together the historic and cultural places in my city.

I want to learn astronomy after looking through a telescope once.

I don't want to just read them in my textbooks; I want to see, hear, touch, smell and taste whatever I can. I want to experience.

Why can't the school make at least one such trip every year?

And, I cannot stoop down anymore to carry my school sack. My back is ready to break. Why should I carry all the books everyday? Why can't we have only two subjects per day? Or, why don't we have lockers like in the Western schools? And, why should I squeeze in that over-crowded auto?

But, Amma, growing up no longer seems to be fun. I see only more of homework, winter projects, summer classes, weekly tests, monthly tests, quarterly, half-yearly and annual exams, external competitive exams, more tests, more competitions, more pressure, more stress...

When can I sing, paint, dance, swim, or cycle?

When I can just play cricket or even hide-and-seek?

What happened to that minimum sleep that you always say a child needs?

Why should I always study, study?

Amma, I am scared of increasing atrocities by untrustworthy teachers, ragging-raving seniors, acid-loving nuts, perverted adults...

Ma, right now, I don't want to be a doctor, engineer or anything else.

I just want to feel safe and secure, play and learn without any stress before I become an adult like you.

I only want to enjoy my childhood, Ma.

*The Hindu, 2000 - 2009*

ers provide students with a particular exponent and ask them to use it in a piece of conversation following a model. Such a teaching method may not encourage students to be independent learners and thinkers.

Many teachers evaluate students' performance on the basis of whether the students provide "the right answer". Those who provide the right answer are supposed to be better than those who do not. But we never analyse why students do not understand and/or why they are not motivated to read and listen to a text. Teachers rarely ask students why they answered as they did.

Many teachers do not encourage their students to interact with the text and their friends in the classroom. Instead of involving the students in doing tasks that encourage them to analyse, discuss, debate, question and synthesize the ideas given in the text into students' own socio-cultural contexts, teachers try to influence the students with their own interpretations. Instead of trying to influence the students with the teacher's interpretation, we can encourage students to develop their own interpretation. For example, if a text is about Women in

America, we can ask students to read the text and discuss a comparison with the position of women in Nepal. We can ask the students to discuss how the beliefs and attitudes towards women in America and Nepal are different. This can be done in the pairs or small groups. Topics including education, the economy and politics are some of the issues students can be encouraged to discuss, again in pairs or small groups. Such tasks not only promote collaborative learning skills (Golub, 1988) but also involve the students in the critical thinking process and promote independent learning.

However, there are some crucial points to be considered in designing a task. The foremost point is the language level of the students. For beginners, we can give simple tasks such as describing pictures, following instructions, grouping objects, and gap filling. In such tasks we encourage students to generate a variety of ideas rather than say this is right and that is wrong. While asking questions (e.g. why do you think so?), students need to be able to express their own ideas in a comfortable environment, one that encourages the students to express their ideas in English. However, some students may not be able to express their ideas fluently. In that context, teachers should help by facilitating the expression process as opposed to overtly correcting the students. If we encourage students to ask questions and express agreement and/or disagreement with the ideas given in the text and that of the teacher, the students can develop skills to be independent learners.

## Designing a 'Task'

Most task-based lessons involve three logical stages: pre-task, during task and post-task (Willis, 1996). In the pre-task stage, teachers and students plan a task collaboratively, and become familiar with what they are going to do. This is the stage groups are formed and teachers give instruction to the students. Moreover, teachers can provide models in order to familiarise students with the types of activities they are doing to accomplish the task, and decide whether the purpose of the task is to teach form (grammar) or content.

In the second stage students are involved in doing the task. There are different options for performing the task depending on the need of the students and the complexity of the task. Usually young children need close guidance and input from the teacher, whereas older students can work more independently. In this stage, teachers can provide necessary information in order to make their task more outcome-oriented. In the same way, teachers can limit the time of the task completion so that the students can focus on the specific activities. During the whole process, working in a group, students consolidate different ideas to complete the task.

In the post-task stage, students are provided a chance to repeat the performance of the task in groups or individually, reflect on how the task was accomplished and raise awareness on the grammatical form. The students look back and analyse how the task was performed, who played what roles and what problems occurred during the task.

## Conclusion

By engaging in tasks, students can develop three important skills: cooperation, communication and critical thinking. The studies have also shown that a task can integrate four language skills and engages learners in 'cognitive processes' (e.g. selecting, classifying, and reasoning) in order to achieve a fixed 'outcome'. However, the designing of a task requires rigorous planning on the part of the teacher in order to ensure that the task focuses on meaning (not on form), has a fixed outcome and reflects authentic use of language (real-life language).

A task should also be appropriate for the socio-cultural context, learning practices and expectations of teaching/learning English in Nepal. We as teachers have to design the tasks which utilize local contexts and students are familiar with, so that the students can negotiate with classmates in learning English actively. Thus instead of planning what we are going to say about a particular text or an activity, we need to plan what activities or tasks (related to the lesson) can be conducted in the classroom.

*(Acknowledgements to Gretchen Coppedge and Laxman Gnawali for comment on the first draft)*

## Further Readings

Eckerth, J. and Siekmann, S. (2008) (Eds.). Task-based language learning and teaching: theoretical, methodological and pedagogical perspectives. Peter Lang: Berlin.

Ellis, R. (2003). Task-based language learning and teaching. Oxford: Oxford University Press.

Golub, J. (1988). (Ed). Focus on Collaborative Learning. Urbana, IL: National Council of Teachers of English,

Nunan, D. (2004). Task-based language teaching. Cambridge: Cambridge University Press.

Skehan, P. (1998). A cognitive approach to language learning. Oxford: Oxford University Press.


Willis, J. (1996) Willis, J. (1996). A framework for task-based learning. Harlow, U.K.: Longman Addison- Wesley.

(Write is associated with the Department of English Education, Tribhuvan University and this article is coordinated by NELTA.)

# फुर्सद



## शब्द खेल–१४



**नामः** __________________

**ठेगानाः** __________________

### तेर्सो

१) अंगुर/मुनक्का/किसमिस

३) चेतना नभएको/बेहोस

५) महाभारतका प्रसिद्ध राजा पाण्डुकी रानी

६) विरोधी पक्ष/विपक्ष

८) लाखौं रूपैयाँको सम्पत्ति भएको व्यक्ति/ठूलो धनाढ्य

१०) अक्षर लेख्नका लागि बनाइएको कालो र पातलो काठको फ्रेम भएको ढुङ्गाको पाटी

११) रामायणमा वर्णित रानी कैकेयीका छोरा

१२) शुक्लपक्ष वा कृष्णपक्षको पहिलो तिथि/परेवा

१५) ज्यादै ठूलो/भीषण/उग्र/प्रचण्ड

१७) भित्र कुनै सार नभएको र बाहिर चाहिं बढाइचढाइ गरिएको फोस्रो कुरो

१८) राष्ट्र सम्बन्धी/राष्ट्रको

१९) पानीको बर्साइ/वृष्टि/झरी

### ठाडो

२) आफ्नो पांच पुस्तापछिको पुरूष सन्तति/जनातिको छोरो

३) कुनै संस्था, कम्पनी, समिति, सभा संसद् आदिको प्रमुख

४) पानी भएको वा पानी जस्तो/पन्यालो/झोले

५) छाँट नमिलेको/बेढङ्गको/विरूप

७) दर्जा वा पद पाउनका निम्ति अत्यन्त लोभ गर्ने/पदको लोभी

९) खतराले भरिएको/भयंकर डरलाग्दो

१३) होम गर्दा डढेको चरूहरूको कालो टिको

१४) बाल्न योग्य काठ

१५) आफ्नो अस्तित्व समेत खत्तम हुनेगरी अर्कामा मिल्ने काम/लीन हुने काम

१६) रघुकुलमा जन्मेकोले रामलाई यसरी पनि सम्बोधन गरिन्छ

## आयुर्वेद बेसारः महिमा अपार

खानेकुरा पकाउंदा अरू मसला कुनै राख्नुपर्ने हुन्छ भने कुनै राख्नु नपर्ने हुन्छ, तर बेसार भने जुनसुकै खानेकुरा पकाउँदा पनि राख्ने नै गरिन्छ । यो कुराले नै पुष्टि गर्छ कि बेसार मुख्य मसला हो । तर बेसार मसला मात्र भने हैन । यो औषधि बनाउन पनि प्रयोग गर्न सकिन्छ । आयुर्वेदिक चिकित्सापद्धतिमा बेसारलाई रूचि बढाउन, तागत बढाउन र रगत सफा गर्न पनि प्रयोग गरिन्छ । यसलाई प्रयोग गर्न जानेमा हामी घरैमा औषधि बनाएर पनि प्रयो ग गर्न सक्छौं ।

१) सामान्य सर्दीले छोयो भने एक गिलास दूधमा एक सानो चम्चा बेसार मिसाएर दिनको एकपल्ट तीन दिनसम्म पिउनुपर्छ, फाइदा हुन्छ ।

२) नाक बन्द हुनु भनेको रूघा बिग्रेको एक रूप हो । त्यसो भयोभने एक चम्चा भन्दा केही बढी बेसार २५० ग्राम पानीमा राखेर उमाल्नुस् । अनि गलगला (घाँटी कुल्ला) गर्नुस् । यसो गर्दा 'ड्राइ' भइरहेको कफ पग्लेर आउँछ ।

३) 'चरक संहिता' मा बेसारलाई "कृतिघ्ना" अर्थात् कीरालाई मार्ने भनिएको छ । ५ ग्राम बेसार र ५ ग्राम धूलो नून मिसाएर फांको हाल्नुस् अनि पानी पिउनुस् । यसो गर्दा पेटका कीराहरू सबै मर्छन् ।

४) दाह्री बनाइसकेपछि पानीमा बेसार अलिकति हालेर दल्नुस् । यसले एन्टीसेप्टिकको काम गर्छ र अनुहारको छाला पनि नरम हुन्छ ।


५) एक कप चियामा एक चिम्टी बेसार मिसाई पिउनुस् । यसले टाउको दुखेको र ढाड दुखेको निको पार्छ ।

६) घाउ लागेर रगत आइरहेको छ भने बेसार र चून मिसाएर लगाइदिनुस्, रगत बन्द हुन्छ ।

७) बेसार र बिरेनुन समान मात्रामा लिएर फांको हाल्नुस् अनि पानी पिउनुस् । यसले पेटमा भएको वायु बाहिर निस्कन्छ ।

**नियमः** शब्दखेल, अन्ताक्षरी, सुडोकु र सामान्यज्ञानको सही समाधान पठाउनुहुने पाठकमध्ये प्रत्येकका एक/एक विजेताले **रू.१,००० पुरस्कार** पाउनुहुनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० पुस २०६६** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, पाटनढोका, पो.ब.नं. १६६, ललितपुर ।

## अन्ताक्षरी-१४




**नामः** — — — — — — —

**ठेगानाः** — — — — — — —

१) डाढस दिने क्रिया-प्रक्रिया (५)
२) कुल परम्पराबाट पुजिँदै आएका आराध्य देवता (५)
३) तन्त्रशास्त्र जान्ने व्यक्ति (३)
४) शरीर निरोगी र हृष्टपुष्ट पार्नलाई गरिने अभ्यास/व्यायाम (४)
५) असामी र साहूका बीचको लेनदेनसम्बन्धी प्रमाणको लिखत (४)
६) चिप्रा/फोहोर/मैला (३)
७) जनकपुर अञ्चलको एक पहाडी जिल्ला (४)
८) पछुतो/पछितो/थकथकी (४)
९) परिवर्तन हुन वा गर्न योग्य/हेरफेर गर्न लायक (६)
१०) हुन सकेसम्म/भ्याएसम्म/भरसक/हुनेसम्म (५)
११) वनभात/वनभतेर (४)
१२) जनताबाट प्राप्त हुने श्रमको दान (६)
१३) नराम्रो/खराब/अरूचिकर (३)
१४) पाठेघर/गर्भाशय/गर्भस्थली (२)
१५) अर्काको मत, सिद्धान्त वा कुरा काट्ने काम/प्रतिवाद (३)

## शब्दखेल-१२ को सही उत्तर

ठाडोः १. मठ २. नगर ३. मीन ४. हार ६. मखन ७. परस्पर ८. लय ९. सियो १२. किलास १३. रामायण १६. खल १७. अमिलो १८. लव २१. रूकुम २२. मल २३. कम २४. याम

तेर्सोः १. महानवमी ४. हानी ५. नमस्कार ७. परल १०. दर ११. यकिन १३. रायो १४. स्पर्श १५. तामा १६. खर १७. असल १९. यन्त्र २०. वरूण २२. मर्त्यलोक २५. कल २६. महामहिम

## अन्ताक्षरी-१२ को सही उत्तर

१. घुमघाम २. मलमल ३. लबालब ४. बढाबढ ५. ढलमल ६. लम्पसार ७. रक्तचन्दन ८. नवयुवती ९. तीनछक १०. करकाप ११. पराधीन १२. नमकिन १३. नजिक १४. कलाकार १५. रनभुल्ल

## पुरस्कार विजेताहरू

**शब्दखेल-१२** को सही समाधान पठाउने २५ सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *टेकबहादुर चौहान,* महेन्द्रोदय मावि, बोया-४, भोजपुर ।

**अन्ताक्षरी-१२** को सही समाधान पठाउने ११ सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *हेमराज पन्त,* वैजनाथ मावि, मौरडा, डडेल्धुरा ।

**सुडोकु-१२** को सही समाधान पठाउने ७ सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *कृष्णबहादुर लिम्बु 'कमल',* कुरूलेतेनपुता बन्दुके डाँडा, धनकुटा ।

**सामान्यज्ञान-१२** को सही समाधान पठाउने एक मात्र सहभागी तथा पुरस्कार विजेताः *सान्ध्या घिमिरे,* लामाटार, ललितपुर ।

विजेताहरूलाई बधाई !






प्रकाशित भयो ! प्रकाशित भयो !! प्रकाशित भयो !!!
My Social Studies
Our Social Studies
Mathematics
नेपाल सरकार शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमीबाट तयार पारिएको अंग्रेजीमा अनुवादित
नयाँ संस्करणका कक्षा १ देखि कक्षा १० सम्मका सम्पूर्ण विषयका
पाठ्यपुस्तकहरु बजारमा आइसकेको
कुरा सबै अभिभावक र विद्यार्थी वर्गमा
अनुरोध गर्दछौं ।
NSPK
नेपाल साहित्य प्रकाशन केन्द्र
इमेल: nspk@mail.com.np




तपाईं जहाँ भएपनि...
नेपाल एफ.एम नेटवर्क
Nepal FM 91.8
N
तपाईंको रेडियोसेटमा......
मेचीदेखि कालापानीसम्म
कञ्चनपुरदेखि कञ्चनजङ्घासम्म
र, इन्टरनेटमा......
www.nepalfmnetwork.com
www.mazzako.com मार्फत संसारैभरि
विस्तृत जानकारीका लागि = नेपाल एफएम 91.8, रविभवन काठमाडौं
radio@nepalfmnetwork.com

## सुडोकु–१४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | | | | ८ | | |
| | ७ | | ३ | १ | | | ९ | |
| ३ | | | | ४ | ५ | | | ७ |
| | ९ | | ७ | | | ५ | | |
| | ४ | २ | | ५ | | १ | ३ | |
| | | ३ | | | ९ | | ४ | |
| २ | | | ५ | ७ | | | | ४ |
| | ३ | | | ९ | १ | | ६ | |
| | | ४ | | | | ३ | | |

नाम: _ _ _ _ _ _ _ _ _ _

ठेगाना: _ _ _ _ _ _ _ _ _ _

## सुडोकु–१२ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ८ | ६ | १ | २ | ३ | ५ | ७ | ९ |
| ९ | ३ | ७ | ८ | ५ | ६ | १ | ४ | २ |
| २ | ५ | १ | ९ | ७ | ४ | ३ | ८ | ६ |
| ६ | ४ | ९ | ३ | ८ | २ | ७ | १ | ५ |
| ५ | १ | ३ | ४ | ६ | ७ | २ | ९ | ८ |
| ८ | ७ | २ | ५ | १ | ९ | ६ | ३ | ४ |
| ७ | ९ | ५ | ६ | ३ | ८ | ४ | २ | १ |
| ३ | ६ | ४ | २ | ९ | १ | ८ | ५ | ७ |
| १ | २ | ८ | ७ | ४ | ५ | ९ | ६ | ३ |

## सामान्यज्ञान–१४

१. राजधानी उपत्यका मूलतः नेवार समुदायको बसोबासस्थल मानिन्छ । पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्यामध्ये नेवार समुदायको उपस्थिति कति प्रतिशत छ ?

२. जुन जीव वा वनस्पतिको वैज्ञानिक नामका पछाडि *नेपालेन्सिस* अथवा *नेपालेन्स* लागेको हुन्छ, त्यो जीव वा वनस्पति; या त नेपालमा मात्रै पाइन्छ या नेपालसँग त्यसको विशेष नाता गाँसिएको छ भन्ने बुझिन्छ । अब भन्नुस्, अनुमानतः यस्ता कति जीव या वनस्पतिको नामसँग *नेपालेन्सिस* वा *नेपालेन्स* जोडिएको छ ?

३. नेपालमा हाल कति सालमा बनेको शिक्षा ऐन प्रचलनमा छ ?

४. नेपालमा राप्ती नाम गरेका दुईवटा नदी छन् । ती कुन-कुन अञ्चल र जिल्ला भएर बग्छन् ?

५. राजनीतिक सन्दर्भमा 'बोल्सेविक' (Bolshevik) शब्द प्रशस्त मात्रामा प्रयोग हुने गर्छ । अब भन्नुस्, यो शब्दको अर्थ के हो ?

### सामान्यज्ञान–१२ को सही उत्तर

१. Educatun ल्याटिन भाषाको शब्द हो । E+Duco । यहाँ E को अर्थ भित्रबाट र duco को अर्थ अघि बढ्नुहुन्छ । एजुकेशन = शिक्षा, भित्री रूपमा अघि बढ्नु ।

२. हामीलाई कर्णप्रिय लागेका कारण केही चराहरूको आवाजलाई हामीले गीतको संज्ञा दिएका हौं । यथार्थमा चराहरूले आपसमा संवाद-संचारण गर्नका निम्ति आवाज निकाल्ने गर्छन्, जसलाई हामी गीत गाएको ठान्छौं । हो, केही चराहरूले अरूको आवाज/स्वरको नक्कल गर्न सक्छन् । सुगा/मैनाले कुनै गीत सुनेर त्यसको नक्कल गरेको अवस्थामा चाहिँ तिनले गीतै गाएको भन्न मिल्छ ।

३. CFL (सीएफएल) को पूर्ण रूपः Compact Fluorescent Light.

४. अङ्ग्रेजी भाषामा ४ लाख ५० हजारभन्दा बढी शब्द भएको अनुमान छ ।

५. रवीन्द्रनाथ टैगोर, दलाई लामा र मदर टेरेसा ।

# स्कूल समुदायलाई नै दिनुपर्छ


प्रमोद आयाम

**पुरनबहादुर जोशी**
प्रअ, आधुनिक राष्ट्रिय मावि, हेटौंडा

**तपाईंको विचारमा शिक्षण पेसा के हो ?**

मैले पढाउन थालेको ३० वर्ष भयो । यो अवधिमा मैले शिक्षण पेसालाई समाजप्रति समर्पित एउटा सेवामूलक पेसाको रूपमा बुझेको छु ।

**अरू पेसामा नलागेर किन शिक्षक नै बन्नुभयो ?**

बुबा भारतीय सेनामा भएकाले मैले भारतमा शिक्षा हासिल गर्ने अवसर पाएँ र त्यहाँ धेरै शैक्षिक संघ-संस्थामा संलग्न पनि रहेँ । त्यसैले मलाई शिक्षण पेसामा प्रवेश गरायो ।

**शिक्षकको रूपमा तपाईंको सबल पक्ष के हो ?**

कुनै काम आँटेपछि त्यसलाई जसरी पनि पूरा गरेरै छाड्छु । यो नै मेरो सबल पक्ष हो जस्तो लाग्छ । म कलेज पढ्दा गुरुहरूले भन्नुहुन्थ्यो, "लक्ष्य निर्धारण गरेको काम पूरा गर्न अटुट इच्छाशक्ति आवश्यक पर्छ ।" यही भावनाबाट म शिक्षण पेसामा निरन्तर क्रियाशील छु ।

**तपाईंका कमजोरी पनि त होलान् नि ?**

कमजोरी नभएका त मान्छे नै हुँदैनन् । ममा पनि कमजोरी छन् । आँटेका काम पूरा नहुँदा अलि निराश हुनु सायद मेरो कमजोरी हो । तर, म निराश भएर त्यसै बस्दिनँ । फेरि नयाँ जोश र जाँगरका साथ काम थाल्छु र त्यसलाई पूरा गर्ने कोसिस पनि गर्छु ।

**हेडमास्टर भएपछि स्कूल सुधार्न के-के गर्नुभयो ?**

२०५६ सालमा प्रअ भएपछि समन्वयात्मक ढङ्गले काम गर्ने परम्पराको थालनी गरेँ । त्यसपछि स्कूलको 'रिजल्ट' पनि उकालो लाग्यो । एसएलसी नतिजा नै ९८ प्रतिशतसम्म पुगेको छ ।

**शिक्षक बनेर जीवनमा के पाउनुभयो ?**

शिक्षक बनेर धेरै कुरा पाएको छु । तीमध्ये सबैभन्दा महत्त्वपूर्ण चाहिँ सामाजिक पहिचान हो । यो पेसाले मलाई समाजमा चिनारी दिएको छ । आज म जुन स्थानमा छु, यो सबै शिक्षण पेसाकै देन हो ।

**शिक्षक भएर केही गुमाए जस्तो लाग्छ ?**

निष्ठापूर्वक काम गरेमा गुमाउने कुरा केही पनि हुँदोरहेनछ भन्ने अनुभूति भएको छ, बरु दिन सकिन्छ ।

**पेसाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

एकदमै सन्तुष्ट छु । शिक्षणभन्दा सम्मानित पेसा अर्को केही छैन ।

**सार्वजनिक स्कूलको पठनपाठन कसरी सुधार्न सकिन्छ ?**

सरकारी स्कूलको पढाइ सुधार्ने काममा सबैभन्दा महत्त्वपूर्ण भूमिका हेडमास्टरकै हुन्छ । प्रअले आफ्नो जिम्मेवारी पूरा गर्न छाडेपछि स्कूलका दुर्दिन सुरु हुन्छन् । त्यसैले प्रअले इमानदारीपूर्वक काम गर्नुपर्छ । हेडमास्टरले स्कूलका शिक्षकसँग समन्वय गरेर अघि बढ्नुपर्छ ।

**तपाईंको विचारमा असल शिक्षकमा हुनुपर्ने पेसागत गुण के हुन् ?**

असल शिक्षकमा नभई नहुने पहिलो गुण हो- अनुशासन । विद्यार्थीलाई अनुशासनमा राख्नुअघि शिक्षक आफू अनुशासित हुनुपर्छ । पेसाप्रति सधैँ वफादार रहनुपर्छ । आफूले राम्रो काम गरेर देखाउनुपर्छ । यसबाट शिक्षण पेसालाई नै मर्यादित बनाउन सहयोग पुग्छ । शिक्षकले विद्यार्थीसँग लचिलो र बेलाबेलामा कठोर हुन पनि जान्नुपर्छ ।

**स्कूलमा अनुशासन कायम राख्न छडीको प्रयोग कत्तिको गर्नुभयो ?**

हुन त मनोवैज्ञानिक तवरले विद्यार्थीलाई नियन्त्रण गर्नुपर्छ भनिन्छ । तर, हाम्रो देशमा मनोवैज्ञानिक ढङ्गले मात्रै अनुशासन कायम गर्न सकिँदैन । सुरुमा सम्झाउने हो, सम्झाउँदा मानेनन् भने दुई/चार थप्पड लगाउनै पर्छ । फेरि केही अभिभावकले पनि छोराछोरी नपिटी तह लाग्दैनन् भन्छन् । यसको अर्थ शिक्षकले विद्यार्थीलाई माया नगर्ने भन्ने चाहिँ होइन ।

**शिक्षण पेसामा आउन चाहनेका लागि तपाईंको के सुझाव छ ?**

राम्रो शिक्षक बन्ने अठोट गर्नुस् । शिक्षण नै सामाजिक सेवाको भरपर्दो माध्यम हो । यो जत्तिको सम्मानित र मर्यादित पेसा अरू छैन । मुलुकको विकासमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ ।

**शिक्षकले राजनीति गर्नु हुन्छ कि हुँदैन ?**

शिक्षक राजनीतिबाट पूरै अलग रहन सक्दैन । तर, राजनीतिको नाममा स्कूलको पठनपाठन बर्बाद पार्ने र शिक्षकबीच गुटबन्दी गर्ने परिपाटीचाहिँ एकदमै गलत हो ।

**स्कूल समुदायमा हस्तान्तरण गर्ने सरकारी नीतिका बारेमा के भन्नुहुन्छ ?**

स्कूल व्यवस्थापनमा जबसम्म अभिभावक/समुदाय सक्रिय हुँदैन, तबसम्म स्कूल सुदृढ हुन सक्दैन । विद्यालय समुदायमा हस्तान्तरण हुँदा नै व्यवस्थापन चुस्त हुन्छ । यसको सफल उदाहरण मेरै स्कूल बनेको छ । शिक्षकका पेसागत संस्थाले समुदायमा विद्यालय हस्तान्तरण गर्ने सरकारी नीतिको विरोध गरेर यसलाई राजनीतिक मुद्दा मात्रै बनाइरहेका छन् ।


**प्रमोद आयाम**

# हिमाल किताबका केही प्रकाशनहरू

## मैले देखेको नेपाल

*हर्क गुरुङ*

सन् २००७, पृष्ठ xx+३०८, रु. २७५/




**नेपालका कुना-कन्दरा,** पहाड-पर्वत, भावर र दून पैदल हिँडेरै पुग्ने थोरै नेपालीहरूमा पर्छन् हर्क गुरुङ। हिँड्नु त एउटा पहाडी गाउँमा जन्मेका उनको बाल्यकालको नियति नै थियो। तर विदेशमा पढेर आएपछि पनि उनले नेपाल यात्रालाई आफ्नो पहिलो प्राथमिकता बनाए। सन् १९६३ देखि १९७८ का अवधिमा कहिले सोद्देश्य र कहिले खाँट्टी घुमक्कडीका हिसाबले उडेर, गुडेर र धेरैजसो चाहिँ हिँडेरै गरिएका यी यात्राहरूबाट उनका चिन्तनधारामा परेका छाप उनका लेखाइ, विश्लेषण र उनले कोरेका मुलुकका योजनाहरूमा अभिव्यक्त भएका पाइन्छन्। यस पुस्तकमा समेटिएका आलेखहरू सामान्य यात्रा वृत्तान्त मात्र नभई नेपालको भौतिक भूगोल र सामाजिक सांस्कृतिक परिवेशबारे एक विलक्षण विद्वान्का गहन टिप्पणीहरू हुन्।

• • •

## विषय विविध

*हर्क गुरुङ*

सन् २००६, पृष्ठ xiv+२७६, रु. ३२५/




**हर्क गुरुङको** नामसित एकभन्दा बढी विशेषण जोडिएका थिए। भूगोलविद्, योजनाकार, समाजशास्त्री, राजनीतिज्ञ, चिन्तक, प्रशासक, लेखक, पदयात्री, पर्वत विशेषज्ञ, चित्रकार, फोटोग्राफर, खेलाडी, मन्त्री आदि अनेक चिनारी थियो हर्क गुरुङको। हर्क गुरुङका रमाइला यात्रा-कथा, मार्मिक संस्मरण, घतलाग्दा विचार, तीक्ष्ण विश्लेषण तथा ठोस अवधारणाहरू सङ्कलित *विषय विविध* लाई सही अर्थमा उहाँका प्रतिनिधि लेख-रचनाहरूको सँगालो भन्न सकिन्छ।


• • •


## नेपाल : हिन्दू अधिराज्यको इतिहास

*सिल्भाँ लेभी*

सन् २००५, पृष्ठ xxxiv+२६०, रु. ४००/-
(पहिलो खण्ड)

सन् २००७, पृष्ठ vii+२७८, रु. २७५/-
(दोस्रो खण्ड)




**सिल्भाँ लेभी** पूर्वीय संस्कृति र इतिहासका ख्यातिप्राप्त फ्रान्सेली विद्वान् हुन्। उनी सबभन्दा पहिले सन् १८९८ मा नेपाल आएका थिए। उनको नेपाल बसाइको अवधि दुई महिना मात्र थियो, त्यो पनि काठमाडौँ उपत्यकामा सीमित। बसाइ छोटो अवधिको भए पनि उनको अध्ययन र अनुसन्धान गहन थियो। त्यसैको परिणामस्वरूप सन् १९०५ मा यो विशद कृति तीन भागमा प्रकाशित भयो। इतिहास भनेको शासकहरूको वंशावली र स्तुति मात्र होइन भन्ने मान्यता राख्ने सिल्भाँ लेभीको यस कृतिलाई एक शताब्दीअघिको नेपालको सांस्कृतिक-राजनीतिक अवस्थाको विद्वतापूर्ण विश्लेषण मानिन्छ।

हिमाल किताब — बजारमा सर्वत्र उपलब्ध छ।

किताब पाटनढोका, ललितपुर, फोन नं. ५५४२५४४/२१२०३२१

Salary Solution
किष्ट उद्यमशील कर्जा

# Do you:

- Pay salary in cash?
- Intend to reduce salary disbursement burden?
- Keep your cash idly in cash box?
- Struggle, sometimes, in managing fund for salary disbursement?

If Yes. Then, you need Kist Salary Solutions, an extension of Kist Udyamshil Karza.

- Facility exclusively for schools and colleges with overdraft facility
- Staffs of schools and colleges can open savings accounts with zero balance and Interest Rate of 6.25% p.a. on daily balance
- Free ABBS facility and Debit Card

व्यबसाय बढाउने उर्जा किष्ट उद्यमशील कर्जा ।

Anamnagar: 4232500
Sukedhara: 4650509
Itahari: 587066
Birtamode: 543245
Tinkune: 4498767
Durbarmarg: 4223044
Birgunj: 530502

Butwal: 543428
Nepalgunj: 527601
Damauli: 561803
Bagar: 532914
Sinamangal: 4499896
Janakpur: 527938
Mangal Bazar: 5552269

Pokhara: 524044
Biratnagar: 440356
Bhairahawa: 527323
Banepa: 660948
Dharan: 533401
Bhaisepati: 5592787
Palpa: 522731

Lalitpur: 5533644
Manigram: 560239
Khaireni: 577533
Narayanghat: 533526
Tandi: 563006
Khichapokhari: 4457509

Newroad: 4233713
Guleriya:421171
Damak: 543245
Dolakha: 421847
Bhaktapur: 6619389
Jorpati: 2044004

KIST BANK
POWER TO SUCCEED

Head Office: Kist Building, Anamnagar, Kathmandu, Post Box No.: 8975 E.P.C. No. 5157, Phone No.: +977-1-4232500, Fax No.: +977-1-4229588, E-Mail: info@kistbank.com

www.kistbank.com